गीतामा के छ?



४.५९२४
२३५गी

डा. मतिप्रसाद ढकाल

eureka
PUBLICATION

गीतामा के छ?

डा. मतिप्रसाद ढकाल

eureka
PUBLICATION

दिल्लीरमण-कल्याणी रेग्मी स्मारक पुस्तकालय
Dilliraman-Kalyani Regmi Memorial Library
काठमाडौं, नेपाल
१८८३८

गीतामा के छ ?

(गीतापरक निबन्धसङ्ग्रह)

294.5924
ढ 535गी

© डा. मतिप्रसाद ढकाल

प्रकाशक

यूरेका पब्लिकेशन प्रा.लि.

घट्टेकुलो, काठमाडौं

फोनः ९८५१२३९६५१/९८४१३१६१५४

Email : publicationeureka@gmil.com

संस्करण : पहिलो, २०७५

ISBN : 978-9937-708-28-9

यस पुस्तकको कुनै अंश वा पूरै पुस्तक कुनै पनि माध्यमद्वारा पुनरुत्पादन वा फोटोकपी गर्न पाइने छैन ।

गीता पढ्ने प्रयास

सानैमा संस्कृत पढ्ने क्रममा ब्राह्मण बटुक भनेर श्रद्धापूर्वक धेरैले सानो पुस्तक दान दिने गर्थे तर त्यतिबेला 'गीता पढ्दा बहुलाइन्छ' भन्ने सुनेर गीता पढ्ने साहस गर्न सकिएन । पछि नेपाली एमए पढ्ने बेला गीताको दोस्रो अध्याय पाठ्यक्रममा राखिएकाले करले गीताको निर्धारित पाठ्यांशको अनुवाद पढे पनि पूरै गीता पढ्ने अवसर प्राप्त भएन । गुरु नथापीकन गरिएको अध्ययन जारको गर्भधारण गरेकी स्त्रीझैँ सदैव लज्जित र शङ्कास्पद हुन्छ भन्ने ठान्दाठान्दै गीता नपढीकन जीवनको पहारिलो घाम अस्ताउने भयो भन्ने चिन्ताले मलाई पिरोल्न थाल्यो । फलस्वरूप अघिल्लो वर्षको दसैंको महानवमीका दिन मैले गीताको स्वाध्ययन प्रारम्भ गरेँ । प्रत्येक अध्यायको सारांश ग्रहण गरेर लेख्दै जाँदा एकएकवटा निबन्धहरू तयार हुँदै गए । 'व्यये कृते वर्द्धत एव नित्यम्' अर्थात् आफूले गरेको अध्ययन जति धेरैजनालाई बाँड्न सक्यो आफ्नो ज्ञान पनि त्यति नै धेरै बढ्छ भन्ने ठानेर यसरी तयार भएका निबन्धहरूलाई स्थानीय चितवन पोष्ट दैनिक पत्रिकामा दिएपछि ती निबन्धहरू 'गीता चिन्तन' स्तम्भमा प्रत्येक बुधबार प्रकाशित हुँदै गए र पाठकहरूले पढेर मलाई लेखिरहन प्रेरित गरिरहेकाले गीताका अठारवटै

दिल्लीरमण-कल्याणी रेग्मी स्मारक पुस्तकालय
Dilliraman-Kalyani Regmi Memorial Library
काठमाडौं, नेपाल

१८८३८

गीतामा के छ ?

(गीतापरक निबन्धसङ्ग्रह)

२९४.५९२४
ढ५३५गी

© डा. मतिप्रसाद ढकाल

प्रकाशक
यूरेका पब्लिकेशन प्रा.लि.
घट्टेकुलो, काठमाडौँ
फोनः ९८५१२३९६५१/९८४१३१६१५४
Email : publicationeureka@gmil.com

संस्करण : पहिलो, २०७५

ISBN : 978-9937-708-28-9

यस पुस्तकको कुनै अंश वा पूरै पुस्तक कुनै पनि माध्यमद्वारा पुनरुत्पादन वा फोटोकपी गर्न पाइने छैन ।

गीता पढ्ने प्रयास

सानैमा संस्कृत पढ्ने क्रममा ब्राह्मण बटुक भनेर श्रद्धापूर्वक धेरैले सानो पुस्तक दान दिने गर्थे तर त्यतिबेला 'गीता पढ्दा बहुलाइन्छ' भन्ने सुनेर गीता पढ्ने साहस गर्न सकिएन । पछि नेपाली एमए पढ्ने बेला गीताको दोस्रो अध्याय पाठ्यक्रममा राखिएकाले करले गीताको निर्धारित पाठ्यांशको अनुवाद पढे पनि पूरै गीता पढ्ने अवसर प्राप्त भएन । गुरु नथापीकन गरिएको अध्ययन जारको गर्भधारण गरेकी स्त्रीझैं सदैव लज्जित र शङ्कास्पद हुन्छ भन्ने ठान्दाठान्दै गीता नपढीकन जीवनको पहारिलो घाम अस्ताउने भयो भन्ने चिन्ताले मलाई पिरोल्न थाल्यो । फलस्वरूप अघिल्लो वर्षको दसैंको महानवमीका दिन मैले गीताको स्वाध्ययन प्रारम्भ गरेँ । प्रत्येक अध्यायको सारांश ग्रहण गरेर लेख्दै जाँदा एकएकवटा निबन्धहरू तयार हुँदै गए । 'व्यये कृते वर्द्धत एव नित्यम्' अर्थात् आफूले गरेको अध्ययन जति धेरैजनालाई बाँड्न सक्यो आफ्नो ज्ञान पनि त्यति नै धेरै बढ्छ भन्ने ठानेर यसरी तयार भएका निबन्धहरूलाई स्थानीय चितवन पोष्ट दैनिक पत्रिकामा दिएपछि ती निबन्धहरू 'गीता चिन्तन' स्तम्भमा प्रत्येक बुधबार प्रकाशित हुँदै गए र पाठकहरूले पढेर मलाई लेखिरहन प्रेरित गरिरहेकाले गीताका अठारवटै

अध्यायका बारेमा सारांशस्वरूपका यी निबन्धहरू तयार हुन पुगेका हुन् ।

श्रीमद्भगवद्गीता महाभारतको भीष्मपर्वबाट साभार गरिएको हो । गीताका बारेमा हालसम्म विभिन्न भाषामा प्रशस्त अध्ययन, अनुसन्धान र विश्लेषणहरू भइसकेका छन् भने वर्तमानमा मात्र होइन भविष्यमा समेत यो क्रम जारी नै रहिरहने छ । दिनानुदिन व्यस्त बन्दै गएको वर्तमान परिवेशमा पाठकहरूले छोटाछोटा निबन्धहरू पढ्ने फुर्सद त अवश्य पनि निकाल्न सक्लान् र गीता पढ्दा बहुलाएका मान्छेहरू पनि निको हुन सक्ता रहेछन् भन्ने वास्तविकताको अनुभूति गर्लान् भनेर गीता पढ्ने यस प्रयासको थालनी गरिएको हो ।

गीताको प्रारम्भिक अध्ययनमा आधारित यो सानो पुस्तिका तयार भएर एकवर्षदेखि त्यसै थन्किएको थियो । साङ्ग्रिला प्रकाशनका मित्र मणि शर्माले यसलाई सबै नेपाली पाठकका सामु पुऱ्याउने चाहना राखेर प्रकाशनको जिम्मेवारी वहन गर्नुभएकामा उहाँप्रति कृतज्ञतापूर्वक हार्दिक आभार व्यक्त गर्दछु । यसलाई मन पराएर रचनात्मक सुझाउहरू प्रदान गर्न पाठकहरू अग्रसर हुनुभयो भने यथासम्भव छिटै महाभारत चिन्तनसम्बन्धी कृति पनि यसरी नै पाठकहरूसमक्ष प्रस्तुत गर्ने प्रतिबद्धता व्यक्त गर्दछु ।

२०७४ पुस ८ — डा. मतिप्रसाद ढकाल

गैंडाकोट-१, नवलपरासी

विषय-सूची

युद्धको दुष्परिणाम	९
कर्मवाद	१३
कर्तव्यको पालना	२१
ज्ञान नै सर्वश्रेष्ठ	२६
समदर्शी	३२
आत्मसंयम	३६
ज्ञान र विज्ञान	४२
परमधाम कि पुनर्जन्म ?	४८
योगक्षेम	५३
ईश्वरीय शक्ति	५९
ईश्वरको दर्शन	६३
भक्तियोग	६९
शरीर र आत्मा	७३
त्रिगुणातीत यात्रा	७७
परमधाम	८१
दैवी र आसुरी भाव	८५
तीन किसिमका श्रद्धा	९०
त्याग र सन्न्यास	९४

युद्धको दुष्परिणाम

परस्पर विरोधी दुवै पक्षका बीचमा एकले अर्कालाई दमन गर्ने, हराउने, मार्ने आदि उद्देश्यले गरिने आक्रमण वा लडाइँलाई नै युद्ध भनेर चिन्ने गरिन्छ । दोमन या दोधारमा पर्दा प्रत्येक व्यक्तिका मनमा पनि युद्ध चलिरहेकै हुन्छ । परस्परका भावनाहरू नमिल्दा एउटै शरीरजस्ता मानिएका श्रीमान् र श्रीमतीका बीचमा झगडा भएको पनि देखिएकै छ । दाजुभाइ, दिदीबहिनी, छोराछोरी आदिमा समेत ससाना कुरामा झगडा हुने गर्छ । पारिवारिक रूपमा देखिने त्यस्ता ससाना झगडाहरूलाई यथासमयमै समाधान गर्ने प्रयत्न गरिएन भने त्यसको असर परिवारमा मात्र होइन समाज, देश र विश्वमा समेत फैलिँदै गएर त्यसले एकदिन युद्धकै रूप लिनसक्छ । त्यसैले पारिवारिक झगडा नै युद्धको बीउ भएकाले त्यसलाई यथासमयमै समाधान गर्ने विषयमा बेवास्ता गरिनु हुँदैन ।

महाभारतको युद्ध पारिवारिक झगडाबाट नै प्रारम्भ भएको हो । कौरव र पाण्डव दुवै पक्ष युद्ध गर्ने आकाङ्क्षाले युद्धमैदानमा एकत्रित भएपछि सत्तापक्षी कौरवका ज्येष्ठ र श्रेष्ठ ठानिएका भीष्मपितामहले सर्वप्रथम युद्धको शङ्खघोष गरेका हुन् । त्यसपछि श्रीकृष्ण र अर्जुनले पनि युद्धको

शङ्खघोष गरे । युद्धाकाङ्क्षी सबैको अनुहार हेर्नका लागि अर्जुनकै अनुरोधमा सारथि श्रीकृष्णले आफू चढेको रथ दुवै सेनाहरूका बीचमा खडा गरे । दुवैतर्फ आफ्ना हजुरबुबाहरू, काकाहरू, गुरुहरू, मामाहरू, भाइहरू, छोरानातिहरू, साथीहरू, ससुराहरूलगायतका सम्पूर्ण इष्टमित्रहरूलाई देखेर करुणाले द्रवीभूत भई अर्जुनले दुःख व्यक्त गर्न थाले । उनका सबै अङ्गहरू शिथिल भए, मुख सुक्यो, शरीर काँप्यो, हातबाट धनु खस्न थाल्यो र उभिरहने सामर्थ्य पनि उनमा रहेन । युद्धमा आफ्ना इष्टमित्रहरूलाई मारेर कल्याण हुँदैन भन्ने उनलाई लाग्यो । यसरी एउटा वीर योद्धा अर्जुनले आफूले यस्तो अवस्थामा विजय, राज्य र सुखको चाहना राख्न सकेनन् । त्यस्तो विजय, भोग र जीवनको कुनै प्रयोजन र लाभ पनि छैन भन्ने अवस्थामा उनी पुगे ।

आफ्नै दाजुभाइहरूलाई मारेर आफू कसरी सुखी हुनसक्छु र ? भनेर अर्जुनले आफूलाई युद्धका लागि अयोग्य ठहऱ्याउन पुगेका हुन् । लोभद्वारा भ्रष्टचित्त भएका यिनीहरूले कुलको विनाशबाट उत्पन्न हुने दोषलाई र मित्रसँग द्रोह गर्दा हुने पापलाई देख्दैनन् तापनि कुलको विनाशद्वारा उत्पन्न हुने दोषलाई विचार गर्ने हामीहरूले युद्धरूपी पापबाट आफूलाई पृथक् राख्नुपर्छ भन्ने प्रस्ताव अर्जुनले श्रीकृष्णसँग राखेका हुन् ।

यदि युद्ध गरियो भने त्यसले कुलको नै विनाश हुनेछ र कुलको विनाश हुँदा परापूर्व कालदेखि चलिआएको सनातन कुलधर्म नाश हुनेछ । कुलधर्म वा कुलाचारको नै विनाश भयो

भने सम्पूर्ण कुलमा पाप वा अत्याचार र अनाचार फैलिनेछ। त्यसरी जतातत्तै पापैपाप फैलिँदै गयो भने कुलका लक्ष्मी ठानिएका नारीहरू पनि पतित र दूषित हुँदै जानेछन्। त्यसरी सबै कुलस्त्रीहरू स्वधर्ममा रहन नसकी दूषित हुन पुगे भने तिनबाट वर्णसङ्कर वा ठिमाहा सन्तानहरू जन्मिनेछन्। त्यसरी तल्लो र उपल्लो जातको मिश्रणबाट जन्मिएका ठिमाहा सन्तानहरूले सबै कुलघातीलाई र आफ्नो कुललाई समेत नरकमा लैजानेछन् भने यसरी उत्पन्न भएका सन्तानले श्राद्ध र तर्पणसमेत नगरिदिने भएकाले ठिमाहाका पितृहरूले पनि अधोगति नै प्राप्त गर्नेछन्। वर्णसङ्करका दोषहरूले गर्दा नै कुलघातीहरूका शाश्वत कुलधर्महरू र जातिधर्महरू पनि नष्ट हुनेछन्।

जसको कुलधर्म नष्ट भएको छ त्यस्ता व्यक्तिहरूको अनिश्चित कालसम्म नरकमा वास हुन्छ भन्ने कुरा पनि सुन्दै आएका अर्जुनले आफू शस्त्ररहित र प्रतिकार नगर्ने अवस्थामा रहँदारहँदै धृतराष्ट्रका पुत्रहरूले आफूलाई मारे भने पनि त्यस किसिमको मरण आफ्ना लागि कल्याणकारी नै हुनेछ तर राज्य र सुखको लोभले स्वजनहरूको हत्या गर्ने युद्ध आफ्ना लागि अग्राह्य छ भनी शोकसन्तप्त भएर उनले वाणसहित धनुषलाई त्यागेर युद्धरथको पछिल्लो भागमा विश्राम लिन पुगेका हुन्। पाण्डव पक्षको युद्धको नेतृत्व गरेर युद्धमैदानमा उत्रिएका अर्जुनमा यस किसिमको विचार उत्पन्न हुनु पलायनताको पराकाष्ठा हो तापनि युद्धले निम्त्याउने दुष्परिणामका लागि गरिएको अर्जुनको यस किसिमको चिन्तनमा दूरदृष्टि छ र मानव कल्याणका निम्ति यो निकै प्रेरणादायी पनि छ।

हामीले पारिवारिक ससाना झगडालाई बेवास्ता गर्दै गएका छौं । संयुक्त परिवारहरूमा बाँच्ने संस्कारलाई हामीले नै क्रमशः तिलाञ्जलि दिँदै आएका छौं । सानो परिवारमा ससाना झगडाको आगो सल्किँदै गएको छ र त्यसलाई निभाउनुभन्दा त्यसमाथि घिउ थप्तै जान रुचाउने हाम्रो दुष्प्रवृत्तिले गर्दा साना परिवारहरू सुखी होइन दुःखी हुँदै विखण्डनको सिकार हुन बाध्य भएका छन् । हाम्रो समाजमा 'मारे पाप पाले पुण्य'को बन्धन टुट्तै गएको छ अनि छिटै विवाह र छिटै सम्बन्धविच्छेदको विकृति मौलाउँदै जान थालेको छ । शस्त्रास्त्रधारी देशका अभिभावकहरूमा आज कसरी सत्ता हत्याउने र त्यसमा आफूहरूमात्र टिकिरहने भन्ने एकाग्रता छ । सत्ताको त्यही स्वार्थान्धताले गर्दा यहाँ प्रत्यक्ष एवम् अप्रत्यक्ष रूपमा सदैव युद्धहरू चलिरहेकै छन् । धेरैजसो जनताहरूले पनि अग्रगामी हुने बहानामा त्यही अन्धो सत्ताकै गुणगान गाउँदागाउँदा आफ्नो र देशको स्वाभिमानसमेत गुमाएका छन् । रूढिवादी वा पश्चगामीको बात लागिरहे पनि केही जनताहरूले भने आफूमा अर्जुनको चिन्तन रोपेका छन् र कठिन परिस्थितिका बीचमा पनि त्यस बिरुवालाई मलजल गरी हुर्काउँदै आएका छन् । त्यही छहारीमा बसेर कुलधर्मको यथोचित संरक्षण र संरक्षण गर्न सकियो भने आगामी दिनमा हाम्रा परिवार, समाज र देशमा कुनै किसिमका युद्धहरू हुने छैनन् र युद्धले निम्त्याएका दुष्परिणामको सिकार पनि कोही हुनुपर्ने छैन ।

❑

कर्मवाद

हामी बाँच्न चाहन्छौं भने हामीले कर्म पनि अवश्य गर्नुपर्छ । नवजात शिशुले आमाको दूध चुस्नका लागि पनि कर्म नै गर्नुपर्छ भने मृत्युशय्यामा पुगेका वृद्धवृद्धाहरूले पनि सकी नसकी केही न केही कर्म गरिरहेकै हुन्छन् । त्यसैले जन्मदेखि मृत्युपर्यन्त हाम्रो जीवन कर्मविहीन हुनै सक्तैन । कर्मलाई पछ्याउने वाद नै कर्मवाद हो । आफूले गरेका राम्रा वा नराम्रा सबै कर्महरूको फल आफूले नै अवश्य भोग्नुपर्छ भनी कर्ममा विश्वास गर्नु कर्मवाद हो । आफूलाई कर्मफलको कारण नठान्न, कर्म नगर्नमा पनि प्रवृत्त नहुन र सदैव आफ्नो अधिकार कर्म गर्नमा मात्र छ भन्ने कुरामा विश्वास गर्न पनि कर्मवादले नै सिकाउँछ । कर्मवादको अनुसरण गर्ने व्यक्ति जीवनमा कहिल्यै पनि दु:खी हुनु पर्दैन ।

जानी नजानीकन हामीले कर्म त गरिरहेकै हुन्छौं तर कुन बेलामा कुन कर्म गर्ने र कुन कर्म नगर्ने ? भन्ने कुरामा हामी अनभिज्ञ हुन्छौं । हाम्रो त्यही अनभिज्ञताले गर्दा हामी दु:खसाथ कर्म गरेर पनि दु:खी नै हुनुपर्ने अवस्था आउन सक्छ र कर्म गर्दै जाँदा हामी कुकर्मको खाडलमा पनि भासिन सक्छौं । युद्धमैदानमा होमिएका अर्जुन युद्धबाट पलायन हुन खोज्दा पथप्रदर्शक वा गुरु बनेर श्रीकृष्णले

उनलाई कर्ममा प्रवृत्त हुन मार्गनिर्देश गरेका थिए । त्यसैले कर्मवादमा प्रवृत्त गराउनका लागि एउटा कुशल पथप्रदर्शक वा गुरुको आवश्यकता पर्छ ।

युद्धमैदानमा रहेका अर्जुनलाई एकाएक स्वजनमोह प्राप्त हुनु असामयिक र असान्दर्भिक थियो । त्यस्तो पलायनले अर्जुनलाई स्वर्ग पनि पुऱ्याउँदैनथ्यो र कीर्ति पनि दिँदैनथ्यो । तसर्थ आफ्नो नपुंसकता र हृदयको दुर्बलता त्यागेर युद्धका लागि प्रवृत्त हुनु नै आफ्ना लागि श्रेयस्कर छ भन्ने कुरा श्रीकृष्णका मुखबाट सुनेपछि अर्जुनले सबै पूजनीयलाई मार्ने युद्धमा प्रवृत्त हुनुभन्दा भिक्षाटन गरेर जीवन निर्वाह गर्नु उचित ठाने पनि यतिबेला युद्ध गर्नु ठीक हो कि नगर्नु ठीक हो ? त्यसको यथोचित मार्गनिर्देशन गरिदिन अर्जुनले विनयपूर्वक आफूलाई श्रीकृष्णको शिष्यत्व स्वीकार गरेका हुन् ।

शोकसन्तप्त शिष्य अर्जुनलाई गुरु श्रीकृष्णले सम्झाएर क्रमशः उनको शोक हरण गर्दै जान्छन् । जीवात्मा नाशरहित, अप्रमेय र नित्य स्वरूप छ भने शरीर नाशवान्, प्रमेय र अनित्य छ । शरीर मर्छ र मारिन्छ तर आत्मा अमर भएकाले यो आफै मर्दैन र कसैद्वारा पनि मारिँदैन । शरीर मारिए पनि आत्मा अजन्मा, नित्य, शाश्वत र पुरातन भएकाले कुनै कालमा जन्मदैन, मर्दैन र पुनर्जन्म पनि प्राप्त गर्दैन । मान्छेले पुराना लुगा त्यागेर नयाँ लुगा लगाएजस्तै आत्माले मृत शरीर छाडेर नयाँ शरीरलाई प्राप्त गर्दछ । आत्मा अच्छेद्य, अदाह्य, अक्लेद्य र अशोष्य भएकाले यसलाई कुनै शस्त्रले काट्न सक्तैन, आगाले जलाउन सक्तैन, पानीले

गलाउन सक्तैन र हावाले पनि सुकाउन सक्तैन । आत्मा नित्य, सर्वव्यापी, अचल, स्थिर, सनातन, अव्यक्त, अचिन्त्य र विकाररहित छ । जसले आत्मालाई सदैव जन्मने र मर्नेवाला ठान्दछन्, त्यस्तो स्थूलबुद्धि र अविवेकी मान्यताका आधारमा पनि जन्मेकाको मरण र मरेकाको जन्म निश्चित नै छ । सबै प्राणीहरू जन्मनुभन्दा अघि अदृश्य थिए र मरेपछि पनि अदृश्य नै रहन्छन्, केवल बीचमा पर्दाजस्तै देखापरेका मात्र हुन् । सबैका शरीरमा रहने आत्मालाई कहिल्यै मार्न सकिन्न । आत्माको अमरता र नश्वरताका दृष्टिमा मात्र होइन क्षत्रियोचित धर्मका दृष्टिले पनि कुनै शोक र मोह नगरीकन अर्जुनले युद्ध लड्नु नै श्रेयस्कर छ भन्ने मार्गनिर्देशन श्रीकृष्णले अर्जुनलाई गराएका हुन् ।

स्वधर्मोचित युद्धबाट पलायन हुने हो भने अर्जुनले चिरकालपर्यन्त आफ्नो अपकीर्ति गुन्जिएको सुनिरहनुपर्नेछ, जुन अपकीर्ति मृत्युभन्दा पनि डरलाग्दो हुनेछ । स्वधर्मोचित युद्धमा मारिएँ भने स्वर्ग पुगुँला र युद्धमा जितें भने पृथ्वीको राज्यभोग गरुँला भनेर युद्धमा प्रवृत्त हुनु अर्जुनका लागि श्रेयस्कर छ । त्यसैगरी जय र पराजय, लाभ र हानि तथा सुख र दुःखलाई समान ठानेर युद्धमा प्रवृत्त भएमा त्यसबाट प्राप्त हुने परिणामले अर्जुन निश्चय नै पापको भागी पनि बन्नुपर्ने छैन ।

कर्मवाद वा कर्मयोगमा बुद्धि दुई प्रकारका हुन्छन् : निश्चयात्मक वा स्थिरबुद्धि र अनिश्चयात्मक वा अस्थिर बुद्धि । निश्चयात्मक बुद्धि एउटै हुन्छ भने अस्थिर विचारवाला अविवेकी र सकाम व्यक्तिहरूमा रहने अनिश्चयात्मक बुद्धिहरू

अनन्त हुन्छन् । त्यस्ता भोग र ऐश्वर्यमा अन्त्यन्त आसक्त हुने व्यक्तिहरूको समाधि वा परमात्मामा लीन हुने निश्चयात्मक बुद्धि हुँदैन । त्यसैले प्रत्येक व्यक्तिको अधिकार कर्म गर्नुमा मात्र छ तर त्यस कर्मद्वारा प्राप्त हुने फलमा अधिकार छैन । यसलाई गम्भीरतापूर्वक विचार गरेर प्रत्येक व्यक्तिले आफूलाई कर्मफलको कारण ठान्नु हुँदैन भने वैराग्यपूर्वक कर्म नगर्ने विषयमा आसक्ति पनि राख्नु उपयुक्त हुँदैन । प्रत्येक व्यक्तिले कर्म नगर्ने आसक्तिलाई त्यागी सफलता वा विफलतामा समबुद्धि राखेर एकाग्र भई आफूले गर्नुपर्ने कर्महरू गरिरहनुपर्छ ।

हामीमा समबुद्धि भावनाको उदय हुनसक्यो भने हामीले गर्ने सम्पूर्ण सोद्देश्यमूलक कर्महरू अत्यन्त निम्न श्रेणीका ठहरिन्छन् । आफूलाई कर्मफलको कारण ठान्ने व्यक्तिहरू अत्यन्त दुःखी हुने भएकाले पनि हामीहरू समबुद्धिको शरणमा जानु नै श्रेयस्कर हुन्छ । समबुद्धियुक्त व्यक्तिले आफूले गरेका पाप र पुण्य दुवै प्रकारका कर्महरूलाई यसै लोकमा छाड्ने भएकाले त्यस्ता कर्महरूको बन्धनबाट उसलाई मुक्ति मिल्छ । समबुद्धिरूप योगद्वारा नै कर्महरूमा कुशलता प्राप्त गर्न सकिन्छ र त्यही योग नै कर्मबन्धनबाट मुक्त हुने सर्वोत्तम उपाय पनि हो । समबुद्धिमान् ज्ञानीहरू कर्मद्वारा प्राप्त हुने फललाई त्यागेर पुनर्जन्मरूपी बन्धनबाट मुक्त भई सजिलै परमपद प्राप्त गर्दछन् । मोहरूपी दलदलबाट पार तरेर गएपछि यस लोक र परलोकसम्बन्धी सबै किसिमका भोगहरूद्वारा वैराग्य प्राप्त हुन्छ । विभिन्न किसिमका वचनहरू सुनेर विचलित भएको हाम्रो मन जब परमात्मामा अचल र

स्थिर भएर रहन्छ तबमात्र हामीले परमात्मालाई प्राप्त गर्न सक्नेछौं ।

निश्चयात्मक बुद्धिका साथै परमात्मामा लीन भएका व्यक्तिलाई चिन्न पनि त्यति गाह्रो भने छैन । जुनबेला जसले मनमा रहेका सम्पूर्ण कामनाहरूलाई पूर्णतः त्यागिदिन्छ र आत्माद्वारा आत्मामै सन्तुष्ट भएको अनुभूति गर्दछ, त्यसबेला त्यस्तो व्यक्ति स्थिरबुद्धि वा स्थितप्रज्ञका रूपमा परिचित हुन पुग्छ । दुःखहरू आइपर्दा जसका मनमा कुनै उद्वेग हुँदैन, सुखहरूलाई प्राप्त गरेर पनि जो निस्पृह रहन्छ (दुःखमा आत्तिँदैन र सुखमा मात्तिँदैन) अनि जसका राग, भय र क्रोधहरू नष्ट भएका छन्, मुनिसरहको त्यस्तो व्यक्तिको नै बुद्धि स्थिर रहन्छ । जुन व्यक्ति सर्वत्र स्नेहरहित भएर तत् तत् शुभ र अशुभ वस्तुहरूलाई प्राप्त गरेर पनि न प्रसन्न हुन्छ न त द्वेष नै गर्छ, त्यस्ता व्यक्तिको बुद्धि पनि स्थिर नै रहन्छ । कछुवाले जसरी आफ्ना सम्पूर्ण अङ्गहरू खुम्च्याएर एकत्रित गर्छ त्यसरी नै जसले सबै विषयेन्द्रियहरूलाई खिचेर आफ्नो अधीनमा राख्न सक्छ त्यस्ता व्यक्तिको बुद्धि स्थिर रहन्छ । इन्द्रियद्वारा विषयहरूको ग्रहण नगर्ने व्यक्तिको विषय निवृत्त भए पनि त्यसमा रहने आसक्तिचाहिं निवृत्त हुँदैन तर स्थितप्रज्ञ पुरुषको आसक्ति भने परमात्माको साक्षात्कार गरेर निवृत्त हुन्छ ।

आसक्तिले सर्वनाश गर्छ । आसक्तिको अन्त्य नहुँदा जतिसुकै प्रयास गरे पनि बुद्धिमान् व्यक्तिको मनलाई समेत इन्द्रियहरूले हरण गर्न सक्छन् । त्यसैले सम्पूर्ण इन्द्रियहरूलाई वशमा राखेर ध्यानस्थ हुनु अपरिहार्य छ ।

अन्यथा विषयवासनाहरूको चिन्तन गर्ने व्यक्तिको तत् तत् विषयहरूमा आसक्ति हुन्छ । आसक्तिले विषयहरूको कामना पैदा गरिदिन्छ । हाम्रा चाहनामा कुनै बाधाव्यवधान आइपर्‍यो भने हामीमा क्रोध उत्पन्न हुन्छ । त्यसरी उत्पन्न भएको क्रोधले हामीमा जडता वा सम्मोहन पैदा गरिदिन्छ । जडताले हामीमा स्मृतिभ्रम वा सम्झनसक्ने शक्तिको ह्रास गराइदिन्छ । स्मृतिभ्रमद्वारा हामीले आर्जन गरेको सारा बुद्धि र ज्ञान नष्ट हुन पुग्छ । बुद्धिनाश हुँदा अन्ततः हाम्रो नै सर्वनाश हुन्छ ।

आफ्ना इन्द्रियहरूलाई वशमा राख्न नसक्ने व्यक्ति बाह्य रूपमा मुस्कुराएको जस्तो देखिए पनि भित्रभित्रै भने रोइरहेको हुन्छ तर जसले इन्द्रियहरूलाई आफ्ना अधीनमा राखेको छ त्यस्तो व्यक्ति भने भित्रभित्रै मुस्कुराइरहेको हुन्छ । आन्तरिक प्रसन्नता प्राप्त भएपछि सम्पूर्ण दुःखहरू हट्छन् र त्यस्ता व्यक्तिको बुद्धि पनि परमात्मामा नै स्थिर हुन पुग्छ । परन्तु मन र इन्द्रियहरूलाई नजितेका मान्छेको बुद्धि स्थिर रहन सक्तैन भने उसमा आन्तरिक भावना पनि पैदा हुन सक्तैन । भावनाहीन मान्छेलाई शान्ति मिल्दैन र शान्ति नै प्राप्त नभएका मान्छेलाई सुख पनि कहींबाट प्राप्त हुन सक्तैन ।

वास्तवमा हामी अधिकांश मान्छेहरू सांसारिक सुखरात्रिमा नै रमाउँदै आएका छौं । हामी जुन नाशवान् सांसारिक सुखको प्राप्तिमा दिनमा जाग्छौं/ब्युँझन्छौं, परमात्माको तत्त्वलाई जान्ने व्यक्तिका लागि यो रात्रिसमान हुन्छ भने हामीले जसलाई रात्रि ठान्दै आएका छौं त्यस समयमा नित्य ज्ञानस्वरूप परमात्माको प्राप्तिमा स्थितप्रज्ञहरू

जाग्दछन् । ससाना खोला र नदीहरूको जल जसरी समुद्रलाई हलचल नगराईकन समाहित हुन्छ, त्यसरी नै सबै सांसारिक भोगहरू पनि कुनै विकार उत्पन्न नगरीकन स्थितप्रज्ञ व्यक्तिमा समाहित हुन्छन् । समुद्ररूपी त्यस्तै स्थितप्रज्ञ व्यक्तिले नै परमशान्ति प्राप्त गर्दछ भने विभिन्न भोगहरूमा रमाइरहने कूपमण्डूक व्यक्ति त्यसबाट पूर्णतः वञ्चित नै रहन्छ । स्थिरबुद्धिवाला व्यक्ति नै आफ्ना सम्पूर्ण कामनाहरूलाई त्यागेर ममताविहीन, अहङ्कारविहीन र निस्पृह भएर सर्वत्र विचरण गर्छ र त्यसले नै वास्तविक रूपमा शान्ति प्राप्त गर्दछ । यस्तो व्यक्ति नै कहिल्यै मोहित पनि हुँदैन र अन्तकालमा समेत ब्राह्मी स्थितिमा रहेर त्यसले ब्रह्मानन्द वा मोक्ष प्राप्त गर्दछ ।

वर्तमान भौतिक युगमा हामी अधिकांश मान्छेहरू जीवात्मालाई होइन शरीरलाई नै सर्वस्व ठानिरहेका छौं । निष्काम कर्ममा होइन कसरी कुन कामबाट हामीलाई अर्थोपार्जन हुन्छ भन्ने सकाम कर्ममा मात्र हामी प्रवृत्त हुँदै आएका छौं । हामीले जन्मदेखि मृत्युपर्यन्त पुराना भए भनेर हजारौं लुगाहरू फेरिरहका त छौं तर हाम्रो शरीर पनि त्यस्तै पुराना लुगा फेरिएझैं फेरिने भएकाले नाशवान् छ भन्ने चिन्तन हामीले गर्नै सकेका छैनौं । जन्मेकाको मरण अवश्यम्भावी छ भन्ने थाहा पाउँदापाउँदै पनि हामी नश्वर शरीर ढल्दा बालकजस्तै बनेर रुँदै शोक गरिरहेका छौं । हामी सोद्देश्य वा सकाम कर्ममा मात्र प्रवृत्त भयौं र कर्मफलको कारक आफैलाई ठानी सफल हुँदा खुसी र विफल हुँदा दुःखी हुने दुष्प्रयत्न गरिरह्यौं । हामीले आफूमा समबुद्धिको उदात्त

भावना विकसित गर्न सकेनौं र चारैतिर भौंतारिइरह्यौं । अस्थिरबुद्धिका कारण जीवनभर हामीलाई न शान्ति प्राप्त भयो न त सुख नै । विषयवासनामा हामी आसक्त भयौं जसका कारण हामीले अनन्त कामना, क्रोध, मोह, भ्रम र बुद्धिनाशलाई निम्त्याएर आफैलाई भस्म गरिरह्यौं । शोकसन्तप्त अर्जुनलाई कृष्णले स्थिरबुद्धिका साथमा निष्काम कर्ममा प्रवृत्त हुन दिएका उपदेशहरूको हामीले बारम्बार पाठ त गरिरह्यौं तर त्यसलाई हामीले जीवनमा एकपटक पनि लागू गर्ने प्रयत्न गरेनौं । हाम्रो विगत जेजस्तो भए पनि त्यसबाट शिक्षा लिई आफ्नो बुद्धिलाई स्थिर बनाएर हामी सदैव निष्काम कर्ममा प्रवृत्त भइरहनु आवश्यक छ ।

कर्तव्यको पालना

हामीले कर्म त गर्छौं तर कुन कर्म गर्न हुन्छ र कुन कर्म गर्न हुँदैन ? भनेर ख्याल गर्दैनौं । गर्न हुने काम गर्नु नै कर्तव्य हो । कर्तव्य कुलपरम्परा, नीतिनियम र सामाजिक आवश्यकतानुसार अँगालिएको हुन्छ । गर्नलायक आचरण वा उचित व्यवहारको पालना गर्नु भनेको कर्तव्यको पालना गर्नु हो । उचित कर्तव्यको पालना गर्दा हामी सुखी हुन्छौं भने अनुचित कर्म गर्दा हामीले निकै दुःख र कष्टहरू व्यहोर्नुपर्छ । कर्तव्यबाट विमुख भएर हामीले कुनै पनि सफलता प्राप्त गर्न सक्तैनौं ।

आफ्नो कर्तव्यबाट पलायन हुन खोजेपछि अर्जुनलाई श्रीकृष्णले कर्तव्यपालनका लागि दिशानिर्देश गरेका थिए । कर्मभन्दा ज्ञान ठूलो भए पनि कर्मका अभावमा ज्ञानसमेत महान् बन्न सक्तैन । ज्ञान र कर्म भनेका निष्ठाका प्रमुख दुई भेद हुन् । श्रद्धा वा आस्थाको परिपक्व अवस्थाको नाम नै निष्ठा हो । ज्ञानमा वा कर्ममा आस्था र विश्वास राखेर परिपक्व हुन निकै ठूलो तपस्या गर्नुपर्छ । कर्मनिष्ठ नभईकन ज्ञाननिष्ठ बन्न सकिँदैन । कर्महरूको आरम्भ नगरीकन कर्मनिष्ठ हुन असम्भव छ भने कर्महरूको त्याग गर्दैमा ज्ञाननिष्ठ पनि भइँदैन । सम्पूर्ण मानव समुदाय प्राकृतिक

गुणहरूद्वारा पराधीन भएकाले कर्म गरिरहन बाध्य छ । त्यसैले सबै मान्छे कुनै पनि समयमा एक क्षण पनि कर्म नगरीकन रहन वा बस्न सक्तैनन् ।

सम्पूर्ण इन्द्रियहरूलाई हठपूर्वक रोकेर मनद्वारा ती सबै इन्द्रियहरूको विषय चिन्तन गर्नु भनेको आडम्बरमात्र प्रदर्शन गर्नु हो । त्यसका विपरीत मनले इन्द्रियहरूलाई नियन्त्रण गरेर अनासक्त भई सम्पूर्ण इन्द्रियद्वारा कर्मयोगको आचरण गर्ने व्यक्ति नै सर्वोत्तम कर्मयोगी ठहरिन्छ । हामीले यथोचित कर्महरू गरिरहनुपर्छ किनकि कर्म नगर्नुभन्दा कर्म गर्नु श्रेयस्कर हुन्छ र कर्म नगर्दा हाम्रो शारीरिक निर्वाह पनि हुन सक्तैन । कर्म नगरीकन देवताको शरणमा पुग्दैमा हाम्रो कल्याण हुँदैन । हामीले आफ्नो कर्तव्यकर्मद्वारा देवतालाई प्रसन्न गर्न सक्यौं भने मात्र देवताले पनि हामीलाई प्रसन्न गर्न सक्नेछन् । देवता र हाम्रो अन्योन्याश्रित सम्बन्धले मात्र हाम्रो कल्याण सम्भव हुन्छ ।

कर्तव्यरूपी यज्ञद्वारा हामीले देवतालाई जागृत गर्न सक्यौं भने हाम्रा अव्यक्त चाहनाहरू पनि देवताले पूरा गरिदिन सक्छन् । हामीले जेजति चीज उपभोग गरिरहन्छौं ती सबै देवताद्वारा नै हामीलाई प्रदान गरिएका हुन् । त्यसैले हामीले देवतालाई समर्पण गरेरमात्र प्रत्येक चीजको भोग गर्नुपर्छ । अन्यथा हामीलाई चोरीको आरोप लाग्नसक्छ । हामीले सधैं ठूलाठूला यज्ञहरू गर्न नसके पनि प्रत्येक दिन अतिथियज्ञका लागि खाना पकाउँछौं । 'अतिथिंश्च लभेमहि' अर्थात् अतिथिहरू पाइरहन सकौं भनेर अतिथिको सेवासत्कार गर्न हामी लालायित हुन्छौं । अतिथिहरू र जिउँदा

देउता समानका ससाना बालबालिका एवं वृद्धवृद्धाहरूलाई खाएरमात्र हामीले खाना खान्छौं । त्यसरी यज्ञशेषान्नको भोजन गर्दा हामी सबै पापहरूबाट मुक्त हुन्छौं भने जसले आफ्नै शरीर पोस्नका लागि मात्र भोजन बनाउँछन्, वास्तवमा तिनीहरूले भोजन होइन पापलाई खान्छन् । सम्पूर्ण प्राणीहरू अन्नद्वारा उत्पन्न हुन्छन् भने अन्नको उत्पत्ति वृष्टिद्वारा हुन्छ । वृष्टिको उत्पत्ति यज्ञद्वारा हुन्छ भने यज्ञको उत्पत्ति हामीले गर्ने यथोचित कर्मसमुदायद्वारा हुन्छ । कर्मसमुदायको उत्पत्ति वेदबाट हुन्छ भने वेद अविनाशी ईश्वरद्वारा उत्पन्न भएको हो । सर्वव्यापी परब्रह्म परमात्मा सधैं यज्ञमा नै प्रतिष्ठित हुने भएकाले नै विभिन्न किसिमका यज्ञयागादिहरू गर्ने प्रचलन लोकमा चलेको हो ।

लोकमा सनातन परम्पराबाट चलिआएको आफ्नो कर्तव्यको पालना नगरी केवल भोगहरूमा मात्र रमाउने पापी जीवन जिउनुको कुनै सार्थकता छैन । यसका विपरीत आत्मामा रमाउने र आत्मामा नै सन्तुष्ट हुने व्यक्तिले कुनै कर्तव्यको पालना पनि गर्नुपर्दैन किनकि त्यस्ता महापुरुषको यस संसारसँग कुनै स्वार्थिक सम्बन्ध नै हुँदैन । अनासक्त भएर हामीले कर्तव्यको पालना गर्न सक्यौं भने त्यही कर्तव्यले हामीलाई परमात्मासँग साक्षात्कार गराउँछ । राजर्षि जनकले समेत अनासक्त कर्मद्वारा नै सिद्धि प्राप्त गरेका थिए । श्रेष्ठ व्यक्तिले जेजस्तो आचरण र प्रमाणित गर्दछन्, सम्पूर्ण जनसमुदायले त्यसको अनुसरण गर्दछन् । तीनै लोकका लागि कुनै कर्तव्य नभए पनि र आफूले प्राप्त गर्नुपर्ने कुनै वस्तु अप्राप्त नभएको भए पनि भगवान्‌ले समेत आफ्नो कर्म

गरिरहेका छन् । यदि ईश्वरले पनि जागरूक भएर कर्म नगर्ने हो भने ईश्वरकै अल्छी मार्गको अनुसरण गरेर सबै मान्छे नष्टभ्रष्ट हुन सक्लान्, ठिमाहा प्रवृत्ति विकसित हुन सक्ला र जनताहरू नाश होलान् भन्ने गम्भीर चिन्ता गरेर नै ईश्वर पनि कर्ममा प्रवृत्त भएका हुन् ।

ज्ञानले मात्र मान्छेको पेट भरिन्न र जीवन निर्वाह पनि चल्दैन । त्यसैले कर्ममा आसक्त भएर अज्ञानीहरूले जसरी कर्म गरिरहन्छन् त्यसरी नै आसक्तिरहित ज्ञानीहरूले पनि लोकसङ्ग्रहको चाहनाले कर्म गरिरहनु आवश्यक छ । शास्त्रविहित कर्ममा संलग्न भएका आसक्तिवान् अज्ञानीहरूले गरिरहेका कर्ममा ज्ञानीहरूले अश्रद्धा प्रकट गर्नु हुँदैन अपितु उनीहरूलाई प्रेरणा दिइरहनुपर्छ । अज्ञानीले सबै प्रकारका कर्ममा आफूलाई कर्ता ठान्ने भूल गरे पनि 'गुणमा गुणहरू रहन्छन्' भनेर सोच्ने भएकाले ज्ञानीहरू कर्ममा आसक्त हुँदैनन् । सम्पूर्ण कर्महरूलाई परमात्मामा नै समर्पण गरी आशारहित, ममताविहीन र सन्तापरहित भएर सबैले आआफ्नो कर्तव्यको पालना गर्नु आवश्यक छ ।

ज्ञानी वा अज्ञानी सबै प्रकारका मान्छेहरू आफ्नै बानीव्यहोराको अधीनमा रहेर कर्म गर्दछन् । रागरहित र द्वेषरहित भएरमात्र कल्याणकारी कर्मको मार्गमा प्रवृत्त हुन सकिन्छ । अत्यन्त राम्रो आचरण वा गुणले युक्त भएको अर्काको धर्मभन्दा गुण नभएको भए पनि आफ्नै धर्म अत्यन्त श्रेष्ठ हुन्छ किनभने अर्काको धर्म डरलाग्दो हुने भएकाले त्यसलाई अँगालेर बाँच्नुभन्दा बरु आफ्नै धर्म अँगालेर मर्नु श्रेयस्कर हुन्छ । सनातनधर्म र वर्णधर्मबाट पलायन भएर

होइन त्यसको पालना गर्नका लागि आफ्नो जीवन समर्पण गर्नुमा नै हाम्रो कल्याण हुनेछ ।

हामी पापकर्म होइन पुण्यकर्म गर्न चाहन्छौं तर नचाहँदा नचाहँदै पनि हामीलाई कसैले बलपूर्वक प्रेरित गरेर नै हामी पापकर्म गर्न बाध्य हुन्छौं र पछुताउँछौं । हामीलाई त्यसरी बलपूर्वक पापकर्म गर्न प्रेरित गर्ने कुन व्यक्ति वा चीज होला ? त्यसबारे हामी अनभिज्ञ छौं वास्तवमा त्यो चीज भनेको काम नै रहेछ । काम रजोगुणबाट उत्पन्न हुँदो रहेछ र यसलाई क्रोध पनि भन्न सकिँदो रहेछ । काम अत्यन्त खन्चुवा र महापापी रहेछ । धूँवाले आगो, मैलाले ऐना र सालले गर्भ ढाकेजस्तै कामद्वारा ज्ञान ढाकिँदो रहेछ । सबै इन्द्रियहरू, मन र बुद्धि कामका वासस्थान रहेछन् र यिनै वासस्थानले ज्ञानलाई ढाकेर जीवात्मालाई मोहनी लगाउँदा रहेछन् । तसर्थ हामीले सर्वप्रथम सबै इन्द्रियलाई वशमा राखेर ज्ञान र विज्ञानलाई समेत नाश गर्ने पापी कामलाई नष्ट गर्नु आवश्यक छ ।

हाम्रो यो स्थूल शरीरभन्दा पर इन्द्रियहरू रहेछन् । इन्द्रियहरूभन्दा पर मन रहेछ । मनभन्दा पर बुद्धि रहेछ र बुद्धिभन्दा पनि पर आत्मा रहँदो रहेछ । त्यसैले आत्मालाई सर्वश्रेष्ठ मानिएको रहेछ । बुद्धिद्वारा मनलाई अधीनमा राखेर चञ्चल कामरूपी शत्रुलाई परास्त नगरेसम्म हामीले पालना गर्ने कुनै पनि कर्तव्यकर्मले सार्थकता पाउन नसक्ने कुरा सुनिश्चित छ ।

❑

ज्ञान नै सर्वश्रेष्ठ

गाँस, वास र कपासको न्यूनतम चाहना पूर्ति भएपछि मान्छेले चाहने भनेको शिक्षा वा ज्ञान नै हो । तोतेबोली फुट्न नपाउँदै हामी शिक्षाको खोजीमा अग्रसर हुन्छौं । त्यसो त औपचारिक रूपमा विद्यालयको ढोका ढक्ढक्याउनुभन्दा पूर्व पनि हाम्रो बालापनले विभिन्न विषयमा जिज्ञासा राखिरहेको हुन्छ । वास्तवमा त्यही बालजिज्ञासा नै ज्ञानको मुहान हो । बालजिज्ञासा जति गहन र निश्छल हुन्छ त्यति युवाजिज्ञासा र प्रौढजिज्ञासा हुँदैन । प्रत्येक व्यक्तिका लागि आफ्नो परिवार नै पहिलो पाठशाला हो र आमा नै प्राथमिक शिक्षिका हुन् । औपचारिक पाठशालाहरूमा सिकेको ज्ञानलाई परिपक्व बनाइरहनका लागि घरायसी पाठशालाको महत्त्वपूर्ण भूमिका हुन्छ । शिक्षित त धेरै हुनसक्छन् तर ज्ञानी हुने सौभाग्य थोरैलाई मात्र प्राप्त हुन्छ । धन नै सर्वस्व हो भनेर अघि बढिरहेको वर्तमान भौतिक युगमा धनभन्दा ज्ञान उत्तम हो भन्ने कुरा कसैलाई बुझाउन निकै कठिन छ तापनि बुझाउन अपरिहार्य छ । धनको रक्षा हामीले गर्नुपर्छ तर ज्ञानले हाम्रो रक्षा गर्ने भएकाले यही अद्वितीय ज्ञानको मार्गमा हाम्रा पाइलाहरू अग्रसर हुन चाहेका हुन् ।

अर्जुन अशिक्षित र अज्ञानी त थिएनन् तर उनको शिक्षा र ज्ञानलाई सुदृढ गर्न श्रीकृष्णजस्ता गुरुको आवश्यकता परेको हो । श्रीकृष्णले जुन ज्ञानयोगको वर्णन अर्जुनसँग गरे त्यसलाई श्रीकृष्णले प्राचीनकालमै सूर्यसँग भनिसकेका थिए भने सूर्यले आफ्ना पुत्र वैवस्वत मनुलाई र मनुले आफ्ना राजर्षि पुत्र इक्ष्वाकुलाई बताइसकेका थिए । त्यसरी परम्पराप्राप्त ज्ञानलाई अन्य राजर्षिहरूले पनि सुनिसकेका र पृथ्वीलोकमा त्यसको धेरै समयसम्म चर्चा नै नभएकाले नष्टप्रायः बनेको त्यही रहस्यमय ज्ञानलाई आफ्नो भक्त र साथी ठानेर श्रीकृष्णले अर्जुनलाई उपदेश गरेका हुन् ।

आदिकालमा सूर्यलाई ज्ञानको उपदेश गरेका श्रीकृष्ण वर्तमानमा समेत जीवित रहनुमा अर्जुनलाई मात्र होइन हामीलाई पनि आश्चर्य लाग्नु अस्वाभाविक होइन । वास्तवमा श्रीकृष्णका र अर्जुनका धेरै जन्महरू व्यतीत भइसकेका थिए । यो रहस्य अर्जुनलाई थाहा नभए पनि श्रीकृष्णलाई भने थाहा थियो । कहिल्यै नजन्मने, कहिल्यै विनाश नहुने र सम्पूर्ण प्राणीका ईश्वर भएर पनि आफ्नो स्वभावलाई अधीनमा राखेर श्रीकृष्ण मायावी रूपमा प्रकट हुन्छन् । जब जब धर्मको विनाश र अधर्मको वृद्धि हुन्छ तब तब उनले आफूलाई साकार रूपमा प्रकट गर्दछन् । सज्जनहरूको रक्षा गर्न, दुष्टहरूको विनाश गर्न र धर्मको समुचित स्थापनाका लागि युग युगमा भगवान्को जन्म हुन्छ । भगवान्का यस्ता जन्म र दिव्य कर्महरूलाई तात्त्विक रूपमा बुझ्ने व्यक्तिले आफ्नो शरीर त्याग गरेर परमात्मालाई प्राप्त गर्ने भएको हुँदा उसले पुनर्जन्म लिनु पर्दैन । यसभन्दा अघि पनि राग,

भय र क्रोधले रहित भई भगवान्मा आश्रित हुन खोज्ने धेरै भक्तजनहरूले ज्ञानरूपी तपस्याद्वारा पवित्र भएर भगवान्लाई प्राप्त गरेका थिए ।

जसले जुन प्रकारले भगवान्लाई पुकार्छ, भगवान्ले पनि उसको सेवा त्यसै प्रकारले गर्छन् । यस लोकमा कर्मद्वारा उत्पन्न हुने फल तत्काल मिल्ने भएकाले कर्मको सफलता चाहने व्यक्तिहरूले देवताको पूजा गर्दछन् ।

गुण र कर्मका आधारमा ब्राह्मण, क्षत्रिय, वैश्य र शूद्र चार वर्णको सृष्टि भगवान् स्वयंले गरेका हुन् र सृष्टिकर्ता हुँदाहुँदै पनि भगवान्ले आफूलाई अकर्ता नै ठानेका छन् तर हामीले भने सानो काम गर्न नपाउँदै आफूलाई त्यसको महान् कर्ता ठान्ने भूल गर्छौं । भगवान्लाई कर्मको फलमा कुनै चाहना नहुने भएकाले उनलाई कुनै पनि कर्मले लिप्त गराउन सक्तैन । यस तत्त्वलाई बुझ्ने जुनसुकै व्यक्ति कर्मको बन्धनमा बाँधिनु पर्दैन । मोक्ष चाहने पूर्वजहरूले यस तत्त्वलाई बुझेर कर्म गरेका थिए भने हामीले पनि पूर्वजहरूको अनुसरण गरेर कर्म गर्नुपर्छ र कुनै पनि कर्मबाट पलायन हुने अधिकार हामीलाई छैन ।

कर्मको गति गहन भएकाले हामीहरूले कर्म, अकर्म र विकर्मलाई बुझ्नु जरुरी छ । सामान्यतया कामनासहित गरिएको कर्मलाई कर्म, कामना नराखीकन गरिएको कर्मलाई अकर्म र शास्त्रनिषिद्ध वा विपरीत कर्मलाई विकर्म भनिन्छ । जसले कर्ममा अकर्म देख्छ र अकर्ममा पनि कर्म देख्छ त्यस्तो बुद्धिमान्, कर्मठ र कर्मसमीक्षक व्यक्ति नै सबै

प्रकारका कार्यहरू गर्न समर्थ हुन्छ । जसले कुनै कामना र सङ्कल्पविना नै शास्त्रसम्मत सबै कर्म गर्छ अनि जसका सम्पूर्ण कर्महरू ज्ञानरूपी अग्निद्वारा भस्म भएका छन् त्यस्ता व्यक्तिलाई विद्वान्हरूले पनि पण्डित ठान्दछन् । सबै कर्म र तिनका फलको आसक्तिलाई छाडेर जुन व्यक्ति सांसारिक आश्रयबाट निवृत्त भई परमात्मामा नित्य तृप्त छ त्यस्तो व्यक्ति कर्महरूमा प्रवृत्त हुँदाहुँदै पनि केही नगर्ने अकर्मी हुन्छ । जसले इन्द्रियसहित मनलाई जितेको छ र सम्पूर्ण सांसारिक भोगहरूलाई पनि त्यागेको छ त्यस्तो आशारहित व्यक्तिले केवल शारीरिक कर्महरू गरिरहे पनि पापको भागी हुनुपर्दैन । जो जे पायो त्यसैमा सन्तुष्ट हुन्छ र जसले ईर्ष्या र द्वन्द्व पनि गर्दैन तथा जसले सफलता र असफलतामा समेत समभाव राख्छ त्यस्तो कर्म गरिरहने व्यक्ति पनि कर्मको बन्धनले बाँधिदैन ।

आसक्ति, अभिमान र ममताले रहित भएर जसको चित्त ज्ञानमा अवस्थित छ, ज्ञानयज्ञका लागि मात्र कर्म गर्ने त्यस्तो व्यक्तिले गरेका सम्पूर्ण कर्महरू विलीन हुन्छन् । जुन ज्ञानयज्ञमा सुरो, चरु, हवन र फल पनि ब्रह्म नै मानिन्छ । कुनै कर्मयोगी देवताको पूजारूपी यज्ञको यथोचित अनुष्ठान गर्छन् भने कुनै योगी परब्रह्मरूपी अग्निमा अभेद दर्शनरूपी यज्ञद्वारा आत्मारूपी यज्ञको हवन गर्दछन् । कसैले कर्ण आदि इन्द्रियहरूलाई संयमरूपी अग्निमा हवन गर्दछन् भने कसैले शब्द आदि विषयहरूलाई इन्द्रियरूपी अग्निमा हवन गर्न रूचाउँछन् । कसैले इन्द्रियका सम्पूर्ण कर्मलाई र प्राणीका समेत सबै कर्मलाई ज्ञानद्वारा प्रकाशित भएको आत्मसंयमरूपी अग्निमा हवन गर्दछन् । कसैले द्रव्यसम्बन्धी

यज्ञ, कसैले तपस्यारूपी यज्ञ, कसैले योगरूपी यज्ञ र कसैले स्वाध्यायरूपी ज्ञानयज्ञ गर्दछन् । कसैले अपानवायुमा प्राणवायुको, कसैले प्राणवायुमा अपानवायुको र निश्चित आहार गर्ने कोही योगीले प्राणवायु र अपानवायु दुवैको गतिलाई रोकेर प्राणहरूलाई प्राणहरूमा नै हवन गर्न मन पराउँछन् । यसबाहेक अन्य पनि धेरै यज्ञहरूको वर्णन वेदमा गरिएको पाइन्छ । यज्ञ गरेर बचेको अमृतलाई उपभोग गर्ने योगीहरूले परब्रह्म परमात्मालाई प्राप्त गर्दछन् । कुनै पनि यज्ञ नगर्ने व्यक्तिहरूका लागि त यो मर्त्यलोक सुखदायक छैन भने परलोक कसरी सुखदायक हुनसक्ला ?

विभिन्न प्रकारका यज्ञहरूमध्ये द्रव्ययज्ञभन्दा ज्ञानयज्ञ अत्यन्त श्रेष्ठ छ किनभने हामीले गर्ने सम्पूर्ण कर्मको समाप्ति ज्ञानमा हुन्छ खोला र नदीहरू समुद्रमा पुगेर विलीन भएजस्तै । खोला र नदीहरू स्वतन्त्र रूपमा बगिरहँदासम्म तिनीहरूको पृथक् अस्तित्व हुन्छ तर समुद्रमा विलीन भएपछि तिनीहरूको स्वतन्त्र अस्तित्व नरहेजस्तै ज्ञानरूपी समुद्रमा विलीन भएपछि हामीले गर्ने सबै कर्महरूको पृथक् अस्तित्व रहँदैन । द्रव्ययज्ञ गर्न त सजिलै सकिएला तर ज्ञानयज्ञ गर्न निकै कठिन छ । ज्ञानयज्ञ गर्न वा ज्ञान लिन तत्त्वदर्शी ज्ञानीहरूका नजिकमा जानुपर्छ र उनीहरूलाई प्रणाम गरेमा, उनीहरूको सेवासुश्रूषा गरेमा अनि उनीहरूसँग कपटरहित सरल प्रश्नहरू सोधेमा मात्र ज्ञानी व्यक्तिले हामीहरूलाई तत्त्वज्ञानको उपदेश दिनेछन् । जुन तत्त्वज्ञान प्राप्त गरेपछि हामीहरू पुनः मोहमा फस्नुपर्ने छैन र अन्य पापीहरूले भन्दा हामीले यदि बढी नै पाप गर्दा रहेछौं भने पनि हामीहरू पापरूपी समुद्रबाट सहजै

तर्नेछौं । बलिरहेको आगाले दाउरालाई भस्म गरेजस्तै ज्ञानरूपी अग्निले पनि हाम्रा सम्पूर्ण कर्महरूलाई भस्ममय बनाउँछ । यस संसारमा ज्ञानसमान पवित्र गर्ने अर्को कुनै वस्तु नै छैन । जितेन्द्रिय, कर्तव्यपरायण र श्रद्धावान् व्यक्तिले नै ज्ञानलाई प्राप्त गर्दछ र त्यसरी ज्ञान प्राप्त गरेका व्यक्तिले तत्काल परमशान्ति पनि प्राप्त गर्छ ।

अविवेकी, श्रद्धारहित र शङ्कालु व्यक्तिले कहिल्यै शान्ति प्राप्त गर्न सक्तैन । शङ्कालु व्यक्तिका लागि न यो लोक छ, न परलोक छ, न त सुख नै प्राप्त छ । जसले आफ्ना सम्पूर्ण कर्मलाई परमात्मामा अर्पण गरेको छ र जसले आफूले प्राप्त गरेको ज्ञानद्वारा शङ्कालाई निवारण गरेको छ, त्यस्तो आत्मचिन्तक व्यक्तिलाई कुनै पनि कर्मले बन्धनमा राख्न सक्तैनन् । त्यसैले ज्ञानरूपी तलबारद्वारा आआफ्नो मनमा रहेको अज्ञानजनित संशयलाई हामी सबैले काटेर समत्वरूप कर्मयोगमा रहनुपर्छ र आआफ्ना कर्ममा अग्रसर हुनुपर्छ ।

हामीले जीवन निर्वाहका लागि कर्महरू गर्छौं भने जीवनको मुक्तिका लागि ज्ञान आर्जन गर्छौं । ज्ञानलाई तिरस्कार गरेर जीवन जिउन त सकिएला तर त्यस्तो जीवनले सार्थकता र मुक्ति पनि पाउन सक्तैन । त्यसैले कर्मका पाइला चाल्दै ज्ञान आर्जन गरेर ज्ञानको अन्तिम लक्ष्यका रूपमा रहेको मोक्षको प्राप्तिमा हामीहरू अघि बढिरहनुपर्छ । हामीहरू यदि कर्मका ससाना बन्धनहरूमा बाँधिइरह्यौं भने हामीले अद्वितीय वा सर्वश्रेष्ठ ज्ञान प्राप्त गर्न सक्तैनौं र ज्ञानविना हाम्रो मुक्ति पनि सर्वथा असम्भव छ ।

❑

समदर्शी

संसार निकै सुन्दर र स्वस्थ छ तर हाम्रो हेराइ सुन्दर हुन नसक्ता हामी दिनानुदिन रोगाउँदै गएका छौं । हामीलाई राम्रालाई राम्रो देख्न नसक्ने रोग लागेको छ । दृष्टिदोषी भएका कारण हामीले आफू जस्तोसुकै कुरूप भए पनि आफूलाई भने सुन्दर नै देख्ने गरेका छौं । आफूलाई जस्तै अरूलाई पनि सुन्दर नै देख्न सक्ने बानीको विकास गर्न सकेका खण्डमा हाम्रा लागि मात्र होइन सबैका लागि यो संसार साँच्चिकै सुन्दर देखिने थियो । हामीले सर्वप्रथम आफूमा यस्तो समदर्शी भावना विकसित गर्न सक्यौं भने त्यसलाई हामीले क्रमशः आफ्नो परिवार, समाज, देश र विश्वमा नै विस्तारित गर्न सक्नेछौं । विश्वभर समदर्शी भावना फैलिन सकेका खण्डमा मात्र 'वसुधैव कुटुम्बकम्'ले पनि सार्थकता पाउने थियो ।

समदर्शी बन्नका लागि निरन्तर कर्तव्य कर्महरू गर्दै ज्ञानको मार्गतर्फ अग्रसर हुनु आवश्यक छ । शास्त्रनिषिद्ध वा विपरीत कर्महरू गरेर कहिल्यै पनि समदर्शी बन्न सकिँदैन । कर्मयोगका माध्यमले आफूमा कर्मसन्न्यास वा अकर्तृत्वको भावना विकास गर्न सकेका खण्डमा मात्र ज्ञानको शिखर चढ्न सकिन्छ । कर्मयोग र कर्मसन्न्यास दुवै श्रेयस्कर नै छन्

तापनि कर्मसन्न्यासभन्दा साधना गर्न सजिलो हुने भएकाले कर्मयोग विशिष्ट छ । कसैसँग द्वेष नगर्ने र कुनै चीजको आकाङ्क्षा नराख्ने व्यक्ति कर्मयोगी हुँदाहुँदै पनि कर्मसन्न्यासी हो किनभने राग, द्वेष आदि द्वन्द्व नभएको त्यस्तो व्यक्ति सुखपूर्वक सांसारिक बन्धनबाट मुक्त हुन्छ । अज्ञानीहरूले कर्मयोग र कर्मसन्न्यास दुवै भिन्नाभिन्नै हुन् भने पनि विद्वान्हरूले त्यसो भन्दैनन् किनभने दुवैमध्ये कुनै एउटामा मात्र समर्पित हुने व्यक्तिले दुवैको परमात्माप्राप्तिरूप फल प्राप्त गर्दछ । कर्मसन्न्यासी वा ज्ञानयोगीहरूले जुन परमधाम प्राप्त गर्दछन् त्यसलाई कर्मयोगीले पनि प्राप्त गर्छन् । त्यसैले जसले ज्ञानयोग र कर्मयोग दुवैलाई फलरूपमा एउटै देख्छ वा समदर्शी भावना राख्छ त्यसले नै वास्तवमा यथार्थ देख्छ ।

मन, इन्द्रिय र शरीरद्वारा गरिने सम्पूर्ण कर्ममा कर्तापनको त्याग प्राप्त गर्न कठिन हुन्छ तर कर्मयोगीले तत्काल नै परमात्मालाई प्राप्त गर्छ । जसले आफ्नो मनलाई र आफ्ना इन्द्रियहरूलाई अधीनमा राखेको छ, जसको आत्मा विशुद्ध छ र सम्पूर्ण प्राणीहरूको आत्मालाई नै जसले आफ्नो आत्मा ठान्दछ त्यस्तो कर्मयोगी व्यक्ति कर्म गरिरहँदा पनि कर्ममा लिप्त हुँदैन । यसका विपरीत तत्त्वलाई जान्ने कर्मसन्न्यासीले त देख्दै, सुन्दै, छुँदै, सुँघ्दै, खाँदै, जाँदै, सुत्दै, सास फेर्दै, बोल्दै, त्याग्दै, लिँदै, आँखा खोल्दै र आँखा चिम्लँदै गरेर पनि सबै इन्द्रियहरू आआफ्ना प्रयोजनमा प्रवृत्त छन् भन्ने बुझेर 'मैले केही पनि गर्दिनँ' भन्ने ठान्दछ । जुन व्यक्ति सबै कर्मलाई परमात्मामा समर्पण गरेर आसक्तिलाई त्यागी कर्म गर्दछ त्यो व्यक्ति पापद्वारा लिप्त हुँदैन । कर्मयोगीहरू केवल

इन्द्रिय, मन, बुद्धि र शरीरद्वारा पनि आसक्तिलाई त्यागेर आत्मशुद्धिका लागि कर्म गर्दछन् । कर्मयोगी वा निष्काम कर्म गर्ने व्यक्ति कर्मफललाई त्यागेर भगवत्प्राप्तिरूप शान्तिलाई प्राप्त गर्दछ भने सकाम व्यक्ति कामनाको प्रेरणाले फलमा आसक्त भएर बाँधिन्छ र सदैव दुःखी हुन्छ ।

आत्मसंयम गर्ने कर्मयोगी व्यक्ति आफूले नगर्दै र अरूलाई पनि नगराउँदै नवद्वारले युक्त शरीररूपी घरमा सबै कर्मलाई मनले त्यागेर आनन्दपूर्वक रहन्छ । भगवान्‌ले मान्छेको कर्तापनलाई, कर्मलाई र कर्मफलको संयोगलाई समेत रचना गर्दैनन् अपितु मान्छेको स्वभाव नै प्रवर्तित वा सञ्चालित हुन्छ । परमेश्वरले कसैले गरेको पापकर्म र पुण्यकर्मको पनि ग्रहण गर्दैनन् किन्तु अज्ञानद्वारा ज्ञान ढाकिएकाले त्यसैद्वारा अज्ञानी मान्छेहरू मोहित हुन्छन् । जसको त्यो अज्ञान परमात्माको तत्त्वज्ञानद्वारा नष्ट गरिएको छ त्यस्तो ज्ञानले परमात्मालाई प्राप्त गर्दछ ।

जसको मन र बुद्धि तद्रूप अर्थात् भगवान्‌को जस्तै भएको छ तथा निष्ठा पनि भगवान्‌मा नै समर्पित छ त्यस्तो व्यक्तिले ज्ञानद्वारा पापरहित भएर परमगति प्राप्त गर्दछ । त्यस्ता ज्ञानी जनहरू विद्या र विनयले युक्त ब्राह्मण, गाई, हात्ती, कुकुर र चाण्डालमा पनि समदर्शी हुन्छन्, समदृष्टि राख्छन् । जसको मन समभावमा रहेको छ तिनले सम्पूर्ण संसार जित्छन् र भगवान्‌झैं निर्दोषी एवं समदर्शी भएका कारण भगवान्‌मै विलीन हुन्छन् । जुन व्यक्ति प्रिय वस्तु प्राप्त गरेर खुसी हुँदैन र अप्रियलाई पाएर पनि दुःखी हुँदैन त्यस्तो बुद्धि स्थिर भएको, संशयरहित र ब्रह्मवेत्ता व्यक्तिले

नै परब्रह्मलाई प्राप्त गर्छ । त्यसले पहिला आत्मिक सुख र पछि अक्षय आनन्दको अनुभूति गर्दछ ।

इन्द्रियजन्य सबै प्रकारका भोगहरू दुःखका कारकतत्त्व हुन् र यी सबै अनित्य भएकाले विद्वान् व्यक्तिहरू यस्ता भोगमा रमाउन चाहँदैनन् । जुन व्यक्ति शरीर नाश हुनुभन्दा पहिला काम, क्रोध आदिबाट उत्पन्न हुने वेगहरूलाई सहन गर्न समर्थ हुन्छ, वास्तवमा त्यस्तो व्यक्ति नै यस लोकमा योगी र सुखी पनि हुन्छ । जसले अन्तरात्ममा सुख प्राप्त गरेको छ, जो अन्तरात्ममै रमाएको छ र जसले अन्तरात्ममा ज्ञानको ज्योति बालेको छ त्यस्तो व्यक्तिले परब्रह्मलाई प्राप्त गर्छ । जसका सबै पापहरू नष्ट भएका छन्, जसका सबै द्वन्द्व वा शङ्काहरू ज्ञानको हतियारद्वारा टुक्रिएका छन् र जो सबै प्राणीहरूको हितमा संलग्न छ त्यस्ता व्यक्तिले पनि परब्रह्मलाई प्राप्त गर्छ । जुन भगवद्भक्तले ईश्वरलाई सबै यज्ञ र तपलाई भोग्ने, सबै लोकमा ईश्वरका पनि ईश्वर र सबै प्राणीहरूका साथी हुन् भनेर बुझ्दछ त्यस्तो व्यक्तिले नै वास्तवमा शान्ति पाउँछ ।

श्रीमद्भगवद्गीताले मात्र होइन वेद, उपनिषद् आदि सबै ग्रन्थहरूले भगवान्लाई समदर्शी मानेका छन् । जसरी एउटा शिक्षकले कक्षामा पढाउँदा एकीभाव वा समदर्शी भावनाले पढाउँछ तर सबै विद्यार्थीले एकै किसिमले नबुझी भिन्न भिन्न प्रकारले बुझ्दछन्, त्यसरी नै भगवान्ले पनि हामी सबैमा समदर्शी भावना राख्छन् तर हामीले त्यसलाई बुझ्न सकेका छैनौं । जबसम्म हामीमा विद्यमान विषमदर्शी भावनाको अन्त्य हुँदैन तबसम्म हामी समदर्शी बन्न नसक्ने कुरा सुनिश्चित छ ।

❑

आत्मसंयम

हामीलाई हाम्रा अभिभावकहरूले नियन्त्रण गर्छन् भने अभिभावकले आफूलाई आफैले नियन्त्रण गर्छन् । निश्चित अनुशासन वा निर्धारित नियमहरूको अधीनमा रहन जोकसैलाई पनि निकै गाह्रो हुन्छ । नियन्त्रणभन्दा बाहिर हुँदा स्वतन्त्रता त प्राप्त हुन्छ तर त्यसले स्वच्छन्दता निम्त्याउँछ । स्वच्छन्दताको हुरीले मान्छेलाई उडाएर कहाँ पुर्‍याउँछ ? भन्न सकिँदैन । त्यसैले हामी कसै न कसैको अधीनमा रहनैपर्छ । धेरै दिनसम्म दाम्लामा बाँधिराखेका गाईवस्तुहरू दाम्लाबाट मुक्त हुँदा जसरी अनियन्त्रित हुन्छन्, मान्छेलाई पनि अति नियन्त्रण गर्दा त्यस्तै अतिस्वच्छन्दता निम्तिन सक्छ । हामी स्वच्छन्द हुँदै गयौं भने हाम्रै सिको गरेर हाम्रा सन्ततिहरू पनि स्वच्छन्दतामा अग्रसर हुन रुचाउँछन् । आफ्ना सन्तति वा भावी पुस्ताका लागि पनि हामीले आफूलाई आफैले नियन्त्रण गर्नुपर्छ । हामीहरू आत्मसंयमी हुन सक्यौं भने त्यसबाट हाम्रो भावी पुस्ता पनि आत्मसंयमी बन्नका लागि प्रयत्नशील भइरहने छ ।

युद्धमैदानमा युद्धको शङ्खघोष भइसकेपछि अर्जुनमा एकाएक वैराग्य आयो । उनले कर्म, अकर्म र विकर्मका बारेमा विचार गर्न सकेनन् । उनमा आत्मसंयमको अभाव

देखियो । आत्मसंयमी बनेर कर्तव्य कर्ममा प्रवृत्त हुनका लागि अर्जुनलाई मार्गनिर्देशन गर्न श्रीकृष्ण बाध्य भएका हुन् ।

केवल अग्निलाई त्याग गर्दैमा कोही पनि सन्न्यासी हुन सक्तैन भने केवल क्रियाहरूलाई छाड्दैमा कोही पनि योगी बन्न सक्तैन । अपितु जसले कर्मफलको आश्रय नलिईकन कर्तव्य कर्म गर्छ, वास्तवमा त्यही व्यक्ति सन्न्यासी र योगी पनि ठहरिन्छ । जसलाई सन्न्यास भनिन्छ, वास्तवमा त्यही योग हो किनकि सङ्कल्पहरूलाई नछाड्ने कुनै पनि व्यक्ति योगी बन्न सक्तैन । योगरूपी आसनमा बस्न चाहने व्यक्तिका लागि निष्काम कर्म गर्नु नै कारण ठानिन्छ भने योगारूढ भइसकेपछि त्यही कर्मको अभाव नै कल्याणको कारण मानिन्छ । जुनबेला इन्द्रियहरू भोगमा र कर्महरूमा आसक्त हुँदैनन्, त्यसबेला नै सम्पूर्ण सङ्कल्पहरूलाई त्याग गर्ने व्यक्ति 'योगारूढ' भएको ठहरिने छ । योगारूढ हुन चाहनेले आफ्नो उद्धार आफैले गर्नुपर्छ र आफूलाई कहिल्यै उदासीन वा दुःखी बनाउनु हुँदैन किनभने आफ्नो मित्र हामी आफै हौं र आफ्नो शत्रु पनि हामी आफै हौं । मन र इन्द्रियहरूसहित शरीरलाई जित्न सक्यौं भने हामी आफ्नो मित्र आफै हुन्छौं भने तिनलाई जित्न नसकेका खण्डमा हामी आफू नै आफ्ना लागि शत्रु ठहरिने छौं ।

जाडो-गर्मी, सुख-दुःख र मान-अपमान हुँदा पनि जो आन्तरिक रूपमा शान्त हुन्छ, त्यस्तो जितात्म व्यक्तिमा परमात्मा समाहित हुन्छन् । जसको अन्तरात्मा ज्ञान र विज्ञानद्वारा तृप्त छ, जसको अवस्था अपरिवर्तनशील छ, जसले सारा इन्द्रियहरूलाई विशेष प्रकारले जितेको छ र

जसले माटो, ढुङ्गो र सुनको मूल्य बराबर देख्छ, त्यस्ता योगीले परमात्मालाई प्राप्त गरेको ठहरिन्छ । स्वार्थरहित भएर सबैको हित गर्ने सुहृद्, सुख र दुःखमा पनि साथ दिने साथी, शत्रु, पक्षपात नचाहने तटस्थ वा उदासीन, दुवैको भलाइ चाहने मध्यस्थ, द्वेष गर्नेवाला र बन्धुगण, धर्मात्मा तथा पापीहरूमा पनि समान भावना राख्ने योगी अत्यन्त श्रेष्ठ मानिन्छ ।

मन, इन्द्रिय र शरीरलाई वशमा राख्ने, आशा नराख्ने र कुनै चीजको सङ्ग्रह नगर्ने योगीले एक्लै एकान्तमा रहेर आत्मालाई निरन्तर परमात्माको चिन्तनमा लगाओस् वा तपस्या गरोस् । पवित्र ठाउँमा कुश, मृगचर्म र वस्त्र बिछ्याएको न अग्लो न होचो आसनमा बसेर मन र इन्द्रियहरूलाई वशमा राखी एकाग्र भएर आत्मिक शुद्धिका लागि योग गरोस् । शरीर, शिर र घाँटीलाई समान रूपमा हलचल नगराईकन स्थिर भएर आफ्नो नाकको अग्रभागलाई मात्र हेर्दै ब्रह्मचर्य व्रतमा रहेर निडर र शान्त भई चञ्चल मनलाई रोकेर भगवान्‌को चिन्तन गरोस् । यस्ता योगीले भगवान्‌लाई मात्र होइन भगवान्‌मा रहने परमानन्दको पराकाष्ठारूप शान्तिलाई पनि प्राप्त गर्दछ ।

धेरै खानेले, खाँदै नखानेले, धेरै सुत्नेले र सधैं जागिरहनेले पनि योगमा सफलता प्राप्त गर्न सक्तैनन् । सम्पूर्ण दुःखहरूलाई निवारण गर्ने योगमा यथोचित आहारविहार गर्नेले, कर्ममा यथोचित चेष्टा राख्नेले, निर्धारित समयमा सुत्नेले र निर्धारित समयमा जाग्नेले नै सफलता प्राप्त गर्दछन् । विशेष किसिमले वशमा राखिएको मन जुनबेला

परमात्मामा स्थित रहन्छ त्यसबेला सम्पूर्ण भोगहरूद्वारा निस्पृह भएको व्यक्ति योगी ठहरिन्छ । हावा नलागेका ठाउँमा जसरी बत्ती चलायमान हुँदैन, त्यसरी नै परमात्माको ध्यानमा संलग्न भएको जितेन्द्रिय योगीको चित्त पनि चलायमान हुँदैन । इन्द्रियहरूबाट टाढा र सूक्ष्म बुद्धिद्वारा ग्रहण गर्न योग्य अनन्त आनन्दको अनुभव गरेर स्थिर रहने योगी परमात्माको तत्त्वबाट कहिल्यै विचलित हुँदैन । परमात्मालाई प्राप्त गरेर त्यसभन्दा ठूलो अर्को कुनै लाभको चाहना गर्दैन त्यस्तो योगी अत्यन्त दुःखहरूबाट पनि विचलित हुँदैन । दुःखरूपी संसारको संयोगबाट वियोग भएको भनेर योगलाई बुझ्नुपर्छ र धैर्यवान् चित्तले निश्चयपूर्वक योग गर्नु अपरिहार्य छ ।

योग गर्ने व्यक्तिले सङ्कल्पद्वारा उत्पन्न हुने सम्पूर्ण कामनाहरूलाई छाडी मनद्वारा सबै इन्द्रियलाई राम्रोसँग नियन्त्रण गरेर बिस्तारै बिस्तारै अभ्यासद्वारा विषयभोगबाट विरक्त भई धैर्यवान् बुद्धिद्वारा मनलाई परमात्मामा स्थित गरेर परमात्माबाहेक अन्य केही पनि चिन्तन नगरोस् र अस्थिर एवं चञ्चल मनलाई रोकेर परमात्माकै अधीनमा पुऱ्याओस् । किनभने मन राम्रोसँग शान्त नभएको र पापी व्यक्तिले कहिल्यै पनि परमात्माका साथ उत्तम शान्ति प्राप्त गर्न सक्तैन ।

योगमा चित्तलाई जोडिसकेको र सबैमा समभाव देख्ने व्यक्तिले आत्मालाई सबै प्राणीमा रहेको र सबै प्राणीलाई आत्मामा रहेको देख्तछ । यसरी सम्पूर्ण प्राणीमा सबैको आत्मरूप भगवान्‌लाई देख्ने र सम्पूर्ण प्राणीलाई भगवान्‌कै

अंश देख्ने व्यक्तिका लागि भगवान् अदृश्य हुँदैनन् भने त्यस्तो व्यक्ति पनि भगवान्का लागि अदृश्य हुँदैन अपितु त्यस्ता भक्त र भगवान् दुवैको साक्षात्कार हुन्छ । एकाग्र भएर सम्पूर्ण प्राणीहरूमा आत्मरूपमा भगवान् रहेका छन् भनेर ठान्ने व्यक्ति भगवान्मै लीन हुन्छ । यसरी परमात्मामा लीन हुने योगहरूमध्ये जसले आफूलाई र सबै प्राणीहरूलाई तथा सुख र दुःखलाई पनि समान देख्छ त्यस्तो योगी भगवान्का दृष्टिमा सर्वोत्कृष्ट ठहरिन्छ ।

जतिसुकै समभावले योगका बारेमा चर्चापरिचर्चा गरे पनि मन चञ्चल भयो भने त्यसलाई बुझ्न सकिँदैन । वायुलाई रोक्न कठिन भएजस्तै अत्यन्त चञ्चल, दृढ, बलवान् र दुःखदायक मनलाई नियन्त्रण गर्न गाह्रो छ तापनि भगवत्प्राप्तिका लागि बारम्बार गरिएको अभ्यास र वैराग्यद्वारा त्यसलाई नियन्त्रण गर्न सकिन्छ । जसको मन वशमा छैन त्यस्तो व्यक्तिका लागि योग दुष्प्राप्य छ भने मनलाई वशमा राखेका व्यक्तिले योगलाई सहज रूपमा ग्रहण गर्न सक्छ ।

जसले योगमा श्रद्धा राख्छ तर जो संयमी छैन र भगवत्प्राप्तिको मार्गमा मोहित छ तर आश्रयवान् छैन भने पनि त्यस्तो व्यक्ति नष्ट एवं भ्रष्ट हुँदैन । योगमार्गमा प्रवृत्त हुने यस्तो व्यक्ति स्वर्गमा धेरै वर्ष बसेर पुनः पवित्र कुलमा जन्म लिन पुग्छ अथवा स्वर्गमा नपुगे पनि यस्तो वैरागी व्यक्तिले ज्ञानवान् योगीहरूको कुलमा जन्म लिन्छ, जुन जन्म यस संसारमा अत्यन्त दुर्लभ अर्थात् श्रेष्ठ मानिन्छ । यसरी पुनर्जन्म लिने व्यक्तिले पूर्वजन्मको समबुद्धिरूप योगको संस्कारलाई सहजै प्राप्त गर्दछ र त्यसकै प्रभावले गर्दा

पुनः भगवत्प्राप्तिरूप सिद्धिका लागि ऊ बढ्ता प्रयत्नशील रहन्छ । यस्तो व्यक्ति पराधीन भए तापनि पूर्वाभ्यासद्वारा भगवान्प्रति आकर्षित हुन्छ भने योगको जिज्ञासुले पनि शास्त्रविहित सकाम कर्मफललाई उल्लङ्घन गर्न सक्छ । तर प्रयत्नपूर्वक अभ्यास गर्ने योगी पूर्वजन्मको संस्कारले यसै जन्ममा संसिद्ध भएर सम्पूर्ण पापले रहित भई मोक्ष प्राप्त गर्दछ । तपस्वीहरूभन्दा, शास्त्रज्ञाताहरूभन्दा र सकाम कर्म गर्नेहरूभन्दा योगी श्रेष्ठ मानिन्छ र सबै योगीहरूमध्येमा पनि निरन्तर भगवान्को भजन गर्ने श्रद्धावान् योगी नै भगवान्का लागि सर्वश्रेष्ठ मानिएको छ । त्यसैले अर्जुनमात्र होइन हामीहरू पनि आत्मसंयमी र श्रद्धावान् योगी बन्न अग्रसर हुनु आवश्यक छ ।

❑

डिल्लीरमण-कल्याणी रेग्मी स्मारक पुस्तकालय
Dilliraman-Kalyani Regmi Memorial Library
२०५४ 1997
Kathmandu, Nepal
काठमाडौं, नेपाल
१८८३८

ज्ञान र विज्ञान

केही जान्नु वा बुझ्नुलाई हामीले ज्ञान भन्ने गर्छौं । औपचारिक वा अनौपचारिक रूपमा लिइने शिक्षालाई पनि हामीले ज्ञान नै ठान्छौं । प्रयोगशालाको समेत उपयोग गरेर लिइने ज्ञान हाम्रो बुझाइमा विज्ञान हो । विज्ञानले सैद्धान्तिक र प्रायोगिक दुवै बुझाइको अपेक्षा राख्छ भने ज्ञान सामान्यतया सैद्धान्तिक क्षेत्रमा मात्र सीमित रहन्छ भन्ने हाम्रो परम्परागत बुझाइ छ । यस दृष्टिले ज्ञान सामान्य ज्ञान हो भने विज्ञान विशिष्टीकृत ज्ञान हो । यस्तो विशिष्टीकृत ज्ञानलाई बालकृष्ण समले किन 'ज्ञान मर्दछ हाँसेर रोई विज्ञान मर्दछ' भनी उपेक्षा गरेका होलान् ? भनेर हामी एकछिन अलमलिन्छौं । उनले अध्यात्मवादका लागि ज्ञान शब्दको र भौतिकवादका लागि विज्ञान शब्दको प्रयोग गरेको हुनुपर्छ । आध्यात्मिक ज्ञानले आफूलाई वा आत्मालाई चिन्ने प्रयत्न गर्दछ भने भौतिकवादले सांसारिक र अनुभवजन्य ज्ञानमा बढ्ता जोड दिन्छ । यस संसारमा बाँच्नका लागि लौकिक ज्ञान वा अनुभवजन्य सांसारिक ज्ञान नभई हुँदैन भने बारम्बार पुनर्जन्मको चक्करमा रिंगिरहन नपरोस् र सांसारिक मोहबाट मुक्त भई परमात्मामा लीन हुन पाइयोस् भन्ने आकाङ्क्षाले ज्ञानलाई पनि हामीले जीवनकै अभिन्न अङ्गका रूपमा स्वीकार गर्नु अपरिहार्य छ । विज्ञानको द्रुततर विकास

भइरहे पनि हामी आन्तरिक रूपमा दिनानुदिन दुःखी बन्दै गएका छौं भने विज्ञानका तुलनामा ज्ञानको गहन अध्ययन अनुसन्धान नभएका कारण बाह्य रूपमा दुःखीजस्तो देखिनु परे पनि ज्ञानी वा योगीहरू आन्तरिक रूपमा प्रसन्न छन् । विज्ञानको यही आन्तरिक दुःखान्त र ज्ञानको यही आन्तरिक प्रसन्नताकै सन्दर्भमा 'ज्ञान मर्दछ हाँसेर रोई विज्ञान मर्दछ' को तात्पर्य पनि बुझ्न सकिन्छ ।

वास्तवमा यो संसार ज्ञान र विज्ञानको चमत्कारबाट नै चलिरहेको छ र यी दुवैलाई बुझ्ने हो भने संसारमा कुनै पनि जान्नुपर्ने चीज बाँकी हुँदैन । हजारौं मान्छेमा कुनै एकजनाले भगवत्प्राप्ति वा कुनै कामको सिद्धिका लागि प्रयास गर्छ । त्यसरी प्रयास गर्ने सिद्धहरूमध्येमा पनि कुनै एउटाले मात्र भगवान्लाई वा कुनै सिद्धिलाई तात्त्विक रूपमा बुझ्दछ । त्यसैले भगवत्प्राप्ति वा कुनै सफलता प्राप्त गर्ने सौभाग्य सबैले प्राप्त गर्न सक्तैनन् र जजसले सफलता प्राप्त गर्न सक्छन् तिनीहरू नै वास्तवमा ज्ञानी र विज्ञानी भएका कारण सुखी पनि हुन सक्छन् ।

संसारमा दुई प्रकारका प्रकृति छन् : जड प्रकृति र चेतन प्रकृति । यिनलाई क्रमशः अपरा र परा पनि भनिन्छ । पृथ्वी, जल, तेज, वायु, आकाश, मन, बुद्धि र अहङ्कार यी आठ जड प्रकृति हुन् भने जसद्वारा यो सम्पूर्ण जगत् धारण गरिएको छ त्यस्ता भगवान्को जीवरूप प्रकृति नै चेतन प्रकृति हो । संसारका सबै प्राणीहरू यी दुवैद्वारा उत्पन्न हुन्छन् र सम्पूर्ण जगत्को उत्पादक र संहारक पनि भगवान् नै मानिन्छन् ।

धागामा उनिएको मणिजस्तै सारा जगत् भगवान्मै गाँसिएकाले जगत् सञ्चालनमा भगवान्भन्दा अर्को कुनै पनि निमित्त छैन । त्यसकारण भगवान्ले आफूलाई जलमा रस, चन्द्रसूर्यमा प्रकाश, सबै वेदमा ओङ्कार, आकाशमा शब्द, मान्छेमा पुरुषत्व, पृथ्वीमा पवित्र गन्ध, अग्निमा तेज, सबै प्राणीहरूमा जीवन र तपस्वीहरूमा तपस्या हुँ भनेका छन् । त्यसका साथै सम्पूर्ण प्राणीहरूको बीज, बुद्धिमान्हरूको बुद्धि, तेजस्वीहरूको तेज, बलवान्हरूको काम र रागले रहित भएको बल तथा सबै प्राणीहरूमा धर्मअनुकूलको काल पनि मै हुँ भनेर भगवान्ले स्वीकार गरेका छन् । सात्त्विक, राजस र तामस गुणद्वारा हुने भावहरू पनि भगवान्बाट नै उत्पन्न हुन्छन् तर तिनमा भगवान् अनि तिनीहरू भगवान्मा भने रहँदैनन् । यी तीन प्रकारका भावद्वारा यो सारा संसार मोहित भएका कारण 'भगवान् यी तीनवटै गुणभन्दा पर छन्' भन्ने कुरा बुझ्न नसकिएको हो । यो दैवी त्रिगुणमयी मायाबाट तर्न अत्यन्त कठिन छ तर जुन व्यक्तिले भगवान्को निरन्तर भजन गर्छ त्यही व्यक्ति सांसारिक मायाबाट मुक्त हुन्छ । सांसारिक मायाद्वारा आफ्नो सारा ज्ञानलाई हराइसकेका आसुरी प्रवृत्तिका नराधम र मूर्ख व्यक्तिले भगवान्लाई भज्न रुचाउँदैनन् । जसका कारण यस्ता नास्तिक व्यक्तिहरू सदैव सांसारिक मायाजालमा नै फसिरहन्छन् ।

सांसारिक पदार्थ प्राप्तिका लागि भज्ने 'अर्थार्थी', संशय निवारणका लागि भजन गर्ने 'आर्त', भगवान्को वास्तविक स्वरूप जान्ने इच्छाले भज्ने 'जिज्ञासु' र ज्ञानको चाहनाले भजन गर्ने 'ज्ञानी' गरी चार प्रकारका भक्तजनले भगवान्को भजन

गर्छन् । ती चारै प्रकारका भक्तजनहरूमध्ये एकाग्रतापूर्वक सदैव भगवान्मा भक्ति राख्ने ज्ञानी नै सर्वश्रेष्ठ भक्त मानिन्छ । किनकि ज्ञानीका लागि भगवान् अत्यन्त प्रिय हुन्छन् भने भगवान्का लागि ज्ञानी पनि अत्यन्त प्रिय नै मानिन्छ । सबै भक्तजनहरू उदार हुन्छन् तर ज्ञानी भने साक्षात् भगवान्कै स्वरूप हो किनकि ज्ञानी अत्युत्तम गतिस्वरूप भगवान्मा नै सदैव दत्तचित्त रहन्छ । धेरै जन्महरूको अन्तमा तत्त्वज्ञानलाई प्राप्त गरेको ज्ञानी भक्तले 'वासुदेव नै सर्वस्व हुन्' भन्ने ठानेर भगवान्लाई भज्दछ र त्यस किसिमको महात्मा पाउन भगवान्लाई दुर्लभ हुन्छ ।

विभिन्न भोगहरूको चाहनाले गर्दा जसको ज्ञान नै हराएको छ त्यस्ता व्यक्तिहरू आफ्नो वैयक्तिक स्वभावद्वारा अभिप्रेरित भएर तत्तत् नियमलाई पालना गरी अन्य देवताहरूको भजन र पूजा गर्दछन् । जुनजुन सकाम भक्तले श्रद्धापूर्वक जुनजुन देवताको पूजा गर्दछन् तीती भक्तको श्रद्धा तत्तत् देवतामा स्थिर रहन्छ । त्यसरी श्रद्धापूर्वक जुनजुन देवताको पूजा गरे पनि पूजा गर्ने व्यक्तिले तत्तत् देवताद्वारा आफ्नो अभीष्ट प्राप्त गर्दछ । परन्तु अल्पबुद्धिवाला भक्तले प्राप्त गरेको फल नाशवान् छ । देवताहरूलाई पुज्ने व्यक्तिले देवतालाई प्राप्त गर्दछन् भने दत्तचित्त भएर एउटै भगवान्को भजन गर्ने व्यक्तिले पनि इच्छित भगवान्लाई प्राप्त गर्दछ ।

मूर्ख व्यक्तिहरूले भगवान्को अनुत्तम र अविनाशी भावलाई नजानेर भगवान्लाई पनि मान्छेलाई जस्तै व्यक्तिभाव प्राप्त गरेको ठान्दछन् । योगमायाद्वारा ढाकिएको

हुँदा भगवान् सबैका सामु प्रकट हुँदैनन् । जसका कारण अज्ञानी जनसमुदायले अजन्मा अविनाशी भगवान्लाई बुझ्न नसकी भगवान् पनि जन्मन्छन् र मर्दछन् भन्ने भूल गर्छन् । भगवान्ले भूत, वर्तमान र भविष्यमा हुने सबै प्राणीहरूलाई जान्दछन् तर श्रद्धा र भक्तिले हीन भएको कुनै पनि व्यक्तिले भगवान्लाई चिन्न सक्तैन ।

संसारमा इच्छा र द्वेषद्वारा उत्पन्न भएको द्वन्द्वरूपी मोहले गर्दा सम्पूर्ण प्राणीहरू अत्यन्त मूर्खतालाई प्राप्त गरिराखेका छन् भने पुण्यकर्म गर्ने व्यक्तिहरूको पाप नष्ट हुनाका साथै द्वन्द्वरूपी मोहद्वारा मुक्त र दृढनिश्चयी भएका कारण तिनले भगवान्को भजन गरिराखेका छन् । भगवान्को शरणमा परेर जुनजुन व्यक्ति जरा र मरणबाट मुक्त हुनका लागि प्रयास गर्छन् त्यस्ता व्यक्तिहरूले परब्रह्मलाई, सम्पूर्ण अध्यात्मलाई र सबै कर्मलाई पनि जान्दछन् । जसले अन्तकालमा पनि आधिभौतिक, आधिदैविक र आध्यात्मिक स्वरूपको भगवान्लाई जान्दछ त्यस्ता व्यक्तिले भगवान्लाई अवश्य पनि प्राप्त गर्दछ ।

ज्ञानविनाको विज्ञान र विज्ञानविनाको ज्ञान दुवै अपाङ्ग हुन्छन् । शारीरिक अपाङ्गले जस्तो ज्ञान वा विज्ञानमात्रको अपाङ्गले आफूलाई अपाङ्ग देख्न सक्तैन । आफ्नो अपाङ्गता देख्न नसक्ता मान्छे अहङ्कारको शिखर चढिरहन्छ । वर्तमान विश्वमा विज्ञानको अहङ्कार बढी छ भने ज्ञानले पनि विज्ञानको अहङ्कारलाई न्यून गर्न सकिरहेको छैन । ज्ञान र विज्ञान दुवैका अहङ्कारको द्वन्द्वले वर्तमान संसार दिनानुदिन दुःखी हुँदै गएको छ । तसर्थ

साङ्ग जीवन जिउने हो र विश्वलाई पनि अपाङ्गमुक्त तथा यथासम्भव द्वन्द्वरहित बनाउने हो भने बालकृष्ण समले भनेझैं 'ज्ञानविज्ञानको हात जोड्नुपर्दछ कर्ममा' भन्ने मूलमन्त्र जप्तै हाम्रा पाइलाहरू कर्तव्यपथमा अग्रसर भइरहनु आवश्यक छ ।

❑

परमधाम कि पुनर्जन्म ?

हामीसँगै रहेबसेका व्यक्ति केही समय बिछोड हुँदा त हामी दुःखी हुन्छौं भने सधैंका लागि हामीसँग बिछोड हुँदा दुःखी हुनु अस्वाभाविक होइन । सधैंका लागि हामीलाई छोडेर जाने व्यक्ति फर्किएर हामीलाई नै भेट्न त नआउलान् तर उनी पुनः यही लोकमा जन्मलिन आइपुग्छन् कि आइपुग्दैनन् भन्ने कुनै एउटा कुराको पक्ष लिन भने हामीलाई निकै गाह्रो हुन्छ । हामीमध्ये धेरैले पुनर्जन्ममा विश्वास त गर्छौं तर सकेसम्म आफ्नो पुनर्जन्म नभइदियोस् भन्ने चाहन्छौं । शरीर त्याग गर्दाबित्तिकै सबैजना परमधाम नै जान्छन् भन्ने हामीमा भ्रम छ । जसका कारण हामीले आफ्नो पुनर्जन्म हुँदैन होला भनेर कल्पना गर्नु स्वाभाविक भए पनि त्यसलाई सत्य स्वीकार गर्न सकिँदैन । परमधाम हुनु भनेको मृत्यु भएंर परलोक जानु हो, मोक्ष प्राप्त गरी पुनर्जन्मको चक्करमा नफस्नु हो । परलोक पनि स्वर्ग र नरक दुईवटा भएकाले हामी कुन लोक जान्छौं भन्ने कुराको निर्णय हाम्रै कर्महरूले निर्धारण गर्दछन् । आफ्ना चाहना वा उद्देश्यहरूको पूर्तिका लागि गरिने सकाम कर्महरूबाट हामी स्वर्गलोक वा वास्तविक परमधाम जान सक्तैनौं र यही मर्त्यलोकमा हाम्रो बारम्बार पुनर्जन्म भइरहन्छ । कुनै पनि चाहना वा

उद्देश्य नराखी हामीले एकाग्रतापूर्वक गर्ने निष्काम कर्मका माध्यमबाट हाम्रो मोक्ष हुनसक्छ र वास्तविक परमधाममा पुगेपछि हाम्रो पुनर्जन्म हुँदैन । बारम्बार पुनर्जन्मको चक्करमा फस्न नपरेपछि नै हामीले वास्तविक र अलौकिक सुख पनि प्राप्त गरिरहने छौं ।

युद्धमैदानमा उपस्थित भएका अर्जुनले श्रीकृष्णसँग परब्रह्म, अध्यात्म, अधिभूत, अधियज्ञ र अधिदेव भनेको के हो, यस शरीरमा अधियज्ञ कसरी रहन्छ र अन्तिम समयमा योगीहरूले भगवान्‌लाई कसरी चिन्दछन् भन्ने जिज्ञासा राखेका थिए । त्यसै सन्दर्भमा श्रीकृष्णले परमधामको गति र स्वरूप तथा पुनर्जन्म हुनुपर्ने अवस्थाका बारेमा अर्जुनलाई उपदेश गरेका हुन् । तदनुसार परम अक्षर नै परब्रह्म हो भने स्वभाव वा जीवात्मालाई अध्यात्म भनिन्छ । प्राणीहरूको भावनालाई उत्पन्न गर्ने त्याग नै कर्म हो । उत्पत्ति भएर विनाश हुने सबै पदार्थलाई अधिभूत, विराट् पुरुष वा परब्रह्मलाई अधिदेव र हाम्रो शरीरमा रहने भगवान्‌लाई अधियज्ञ भनिन्छ ।

जुन व्यक्ति अन्तिम समयमा भगवान्‌को स्मरण गर्दै शरीर त्याग गर्छ त्यस्तो व्यक्तिले निःसन्देह साक्षात् भगवान्‌कै स्वरूपलाई प्राप्त गर्दछ । अन्तिम अवस्थामा जुनजुन भाव वा चाहनाको स्मरण गर्दै शरीर त्याग गरिन्छ मृत शरीरको अमर आत्माले तीती भावलाई ग्रहण गर्दछ । त्यसैले मृत्युशय्यामा पुगेका व्यक्तिका हरेक चाहनालाई पूर्ति गर्ने र एकाग्रतापूर्वक भगवान्‌को स्मरण गर्न लगाएर मुक्तिको कामना गर्ने परम्परा हाम्रो समाजमा चल्दै आएको हो ।

अभ्यासरूप योगले युक्त भएर कतैतिर नजाने चित्तले बारम्बार चिन्तन गरेमा परमेश्वरलाई प्राप्त गर्न सकिन्छ । जसले सर्वज्ञ, अनादि, सबैका नियन्ता, सूक्ष्मभन्दा अति सूक्ष्म, सबैको पालनपोषण गर्ने, अचिन्त्यस्वरूप, सूर्यको जस्तो चेतना फैलाउने प्रकाशरूप भएका र अँध्याराबाट टाढा रहेका ईश्वरको सधैं स्मरण गर्छ त्यसले अन्तकालमा समेत योगको बलद्वारा आँखीभौंको मध्यभागमा प्राणलाई राम्ररी स्थापित गरेर बारम्बार चिन्तन गरिएका उनै दिव्यरूप परमेश्वरलाई प्राप्त गर्दछ ।

सबै इन्द्रियका द्वारहरूलाई रोकी मनलाई हृदयमा स्थिर गरेर विजित मनद्वारा प्राणलाई शिरमा स्थापित गरी परमात्मासम्बन्धी योगधारणमा रहेर जसले 'ॐ' यो एक अक्षररूपी ब्रह्मको उच्चारण गर्दै र त्यसको अर्थस्वरूप भगवान्को चिन्तन गर्दै शरीर त्याग्दछ त्यसले परमगति अर्थात् मोक्ष पाउँछ । जसले अनन्यचित्त भएर सदासर्वदा ईश्वरको स्मरण गर्छ त्यस्तो निरन्तर ईश्वरमा नै युक्त भएको योगीका लागि ईश्वर सदैव सुलभ हुन्छन् । परमगतिलाई प्राप्त गरेका महात्माहरूले ईश्वरलाई प्राप्त गरेर दुःखालय अर्थात् दुःखको घर र अशाश्वत पुनर्जन्म प्राप्त गर्नु पर्दैन ।

कालको गणना गरिने भएकाले ब्रह्मलोकपर्यन्त सबै लोकहरू पुनरावर्ती वा पुनर्जन्म लिनुपर्ने लोक हुन् भने परमेश्वरको वास हुने वैकुण्ठ लोक प्राप्त गरेपछि पुनर्जन्म लिनुपर्दैन । मान्छेको एक हजार चतुर्युग बराबर ब्रह्माको एकदिन तथा मान्छेको एक हजार चतुर्युग बराबर ब्रह्माको एक रात हुन्छ भन्ने कुरा बुझ्ने व्यक्तिले कालको तत्त्वलाई

जान्दछ । संसारमा सबै चराचर प्राणीहरू ब्रह्माको दिनको प्रवेशकालमा ब्रह्माको सूक्ष्म शरीरबाट उत्पन्न हुन्छन् भने ब्रह्माको रातको प्रवेशकालमा ब्रह्माको सूक्ष्म शरीरमा नै विलीन हुन्छन् । त्यही प्राणीसमुदाय बारम्बार उत्पन्न भएर प्रकृतिको अधीनमा रही रातको प्रवेश कालमा लीन हुन्छ भने पुनः दिनको प्रवेशकालमा उत्पन्न हुन्छ । त्यस अव्यक्तभन्दा पनि पर अर्को सनातन अव्यक्त भाव छ जुन सबै प्राणीहरू नष्ट हुँदा पनि नष्ट हुँदैन । जुन अव्यक्त भावलाई अक्षर र परमगति पनि भनिन्छ । त्यस सनातन अव्यक्त भावलाई प्राप्त गरेर पुनः मर्त्यलोकमा फर्केर आउनुपर्दैन वा पुनर्जन्म लिनुपर्दैन । त्यही नै ईश्वरको र मोक्ष प्राप्त गरेका मनुष्यको पनि परमधाम हो । जुन परमात्माका अन्तर्गत सबै प्राणीहरू छन् र जुन परमात्माद्वारा यो सम्पूर्ण संसार परिपूर्ण छ त्यस्ता सनातन परमेश्वरलाई अनन्य भक्तिभावद्वारा मात्र प्राप्त गर्न सकिन्छ ।

अग्नि प्रज्वलित भएको समय, सूर्य चम्किरहेको दिन, शुक्लपक्ष र उत्तरायणका बेलामा मृत्यु भएका व्यक्तिले परब्रह्म परमेश्वरलाई प्राप्त गर्दछन् भने आगो नबलेर धुँवा पुत्ताइरहेको अवस्था, अँध्यारो रात र दक्षिणायनका बेलामा मरेका व्यक्तिहरू स्वर्गमा आफ्ना शुभकर्मको फल भोगेर मर्त्यलोकमा फर्कन्छन् अर्थात् पुनर्जन्म लिन्छन् । संसारमा शुक्ल र कृष्ण गरी दुई प्रमुख मार्ग छन् । यीमध्ये शुक्लमार्गबाट हिंड्दा वास्तविक परमधाम प्राप्त हुने भएकाले पुनर्जन्म लिनुपर्दैन भने कृष्णमार्गमा प्रवृत्त हुँदा बारम्बार पुनर्जन्म लिइरहनुपर्छ । यी दुवै मार्गलाई तत्त्वपूर्वक जान्ने कुनै पनि योगी सांसारिक

मायाजालबाट मोहित नभई भगवत्प्राप्तिका लागि साधनारत हुन्छ । जसले यस रहस्यलाई जान्दछ त्यसले वेद पढ्दा, यज्ञ, तपस्या, दान आदि गर्दा प्राप्त हुने फललाई पनि अतिक्रमण गरेर सनातन अव्यक्त परमेश्वरलाई प्राप्त गर्दछ ।

धेरैजसो मान्छेले निष्काम भावले कुनै पनि कर्म गर्दैनन् र सकाम भावले कर्म गरे पनि कमै मान्छेले मात्र सुकर्म गर्छन् । सुकर्म गर्नेहरूमध्येमा पनि केही व्यक्तिमात्र क्रमशः निष्काम योगमा प्रवृत्त हुनसक्छन् र त्यस्ता व्यक्तिले आफ्ना कर्ममा ममत्व छाड्दै जान सकेका खण्डमा तिनको मुक्ति र परमधाम यात्रा सहज हुनसक्छ भने ममत्व छाड्न नसक्ने र आफूलाई प्रत्येक कर्मको कर्ता ठानिरहन मन पराउने व्यक्तिका लागि परमधाम होइन यही मर्त्यलोक नै मन परिरहने भएकाले तिनले यही लोकमा पुनर्जन्म लिइरहन्छन् र तिनीहरू सदैव दुःखको जन्जालमा फँसिरहन्छन् ।

❑

योगक्षेम

विना उद्देश्य मूर्ख मान्छे पनि कुनै काममा प्रवृत्त हुँदैन भने विशिष्ट मान्छेमात्र होइन सामान्य मान्छे पनि केही न केही उद्देश्य राखेर कर्ममा प्रवृत्त भइरहेका हुन्छन् । योजना वा उद्देश्य निर्धारण गर्नुमात्र ठूलो कुरा होइन, कार्यान्वयनमा ल्याउनुमा नै त्यसको सार्थकता रहन्छ । आफ्नो उद्देश्यपूर्तिका लागि हामी सोझो बाटोभन्दा घुमाउरो वा चोरबाटो हिंड्न बढी मन पराउँछौं । हामी आफ्नो काम आफैले कम गर्छौं र अरू माध्यमबाट गराउन तम्सिन्छौं । कुनै स्रोत र शक्तिका माध्यमबाट आफ्नो योजना कार्यान्वयन गर्न रुचाउनु हाम्रो नैसर्गिक बानीजस्तै भइरहेको छ । इच्छित वा अप्राप्त वस्तुको प्राप्तिमा हाम्रो प्रत्यक्ष संलग्नता कम हुँदै गएको छ । आफ्नो उद्देश्यपूर्ति गर्दाका कठिनाइहरूबाट हामीहरू बेखबर त बनेका छैनौं तर तिनको पूर्णतः अनुभूति हामीसँग छैन । जसोतसो गरेर हामीले सफलता त हात पार्छौं तर त्यसलाई जोगाउन वा संवर्द्धन गर्ने विषयमा हामी अग्रसर हुन खोज्दैनौं । सफलता हात पारेर पनि त्यसलाई जोगाउन क्षेम वा प्रयत्न नै गरिएन भने हामीले प्राप्त गर्ने सफलताको कुनै अर्थ रहँदैन । हामीमध्ये केही व्यक्ति कर्मयोगी वा ज्ञानयोगी हौंला र केही व्यक्ति क्षेमवान् पनि हौंला तर हाम्रो

भीडबाट योगक्षेमवान् व्यक्ति भेट्न भने वर्तमानमा निकै गाह्रो हुँदै गएको छ ।

युद्धमैदानमा खडा भएका अर्जुनले पाण्डव पक्षबाट युद्धको नेतृत्व गर्ने सौभाग्य त प्राप्त गरे तर आफन्तीजनसँग युद्ध गर्नुपर्ने स्वार्थान्धताका कारण आफ्नो नेतृत्वदायी भूमिकालाई वहन गर्न छाडेर युद्धबाट पलायन हुन खोज्दा उनी योगक्षमी बन्न सकेनन् । त्यसै सन्दर्भमा श्रीकृष्णले उनलाई योगीमात्र होइन क्षेमवान् पनि बन्नु आवश्यक छ भन्ने उपदेश दिएका हुन् ।

विज्ञानसहित ज्ञानमा श्रद्धा नहुने व्यक्तिले परमात्मालाई प्राप्त गर्न नसक्ने हुँदा त्यस्तो व्यक्ति जन्ममृत्युरूपी सांसारिक मार्गमा भ्रमण गरिरहन्छ । यो सम्पूर्ण संसार परमात्माद्वारा परिपूर्ण छ र सबै प्राणीहरू परमात्मामै आश्रित छन् तर परमात्मा कसैको आश्रयरूप बन्धनमा छैनन् । आकाशमा विचरण गर्ने वायु जसरी आकाशमै रहन्छ त्यसरी नै सबै प्राणीहरू पनि परमात्मामा नै आश्रित छन् । कल्पको अन्तमा सबै प्राणीहरू प्रकृतिमा नै लीन हुन्छन् भने कल्पको आदिमा कर्मका आधारमा तिनलाई भगवान्ले पुनः सृष्टि गर्दछन् । भगवान्कै अध्यक्षतामा सम्पूर्ण चराचर जगत्को सृष्टि भएकाले सांसारिक चक्र बारम्बार घुमिरहेको हो । भगवान्को अनुत्तम र अविनाशी परमभावलाई नजान्ने मूर्ख व्यक्तिहरू मनुष्यको शरीर धारण गरी मनुष्य रूपमा विचरण गर्ने परमेश्वरलाई साधारण मनुष्य ठान्दछन् । त्यस्ता व्यर्थ आशा, निरर्थक कर्म, निष्प्रयोजन ज्ञान र विक्षिप्त चित्त भएका व्यक्तिहरूले राक्षसी, आसुरी र मोहनी स्वभावलाई धारण गर्दछन् । परन्तु

दैवी स्वभावमा आश्रित हुने महात्माहरूले भगवान्‌लाई सम्पूर्ण प्राणीहरूको आदि कारण ठानेर उनको सधैं कीर्तन, उनलाई पाउने प्रयत्न र उनलाई प्रणाम गरेर अविनाशी भगवान्‌को अनन्यभावले भजन र उपासना गर्दछन् । त्यसैगरी कसैले ज्ञानयज्ञद्वारा अनि कसैले ईश्वरको विराट् रूपलाई पृथक् भावले उपासना गर्दछन् ।

विशेष यज्ञ तथा सामान्य यज्ञ, स्वधा, औषधि, मन्त्र, घिउ, अग्नि, हवन, सम्पूर्ण जगत्‌का धारक तथा पोषक, पिता, माता, पितामह, जिज्ञासु, पवित्र ओङ्कार, ऋग्वेद, सामवेद, यजुर्वेद, गति, भरणपोषण गर्ने मालिक, शुभ र अशुभ कर्म हेर्ने साक्षी, वासस्थान, शरण, प्रत्युपकारको चाहना नगर्ने सुहृत्, प्रलय, आधार, निधान र अविनाशी पनि परमात्मा नै हुन् । भगवान्‌ले नै तताउँछन्, वर्षालाई आकर्षण गर्छन् र वर्षा पनि गराउँछन् । उनी अमृतमात्र होइनन् मृत्यु पनि हुन् अनि सत् र असत् पनि उनी नै हुन् ।

तीनवटै वेदमा विहित कर्म गर्नेहरू, सोमरस पिउनेहरू, देवऋणरूपी पापबाट पवित्र भएकाहरू र यज्ञ गरेर स्वर्ग जान चाहनेहरूले आफ्नो पुण्यफलका कारण स्वर्गलोकमा पुगी दिव्य देवताहरूको भोगलाई प्राप्त गर्दछन् । त्यसरी विशाल स्वर्गलोकलाई भोगेर आफ्नो पुण्य क्षीण भएपछि तिनीहरू यही मर्त्यलोकमा आउँछन् । यसरी तीनवटै वेदमा विहित सकाम कर्म र भोगको कामना गर्ने व्यक्तिहरूको स्वर्गलोक र मर्त्यलोकमा बारम्बार आवागमन भइरहन्छ । ईश्वरसँग अनन्य प्रेम गर्ने जुन भक्तजनले निष्काम भावले भगवान्‌को निरन्तर चिन्तन गर्छन् त्यसरी चिन्तन गर्ने भक्तजनलाई भगवान्‌ले

नै योगीमात्र होइन क्षेमवान् पनि बनाउँछन् । योगक्षेम वहन गर्ने नचाहने व्यक्तिलाई भगवान्ले पनि होस्टेमा हैँसे गर्न सक्तैनन् ।

श्रद्धाले युक्त भएर जुन भक्तले कामनासहित अन्य देवताहरूको पूजा गर्दछन् तिनले पनि श्रीकृष्णको नै पूजा गरेको मानिन्छ तापनि त्यस्ता भक्तजनले गर्ने अन्य देवताको पूजा विधिपूर्वकको नभई अज्ञानपूर्वक नै गरिएको ठहरिन्छ । किनभने सम्पूर्ण यज्ञका भोक्ता र प्रभु पनि श्रीकृष्ण नै हुन् तर अन्यदेवपूजक भक्तहरू श्रीकृष्णको तत्त्वलाई नजानेका कारण तत्त्वच्युत भई पुनर्जन्मको चक्रमा बारम्बार घुमिरहन बाध्य हुन्छन् । देवताहरूको पूजा गर्नेले देवतालाई प्राप्त गर्दछन्, पितृहरूको पूजा गर्नेले पितृलाई पाउँछन्, भूतप्रेतहरूको पूजा गर्नेले भूतप्रेतलाई प्राप्त गर्दछन् र श्रीकृष्णको पूजा गर्नेले श्रीकृष्णलाई नै प्राप्त गर्ने भएकाले श्रीकृष्णका भक्तले पुनर्जन्म लिनुपर्दैन ।

जुन भक्तले भगवान्का लागि भक्तिभावनाले पत्र, पुष्प, फल, जल आदि समर्पण गर्दछ, भक्तद्वारा त्यसरी भक्तिपूर्वक अर्पण गरिएका सबै चीजहरू भगवान्ले प्रेमपूर्वक ग्रहण गर्दछन् । त्यसैले हामीले जेजे कर्म गर्छौं, खान्छौं, हवन गर्छौं, दान दिन्छौं र तपस्या गर्छौं ती सबै भगवान्लाई अर्पण गरेपछि मात्र भगवत्प्रसादका रूपमा आफूले ग्रहण गर्नुपर्छ । जसले आफ्ना सबै कर्महरू भगवान्लाई अर्पण गर्छ त्यस्तो कर्मयोगी व्यक्ति शुभ र अशुभ फलरूपी कर्मबन्धनबाट मुक्त हुनेछ र त्यसले परमात्मालाई नै प्राप्त गर्नेछ ।

भगवान् सबै प्राणीहरूमा समभावले रहन्छन् । उनका लागि कोही अप्रिय छैन र प्रिय पनि छैन तर जसले भक्तिपूर्वक भगवान्‌को आराधना गर्छ त्यस्तो भक्तजन भगवान्‌मा र भगवान् पनि त्यस्तो भक्तजनमा रहन्छन् । त्यतिमात्र होइन कुनै दुराचारी व्यक्तिले पनि अनन्यभावले भगवान्‌को उपासना गर्छ भने त्यसलाई साधु नै मान्न सकिन्छ । किनभने त्यस्ता व्यक्तिमा यथार्थ र अयथार्थका बीचमा निश्चय गर्नसक्ने सामर्थ्य हुन्छ । त्यस्तो व्यक्ति तत्काल धर्मात्मा हुन्छ र त्यसले शाश्वत परमशान्ति पनि प्राप्त गर्दछ । त्यसैले भगवान्‌का भक्तहरू कहिल्यै पनि नाश हुँदैनन् र उनीहरूको सदैव समृद्धि नै हुन्छ ।

स्त्री, वैश्य, शूद्र, पापयोनि प्राप्त गरेका आदि जोसुकै पनि भगवान्‌को शरणमा पुगेर परमगतिलाई प्राप्त गर्दछन् भने पुण्यात्मा ब्राह्मण र राजर्षि जस्ता भक्तजनहरूले भगवान्‌को शरणमा गएर परमगति प्राप्त नगर्ने कुरै भएन । त्यसैले सुखरहित र विनाशशील मनुष्य जन्म पाएर भगवान्‌को भजन गरिरहनु आवश्यक छ । भगवान्‌मा नै मन लगाएर, उनको भक्त बनेर, उनको पूजा र उनलाई नमस्कार गरेर, आफ्नो आत्मालाई भगवान्‌को आत्मामा नै योग गरेर अनि भगवान्‌कै अनन्यभक्त भएर मात्र भगवान्‌लाई प्राप्त गर्न सकिनेछ ।

भगवत्प्राप्ति वा कुनै पनि सफलताप्राप्तिका लागि हामीहरू एकचित्तवाला योगी बन्नैपर्छ । एकैपटक धेरै कामहरू थाल्ने वा धेरै देवताहरूको पूजा गर्नेले सफलता प्राप्त गर्न नसक्ने भएकाले कुनै पनि काममा वा भगवान्‌को उपासनामा एकाग्रता वा योग अपरिहार्य छ र यसबाट नै वास्तविक

सफलता प्राप्त गर्न सकिन्छ । सफलता प्राप्त भइसकेपछि हामीमध्ये धेरैले नदी तरेर लौरो बिर्सिएझैं सफलताप्राप्तिका प्रयासहरूलाई बिर्सिदिन्छौं र 'सुखमा नमात्तिनू' भन्ने हाम्रा पुर्खाको चिन्तनलाई पनि हामीले बेवास्ता गर्छौं । आफूलाई प्राप्त भएको महान् सफलतालाई जोगाइराख्न नसकेर हामी अक्षेम बन्न पुग्छौं र अन्ततः दुःखी हुन्छौं । योग र क्षेमको अन्योन्याश्रित सम्बन्ध भएकाले आफ्नो जीवनलाई सफल बनाउँदै हामीले वास्तविक मुक्ति पनि चाहने हो भने योगक्षेमको चिन्तनलाई सदैव मनन गरिरहनु अपरिहार्य छ ।

❑

ईश्वरीय शक्ति

बलेको आगो सबैले ताप्छन् । आफैले आगो बाल्न नसके पनि अरूले बालिदिएको आगो ताप्न हामी लालायित हुन्छौं । हामीभित्र पनि आगाको सामर्थ्य छ तर हामीले आफूभित्रको आगालाई चिन्ने प्रयत्न गर्दैनौं र शक्तिवान् भएर पनि अरूकै आगो ताप्न पछि लाग्दालाग्दा हामी सामर्थ्यहीनजस्ता भएका छौं । हामीले भगवान्लाई पुज्ने भनेको चन्दन, अक्षता, फूल, प्रसाद आदि चढाउने होइन, भगवान्ले जस्तै हामीले पनि आफूभित्रको शक्तिलाई जगाउनु हो । जबसम्म हामीले आफूभित्रको शक्तिरूपी आगो बाल्न र त्यही आगाको रापले आफूलाई न्यानो बनाउने प्रयत्न गर्दैनौं तबसम्म हामी सामर्थ्यहीन बन्दै गएर आजीवन दुःखी नै भइरहने छौं ।

श्रीकृष्ण आफैले अर्जुनसँग आफ्नो ईश्वरीय शक्तिको व्याख्यान गर्नु उचित थिएन तर उनी अर्जुनको जिज्ञासामा आफ्नो सामर्थ्यको बयान आफैले गर्न बाध्य भएका हुन् । अर्जुनभित्रको शक्तिलाई जगाउनका लागि पनि श्रीकृष्णले आत्मप्रशंसा गर्नु आवश्यक नै थियो । श्रीकृष्णप्रति अत्यन्त श्रद्धा राखेका कारण अर्जुनले श्रीकृष्णबाट ईश्वरीय शक्तिका बारेमा जानकारी हासिल गर्ने अवसर प्राप्त गरेका हुन् ।

श्रीकृष्ण सबै प्रकारले देवताहरू र महर्षिहरूका पनि आदि कारण भएकाले उनको उत्पत्तिका बारेमा देवता र महर्षिहरू पनि अनभिज्ञ थिए । जसले श्रीकृष्णलाई जन्मरहित, आदिरहित र संसारका ईश्वर हुन् भनेर बुझ्दछ मनुष्यहरूमा ज्ञानी त्यस्तो व्यक्ति सम्पूर्ण पापहरूबाट मुक्त हुन्छ । निश्चयात्मक बुद्धि, यथार्थ ज्ञान, मोहको अभाव, क्षमा, सत्य, इन्द्रियनिग्रह, मननिग्रह, सुख, दुःख, उत्पत्ति, विनाश, भय, सुरक्षा, अहिंसा, समता, सन्तुष्टि, स्वधर्माचरणको तपस्या, दान, कीर्ति र अपकीर्ति जस्ता प्राणीहरूका भिन्नभिन्न भावहरू भगवान्द्वारा नै हुन्छन् । सप्तर्षि, सनत्कुमार आदि चार र स्वायम्भुव आदि चौध मनुहरू पनि भगवान्कै सङ्कल्पद्वारा उत्पन्न भएका हुन् । यिनकै संसारमा सारा प्रजाहरूको सृष्टि भएको हो । जसले भगवान्को यस किसिमको ईश्वरीय शक्तिलाई र योगशक्तिलाई पनि तात्त्विक रूपले ग्रहण गर्दछ त्यसले निःसन्देहरूपमा भगवान्को सान्निध्य प्राप्त गर्दछ ।

सम्पूर्ण जगत्को उत्पत्ति र संरक्षण पनि श्रीकृष्णबाट नै भएको हो भनेर बुझ्ने भक्तजनहरू निरन्तर मन र प्राणसमेत अर्पण गरी सन्तोषपूर्वक उनमा नै रमाउँछन् । त्यसरी निरन्तर प्रेमपूर्वक भजन गर्ने भक्तजनलाई भगवान्ले तत्त्वज्ञान दिन्छन्, जसका माध्यमबाट उनीहरूले भगवान्लाई प्राप्त गर्दछन् । भगवान्ले पनि त्यस्ता भक्तजनको अन्तर्मनमा रहेको अज्ञानरूपी अन्धकारलाई ज्ञानरूपी बत्तीद्वारा नष्ट गरिदिन्छन् ।

भगवान्प्रति अनन्य श्रद्धा राख्ने भक्तले उनलाई परब्रह्म, परमधाम र परम पवित्र ठान्नु अस्वाभाविक होइन । भगवान् श्रीकृष्णको स्वरूपलाई न देवताले जान्दछन् न

त दानवले नै अपितु सबै प्राणीहरूलाई उत्पन्न गर्ने उनै भगवान्‌ले आफ्नो स्वभावलाई आफैले जान्दछन् । त्यसैले उनै श्रीकृष्णमात्र आफ्नो ईश्वरीय शक्तिलाई बताउन समर्थ छन् । भगवान् श्रीकृष्णको विस्तारको अन्त छैन । त्यसैले अर्जुनको अनुरोधमा आफ्नो ईश्वरीय शक्तिको सङ्क्षिप्त चर्चा गर्न श्रीकृष्ण अग्रसर भएका हुन् ।

श्रीकृष्ण भगवान् सम्पूर्ण प्राणीको हृदयमा रहने सबैका आत्मामात्र होइनन् सबै प्राणीका आदि, मध्य र अन्त पनि हुन् । द्वादशादित्यमध्येमा विष्णु, ज्योतिमा सूर्य, उनन्पचास वायुमा तेज, नक्षत्रका अधिपतिका रूपमा चन्द्रमा, चार वेदमा सामवेद, देवतामा इन्द्र, एकादशेन्द्रियमा मन, सबै प्राणीमा चेतना, एकादश रुद्रमा शङ्कर, यक्ष तथा राक्षसमा कुबेर, अष्टवसुमा अग्नि, पर्वतमा सुमेरु पर्वत, पुरोहितमा बृहस्पति, सेनापतिमा स्कन्द, जलाशयमा समुद्र, महर्षिमा भृगु, शब्दहरूमा एकाक्षरी ओङ्कार, यज्ञमा जपयज्ञ र स्थिर रहनेमध्येमा हिमालय पनि उनै श्रीकृष्ण हुन् । त्यस्तै रूखहरूमध्येमा पीपल, देवर्षिमा नारद, गन्धर्वमा चित्ररथ, सिद्धहरूमा कपिल, घोडाहरूमा उच्चैःश्रवा, हात्तीमा ऐरावत, मनुष्यमा राजा, शस्त्रमा वज्र, गाईमा कामधेनु, सन्तानोत्पत्तिमा कामदेव, सर्पमा वासुकी, नागमा अनन्त, चलचरमा वरुण, पितृहरूमा अर्यमा र प्रशासकमा यमराज पनि श्रीकृष्ण नै हुन् ।

दैत्यहरूमा प्रह्लाद, गणकमा समय, पशुमा सिंह, पक्षिमा गरुड, शुद्धकर्तामा वायु, शस्त्रधारीमा राम, माछामा मकर, नदीमा भागीरथी, सृष्टिमा आदि, मध्य र अन्त, विद्यामा अध्यात्मविद्या, विवादकमा तत्त्वनिर्णायक वाद, अक्षरमा अकार, समासमा द्वन्द्व,

कालका पनि काल अर्थात् महाकाल र सबैको पालनपोषण गर्ने पनि श्रीकृष्ण नै हुन् । जन्म र मृत्युको हेतुमात्र उनी होइनन् स्त्रीहरूमध्येमा कीर्ति, श्री, वाक्, स्मृति, मेधा, धृति र क्षमा पनि उनै हुन् । गाइने श्रुतिमा बृहत्साम, छन्दमा गायत्री, महिनामा मंसिर, ऋतुमा वसन्त, छलकपट गर्नेमा जुवा, तेजस्वीहरूमा तेज, जित्नेहरूको विजय, निश्चय गर्नेहरूको निश्चय, सात्त्विकहरूको सात्त्विकभाव, यदुवंशअन्तर्गतको वृष्णिवंशमा वासुदेव, पाण्डवमा अर्जुन, मुनिमा वेदव्यास, कविमा शुक्राचार्य, दमन गर्नेमा दण्ड, जित्न इच्छुकमा नीति, गोप्यतामा मौन, ज्ञानीमध्येमा तत्त्वज्ञानी र सम्पूर्ण चराचर जगत् श्रीकृष्णले रहित नभएकाले सम्पूर्ण प्राणीको उत्पत्तिको बीज पनि उनै श्रीकृष्ण हुन् । श्रीकृष्णको ईश्वरीय शक्तिको अन्त छैन र उनको उपर्युक्त ईश्वरीय शक्तिको विस्तार भने श्रीकृष्णका लागि चाहिं अत्यन्त सङ्क्षिप्त कथनमात्र हो । श्रीकृष्णको सबै ईश्वरीय शक्ति उनकै अंशको अभिव्यक्ति हो । धेरै उल्लेख गर्नुको प्रयोजन किन पनि छैन भने यो सम्पूर्ण जगत् आफ्नो योगशक्तिको एउटा अंशलाई धारण गरेर श्रीकृष्णमा विद्यमान रहेको छ ।

आफ्नो कर्तव्यबाट र मनुष्यत्वबाट च्युत हुँदै गए पनि हामीले आत्मप्रशंसा गर्न भने छाड्दैनौं । ईश्वरलाई श्रद्धापूर्वक पूजा गर्नु भनेको हामीले आफूमा विद्यमान ईश्वरीय अंशलाई चिन्ने प्रयत्न गर्नु हो । ईश्वरलाई पुजेर पनि हामीले आफूभित्रको मनुष्यत्वलाई र ईश्वरीय शक्तिलाई चिन्न सकेनौं भने हामीले वास्तविक रूपमा मान्छेलाई र ईश्वरलाई पनि चिन्न र पुज्न सक्तैनौं ।

❑

ईश्वरको दर्शन

आँखा हुनेहरूले मात्र देख्दैनन् आँखा नहुनेहरूले पनि देख्छन् । त्यसैले आँखा नहुनेहरूलाई दृष्टिविहीन भन्नु हाम्रै अज्ञानता हो । चर्मचक्षु हुँदैमा सबै चीज देख्न पनि सकिँदैन । संसारका हरेक प्राणीहरूमा आँखाले समान दृष्टि राख्न नसक्ने भएकाले चर्मचक्षुले पक्षपात गर्दछ । चर्मचक्षुले पक्षपात नगर्दो हो त आँखामा पट्टी बाँधेर तराजु लिएको चिह्न न्यायालयको प्रतीक बन्न सक्तैनथ्यो । तसर्थ पक्षपातपूर्ण व्यवहार नगर्ने ज्ञानचक्षु नै चर्मचक्षुभन्दा महान् हुन पुगेको हो । हामीहरू ताते ताते गर्न नपाउँदै र राम्ररी बोली फुट्न नपाउँदै ज्ञानको मार्गमा अग्रसर त हुन्छौं तर 'झन् झन् बुझ्यो झन् कठिन' भनेर ज्ञानी बन्न हिंडेको मार्गलाई हामीले छाडिदिन्छौं । हामीले चर्मचक्षुले देखेको कुरामा विश्वास गर्छौं र चर्मचक्षुले देख्न नसकेका विषयलाई हामीले भ्रम वा आडम्बर ठान्न पुग्छौं । साकारबाट निराकारको यात्रामा लम्किनुपर्नेमा हाम्रो हिंडाइ साकारमा मात्र सीमित रहिदिनाले हामीले निराकार ईश्वरको दर्शन गर्न नसकेका हौं । हामीभित्र अनन्त शक्ति छ तर त्यसलाई जगाउने क्षमता हामीमा छैन । त्यसका लागि हामीलाई प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा ईश्वरीय दर्शन र प्रेरणा आवश्यक हुन्छ ।

युद्धमैदानमा होमिएका अर्जुन एकाएक युद्धबाट विमुख भएपछि उनलाई श्रीकृष्णले क्रमशः शक्ति प्रदान गर्दै आएका छन् । यसै सन्दर्भमा अर्जुनले ईश्वरको महिमावर्णन सुने पनि उनका दिव्य र अविनाशी रूपलाई प्रत्यक्ष रूपमा दर्शन गर्न नपाएका कारण उनले श्रीकृष्णसँग त्यस्तो रूप देखाइदिन अनुरोध गरेका हुन् । तदनुसार श्रीकृष्णले आफ्ना सयौं हजारौं वर्ण र आकृतिका रूपहरूमात्र होइन आफैमा विद्यमान द्वादशादित्यका पुत्रहरू, अष्टवसुहरू, एकादश रुद्रहरू, दुवै अश्विनीकुमार र उनन्पचास मरुद्‌गणका कहिल्यै नदेखिएका आश्चर्यमय रूपलाई हेर्न निर्देशन दिन्छन् । अर्जुनले प्राकृतिक आँखाले ईश्वरीय दर्शन गर्न नसक्ने भएकाले भगवान्‌ले उनलाई दिव्य अर्थात् अलौकिक आँखा प्रदान गरेका हुन् ।

अर्जुनलाई दिव्यचक्षु दिएपछि भगवान्‌ले आफ्नो दिव्यरूप प्रदर्शन गर्दछन्, जुन दिव्यरूपमा धेरै मुख, हात, गहना र अनेकौं शस्त्रहरू विद्यमान थिए । हजारौं सूर्य एकसाथ उदय हुँदा प्राप्त हुनेजस्तो दिव्य प्रकाश पनि विराट् स्वरूपमा रहेको थियो । सम्पूर्ण संसार नै श्रीकृष्णको त्यो दिव्यरूपमा समाहित भएको पो हो कि भन्ने आभास पनि अर्जुनलाई भयो । दिव्यचक्षुद्वारा अर्जुनले श्रीकृष्णको शरीरमा सम्पूर्ण देवतालाई, भूतलाई, परब्रह्मा, विष्णु, महेश्वर, सबै ऋषिहरू र सर्पहरूलाई देखे । श्रीकृष्ण अनेक हातहरू, पेट, मुख र आँखाले युक्त एवम् सबै पक्षबाट अनन्त रूपले युक्त भएको देखिए । त्यसैले उनको न आदि न मध्य र न अन्त नै देख्न सकियो ।

श्रीकृष्ण मुकुट, गदा र चक्रले युक्त, सबैतिरबाट प्रकाशमान तेजको पुञ्ज, प्रज्वलित अग्नि र सूर्यको जस्तै

प्रकाशले युक्त, कठिनपूर्वक देख्नलायक र सबैतिरबाट अप्रमेय स्वरूप देखिए । यस्तो अवस्थामा अर्जुनलाई श्रीकृष्ण नै परब्रह्म परमात्मा हुन्, जगत्का आदि कारण हुन्, सनातन धर्मका रक्षक र सनातनी पुरुष हुन् भन्ने आभास भयो । श्रीकृष्ण आदि, मध्य र अन्त्यले रहित, अनन्त पराक्रमले युक्त, अनेकौं दाँतवाला, चन्द्र र सूर्यरूपी आँखा भएका, प्रज्वलित अग्निरूप मुख भएका र आफ्नो तेजद्वारा सम्पूर्ण संसारलाई तताइरहेका जस्ता देखिए । स्वर्ग र पृथ्वीका बीचको सम्पूर्ण आकाश तथा सबै दिशाहरू श्रीकृष्णद्वारा नै परिपूर्ण छन् अनि श्रीकृष्णको अलौकिक र उग्र रूपलाई देखेर तीनवटै लोक अत्यन्त दुःखी भएका छन् । सबै देवताहरू श्रीकृष्णमै प्रवेश गर्छन् र भयभीत भएर हात जोड्दै श्रीकृष्णकै नाम र गुण गाउँछन् भने महर्षि र सिद्ध तपस्वीहरू 'कल्याण होस्' भन्दै अत्यन्त उत्तम स्तोत्रहरूद्वारा श्रीकृष्णको प्रार्थना गर्दछन् ।

एकादश रुद्र, द्वादशादित्य, अष्टवसु, साध्यगण, विश्वेदेव, अश्विनीकुमार, मरुद्गण, पितृगण, गन्धर्व, यक्ष, राक्षस र सिद्ध तपस्वीहरू सबै विस्मित भएर श्रीकृष्णलाई नै हेर्दछन् । श्रीकृष्णका धेरै मुख, हात, जाँघ, गोडा, ठूलो पेट र धेरै दाह्राहरू देखेर अर्जुनसहित सबै व्याकुल हुन्छन् । आकाशलाई स्पर्श गर्ने, प्रकाशमान अनेक वर्णले युक्त, फैलिएको मुख र देदीप्यमान ठूलाठूला आँखा भएका श्रीकृष्णलाई देखेर भित्रभित्रै डराएका अर्जुन धैर्य र शान्त हुन सकेनन् । दाह्राले गर्दा डरलाग्दो र प्रलयकालको अग्निसमान प्रज्वलित श्रीकृष्णको मुखलाई देखेर अर्जुनले

दिशाहरू नै पत्ता लगाउन सकेनन् र उनी भगवान् प्रसन्न भइदिऊन् भन्ने कामना गर्न पुग्छन् ।

धृतराष्ट्रका पुत्र राजवर्गसहित श्रीकृष्णमै प्रवेश गरिरहेका छन् भने भीष्मपितामह, द्रोणाचार्य, कर्ण र पाण्डवपक्षीय प्रमुख योद्धाहरू पनि श्रीकृष्णका दाह्राका कारण वेगले दौडिएर मुखमा प्रवेश गरिराखेका र कतिपय त टुक्रिएका शिरसहित श्रीकृष्णकै दाँतका बीचमा संलग्न भएका देखिन्छन् । जसरी नदीहरूको अनन्त जलप्रवाह स्वाभाविक रूपमा समुद्रतिरै गएर समुद्रमै मिल्छ, त्यसरी नै नरलोकका वीरहरू पनि श्रीकृष्णको प्रज्वलित मुखमा प्रवेश गरिराखेका छन् । जसरी पुतलीहरू मोहवश नष्ट हुनका लागि अत्यन्त वेगले प्रज्वलित बत्ती वा अग्निमा प्रवेश गर्छन्, त्यसरी नै युद्धमैदानमा होमिएका सबै योद्धाहरू अत्यन्त छिटै श्रीकृष्णकै मुखमा प्रवेश गर्दछन् । भगवान् श्रीकृष्णको दिव्यरूपको दर्शन गर्दा सम्पूर्ण लोकलाई प्रज्वलित मुखले खाइरहेको, सबैतिरबाट बारम्बार चाटिरहेको र सम्पूर्ण जगत्लाई तताइरहेको जस्तो लाग्छ ।

श्रीकृष्णको बानीव्यहोरालाई राम्रोसँग थाहा नपाएका कारण उनलाई आफूले विशेष रूपमा जान्न चाहेको हुँदा उनको उग्र रूपबारे अर्जुनले जिज्ञासा राख्छन् । तदनुसार श्रीकृष्णले आफ्नो दिव्यरूपको आफैले वर्णन गर्छन् । श्रीकृष्ण नै संसारलाई नाश गर्ने महाकाल हुन् । यतिबेला श्रीकृष्ण लोकलाई नष्ट गर्न प्रवृत्त भएका छन् । तसर्थ प्रतिपक्षी योद्धाहरू अर्जुनविना पनि रहँदैनन्, अर्जुनले युद्ध नगरे पनि ती सबैको नाश अवश्यम्भावी छ । त्यसैले अर्जुन उठेर युद्ध गरी यश प्राप्त गर्न र शत्रुहरूलाई परास्त गरेर राज्यभोग

गर्नु श्रेयस्कर छ । किनकि युद्धमा होमिएका द्रोणाचार्य, भीष्मपितामह, जयद्रथ, कर्ण आदि सबै योद्धाहरूलाई त श्रीकृष्णले पहिल्यै मारिसकेका थिए । यतिबेला त अर्जुनलाई उनले भय छाडेर निःसन्देह रूपमा जितिने युद्धमा निमित्तमात्र बन्न अनुरोध गरेका हुन् ।

श्रीकृष्णबाट प्रेरणात्मक ऊर्जा पाएपछि अर्जुनले श्रीकृष्णलाई बारम्बार नमस्कार गर्दै उनको प्रार्थना गर्दछन् । श्रीकृष्णलाई आदिदेव, सनातन पुरुष, जगत्का परमाश्रय, जान्नेवाला, जान्नयोग्य र परमधाम मान्दै उनलाई नै वायु, यमराज, अग्नि, वरुण, चन्द्रमा, ब्रह्मा र ब्रह्माका पिता पनि ठानिएको छ । उनी सर्वव्यापीमात्र होइन सर्वरूप पनि छन् । भगवान्का विराट् र व्यापक प्रभावलाई नजानी आफूले प्रेम र प्रमादवश साथीजस्तो ठानेर गरिएका यावत् अपराधहरूलाई क्षमा गरिदिन अर्जुनले आग्रह गरेका छन् । भगवान्को दिव्य स्वरूपका द्रष्टा अर्जुनले श्रीकृष्णलाई यस चराचर जगत्का पिता, सर्वश्रेष्ठ गुरु र अत्यन्त पूजनीय ठानेका छन् । जसरी पिताले पुत्रको, साथीले साथीको र पतिले पत्नीको अपराध सहन गर्छन्, त्यसरी नै भगवान्ले आफ्ना भक्तका अपराधहरूलाई सहन सक्छन् भनी अर्जुनले आफूलाई क्षमा प्रदान गर्न अनुरोध गरेका हुन् ।

श्रीकृष्णको कहिल्यै नदेखेको आश्चर्यमय विराट् रूपलाई देखेर अर्जुन एकातिर खुसी छन् भने अर्कातिर अत्यन्त दुःखी पनि भएका छन् । त्यसैले श्रीकृष्णलाई आफ्नो सामान्य रूप देखाइदिन अर्जुनले आग्रह गरेका हुन् । वास्तवमा अर्जुनको आग्रहका कारण भगवान्ले आफ्नो योगशक्तिका प्रभावले

गर्दा आफ्नो ज्योतिर्मय विराट् स्वरूप देखाएका हुन् । अर्जुनबाहेक अन्य कसैले पनि यसअघि यस्तो दिव्यरूपको दर्शन पाउन सकेका थिएनन् । मनुष्यलोकमा अर्जुनबाहेक यस्तो विश्वरूपको दर्शन वेद, यज्ञ, दान, कर्तव्यकर्म र उग्र तपस्याद्वारा पनि प्राप्त गर्न असम्भव छ । यस्तो विराट् रूपको दर्शन गर्दा अर्जुनजस्ता व्यक्तिमा व्याकुलता वा मूढभाव उत्पन्न हुनु सुहाउने कुरा होइन । त्यसैले अर्जुनले श्रीकृष्णको सामान्य रूपको दर्शन गरेर धैर्य धारण गर्नु आवश्यक ठान्छन् र अन्ततः श्रीकृष्णको शान्त मनुष्य रूप देखेर अर्जुन शान्त हुन पुग्छन् ।

अर्जुनले श्रीकृष्णको जुन चतुर्भुज स्वरूपलाई देखे, वास्तवमा यस्तो दर्शन अत्यन्त दुर्लभ छ किनभने यस्तो रूपको दर्शनको आकाङ्क्षा देवताहरूले मात्र राख्तछन् । अर्जुनद्वारा देखिएको यस किसिमको चतुर्भुज स्वरूपको दर्शन वेद, तप, दान र यज्ञद्वारा पनि प्राप्त गर्न कठिन छ । परन्तु एकीभाव वा अनन्य भक्तिभावद्वारा भने चतुर्भुजस्वरूप देख्न, तत्त्वद्वारा जान्न र प्रवेश गर्न सकिन्छ । जुन व्यक्ति भगवान्कै सम्पूर्ण कर्तव्य कर्म गर्छ, भगवान्कै परायण भक्त, आसक्तिरहित र सम्पूर्ण प्राणीहरूमा वैरभाव नराखी समदर्शी छ, अनन्य भक्तिले युक्त भएका त्यस्ता व्यक्तिहरू नै ईश्वरको वास्तविक दर्शन गर्न सक्षम हुन्छन् । ईश्वरको दर्शन वा प्राप्तिमात्र होइन हरेक पक्षमा सफलता प्राप्त गर्नका लागि पनि अनन्य भक्तिभाव वा एकाग्रतापूर्वकको निष्ठाभाव अपरिहार्य हुन्छ ।

❑

भक्तियोग

हामीले अरूबाट आफ्नो सम्मान चाहन्छौं । अरूले आफूप्रति श्रद्धा राखिदिऊन् भन्ने हाम्रो चाहना हुन्छ । हामी प्रेमका भोका छौं र हामीलाई प्रेम गरिदिएर कसैले हाम्रो भोक तृप्त गरिदिए हुन्थ्यो भन्ने हामी चाहन्छौं । हामीले अरूबाट जेजस्तो चाहना राखिरहेका हुन्छौं, अरूको त्यस्तो चाहनाको पूर्ति गर्न भने हामी अग्रसर हुँदैनौं । 'आत्मनः प्रतिकूलानि परेषां न समाचरेत्' आफूलाई प्रतिकूल हुने व्यवहारहरू अरूलाई गर्नु हुँदैन भन्ने कुरा हामीलाई थाहा त छ तर त्यसलाई हामीले आफ्नो व्यवहारमा कार्यान्वयन गर्न सकिराखेका छैनौं । हामीले अरूबाट सम्मान, श्रद्धा र प्रेमको अपेक्षा गर्दछौं भने हामीले पनि अरूलाई त्यस्तै सम्मान, श्रद्धा र प्रेम गर्न जान्नुपर्दछ । हामी जब अरूलाई यस्तो व्यवहार गर्न अभ्यस्त हुन्छौं, वास्तवमा हाम्रा लागि सबै मान्छेहरू नै भगवान्‌जस्तै लाग्न थाल्छन् र हामीले श्रद्धापूर्वक गरिने भगवान्‌को उपासना पनि सार्थक हुन्छ । त्यही सार्थक यात्राको नाम नै भक्तिमार्ग हो ।

दिव्यचक्षुका माध्यमले श्रीकृष्णको विराट् स्वरूपको दर्शन गरिसकेपछि अर्जुनले श्रीकृष्णसमक्ष सगुण वा साकार र निर्गुण वा निराकार ईश्वरको उपासनामध्ये कुन उपासना

सर्वश्रेष्ठ हुनसक्छ ? भन्ने जिज्ञासा राखे । अर्जुनको त्यही जिज्ञासालाई शान्त गर्ने क्रममा श्रीकृष्णले भक्तियोगको उपदेश गरेका हुन् ।

जुन भक्तले मनलाई एकाग्रतापूर्वक निरन्तर भगवान्को चिन्तन गर्दै अत्यन्त श्रद्धापूर्वक भगवान्को उपासना गर्छ भगवान्का दृष्टिमा त्यस्तो सगुण उपासक योगी उत्तम योगी ठहरिन्छ । जसले सम्पूर्ण इन्द्रियहरूलाई राम्रोसँग वशमा राखेर सर्वव्यापी, अचिन्त्य, नित्य, अचल, निराकार र अविनाशी परब्रह्म परमात्माको एकाग्रतापूर्वक भजन गर्दछन्, सम्पूर्ण प्राणीहरूको कल्याण चाहने र समदर्शी त्यस्ता भक्तहरूले भगवान्लाई नै प्राप्त गर्दछन् । निराकार भगवान्मा आसक्त भएका त्यस्ता भक्तहरूको साधना अत्यन्त कष्टकर छ किनभने देहाभिमानीहरूले निराकारको गन्तव्य दुःखपूर्वक नै प्राप्त गर्दछन् । परन्तु भगवान्का सच्चा भक्तहरूले सम्पूर्ण कर्महरूलाई भगवान्मै अर्पण गरेर सगुण वा साकार भगवान्लाई नै अनन्य भक्तिभावले निरन्तर चिन्तन गर्दै उपासना गर्दछन् । भगवान्मा नै चित्त लगाउने त्यस्ता भक्तहरूलाई भगवान्ले मृत्युरूपी सांसारिक समुद्रबाट तत्काल उद्धार गर्दछन् । यस्ता भक्तहरूले भगवान्मा मन र बुद्धि लगाएर भगवान्मा नै निवास गर्दछन् भन्ने कुरामा कुनै शङ्का छैन ।

यदि कुनै भक्तले आफ्नो मनलाई भगवान्मा पूर्णतया स्थिर गर्न वा लगाउन सक्तैन भने त्यस्तो भक्तले बारम्बार भगवान्को नाम र गुणको श्रवण, कीर्तन, मनन, जप र पाठको अभ्यास गरेर भगवान्लाई प्राप्त गर्ने इच्छा राख्नुपर्छ । यदि यस्तो अभ्यास गर्न पनि भक्तले कठिन मान्दछ भने

त्यसले स्वार्थ त्यागेर निष्काम भावले भगवान्का निमित्त कर्तव्यपरायण भई भगवान्का निमित्त कर्म गरेर भगवान्लाई प्राप्त गर्न सक्तछ । यदि भक्तले यसलाई पनि आत्मसात् गर्न सक्तैन भने भगवान्लाई पाउन सबै इन्द्रियहरूलाई नियन्त्रण गरेर सम्पूर्ण कर्मको फललाई त्याग्नु आवश्यक छ । अभ्यासभन्दा ज्ञान श्रेष्ठ छ, ज्ञानभन्दा ध्यान उत्तम छ र ध्यानभन्दा पनि सम्पूर्ण कर्मको फललाई त्याग गर्नु श्रेष्ठ छ किनभने त्यागद्वारा तत्काल परमशान्ति प्राप्त हुन्छ ।

जुन व्यक्तिले सबै प्राणीहरूमा द्वेष गर्दैन, जसले मित्रता र दया राख्छ, जो ममता र अहङ्कारले रहित छ, जसले सुख र दुःखमा पनि समभाव राख्छ अनि जस्तोसुकै गल्ती गर्दा पनि क्षमा दिनसक्छ, जो सदैव सन्तुष्ट रहन्छ, जसले सबै इन्द्रियहरूलाई वशमा राखेको छ, जो दृढनिश्चयी छ र जसले आफ्नो मन र बुद्धिलाई भगवान्मा समर्पित गरेको छ त्यस्तो व्यक्ति भगवान्को प्रिय भक्त हुन्छ । जसले कसैलाई पनि भयभीत बनाउँदैन र आफू पनि कसैबाट भयभीत हुँदैन, जो हर्षित हुँदैन, अर्काको उन्नति देखेर सन्तप्त पनि हुँदैन तथा भय, शोक आदिबाट समेत जो मुक्त छ त्यस्तो भक्त भगवान्को प्रिय हुन्छ । जसले केही अपेक्षा राख्तैन, जो शारीरिक र मानसिक रूपमा शुद्ध छ, चलाख छ, कसैको पक्ष नलिने तटस्थ छ, दुःखबाट मुक्त छ र सबै कामको प्रारम्भ गर्ने प्रवृत्तिलाई जसले त्यागेको छ त्यस्तो व्यक्ति पनि भगवान्को प्रिय भक्त हुन्छ ।

जो कहिल्यै पनि खुसी हुँदैन, द्वेष र शोक गर्दैन, आकाङ्क्षासमेत राख्तैन र शुभ तथा अशुभ सम्पूर्ण कर्महरूलाई

जसले त्याग गरेको छ त्यस्तो व्यक्तिसमेत भगवान्को प्रिय हुन्छ । शत्रु र मित्रमा, मान र अपमानमा, जाडो र गर्मीमा अनि सुख र दुःखमा पनि जसले समभाव राख्छ, जो आसक्तिले रहित छ, निन्दा र स्तुतिलाई जसले समान ठानेर व्यवहार गर्छ, जो विचारशील छ, जसोतसो गरेर भए पनि जो सन्तुष्ट छ र वासस्थानमा जो आसक्त छैन त्यस्तो स्थिरबुद्धि भएको भक्त नै भगवान्का लागि प्रिय हुन्छ । त्यसमध्येमा पनि जुन भक्त वेदादि शास्त्र र गुरुजनका वचनमा प्रत्यक्षजस्तै विश्वास वा श्रद्धा राख्छ, भगवान्को परायण भएर उपर्युक्त धर्ममय अमृतपथलाई यथोचित सेवन गर्दछ त्यस्तो भक्त भगवान्का लागि अत्यन्त प्रिय हुन्छ ।

जीवनमा ज्ञानमार्ग आवश्यक छ भने भक्तिमार्गको पनि त्यत्तिकै आवश्यकता छ । ज्ञानविना अन्धभक्त हुँदा भक्तिमार्गमा अग्रसर हुन सकिँदैन भने ज्ञानको साधना वा सफलताका लागि पनि भक्तिमार्ग अपरिहार्य छ । हामीले कुनै पनि भगवान्लाई राम्रोसँग बुझेर पूजा गऱ्यौं वा भक्तिमार्गमा अग्रसर भयौं भने हामीलाई कसैले पनि भक्तिमार्गबाट अलग्याउन सक्तैन । जुनसुकै उद्देश्यप्राप्तिमा पनि हाम्रा लागि ज्ञानमार्गमात्र होइन भक्तिमार्ग पनि सदैव अपरिहार्य रहन्छ ।

❑

शरीर र आत्मा

हाम्रो शरीर वास्तवमा एउटा क्षेत्र अर्थात् खेत हो। जसरी खेतमा रोपिएको बीउ जस्तो छ तदनुसारको फल वा अन्न यथासमयमा हामीले ग्रहण गर्छौं। त्यसैगरी हाम्रो शरीरमा रोपिएका कर्महरूको संस्काररूप बीउको फल पनि हामीले यथासमयमा भोग्नैपर्छ। जसले यो क्षेत्र वा शरीरलाई जान्दछ, त्यसलाई तत्त्वविद्हरूले क्षेत्रज्ञ वा आत्मा भनेर चिन्दछन्। त्यसैले स्थूल रूपमा शरीर र आत्मा एउटैजस्तो देखिए पनि सूक्ष्म रूपमा विचार गर्दा शरीर र आत्मा दुवै भिन्न हुन् भन्ने कुरा प्रमाणित हुन्छ।

सबै शरीरहरूमध्येमा जीवात्मा पनि परमेश्वर हुन् भने शरीर र आत्मालाई जान्नु नै ज्ञान हो भन्ने श्रीकृष्ण भगवान्को अभिमत छ। शरीर र आत्माका सम्बन्धमा विभिन्न ऋषिहरूले, वेदमन्त्रहरूले र ब्रह्मसूत्रका पदहरूले पनि विशेष चर्चा गरेका छन्। पञ्चमहाभूत, अहङ्कार, बुद्धि, मूल प्रकृति, दश इन्द्रिय र मनबाट शरीरको परिचय प्राप्त हुन्छ भने शब्द, स्पर्श, रूप, रस, गन्ध, इच्छा, द्वेष, सुख, दुःख, स्थूल देहको पिण्ड, चेतना र धृति शरीरका विकार मानिन्छन्।

घमण्ड नगर्नु, कसैलाई धोका नदिनु, हिंसा नगर्नु, क्षमा दिनु, पवित्र हुनु, स्थिर रहनु, आत्मसंयम गर्नु, सबै भोगहरूमा

आसक्त नहुनु, अहङ्कार नगर्नु, जन्म, मृत्यु, बुढ्याइँ र रोगमा आइपर्ने दुःख र दोषको बारम्बार विचार गर्नु, छोराछोरी, श्रीमती, घर आदिमा आसक्त नहुनु, ममता नरहनु, प्रिय र अप्रिय वस्तु प्राप्त गर्दा समचित्त हुनु, भगवान्मा अनन्य भक्तिभाव हुनु, एकान्तमा रहन चाहनु र परमेश्वरको निरन्तर चिन्तनमा संलग्न हुनु, अध्यामज्ञानमा सदैव रुचि राख्नु र तत्त्वदर्शी परमात्माको दर्शन गर्नुलाई ज्ञान भनिन्छ भने यस विपरीतका आचरणहरूलाई अज्ञान ठानिएको हो ।

अनादि परब्रह्म न सत् छ न त असत् नै । त्यसैले त परब्रह्मले सबैतिर हातगोडा, शिर, आँखा, मुख र कान फैलाएको छ र संसारभर फैलिएर रहेको छ । परब्रह्मले सबै इन्द्रियका विषयहरूलाई जान्दछ तर सबै इन्द्रियले रहित छ, आसक्तिले रहित भएर पनि सबैलाई भरणपोषण गरेको छ र निर्गुण भएर पनि गुणहरूको भोक्ता मानिन्छ । त्यो चराचर सबै प्राणीहरूको भित्र र बाहिर परिपूर्ण छ, चर र अचर पनि उही छ, सूक्ष्म भएका कारण त्यो अविज्ञेय छ भने त्यो अत्यन्त नजिक र अत्यन्त टाढा पनि रहेको छ । त्यो विभागरहित छ तापनि सम्पूर्ण प्राणीहरूमा विभक्त भएजस्तो देखिन्छ । जान्नयोग्य त्यो परब्रह्म परमात्मा उत्पत्ति, स्थिति र प्रलय पनि मानिन्छ । त्यो परब्रह्म ज्योतिहरूको पनि ज्योति हो, मायाभन्दा पनि पर छ । ज्ञान, ज्ञेय र ज्ञानगम्य त्यो परब्रह्म सबैका हृदयमा विशेष रूपले रहेको छ ।

प्रकृति र पुरुष यी दुवै अनादि हुन् । रागादि विकारहरू र त्रिगुणात्मक सबै पदार्थहरू पनि प्रकृतिबाट उत्पन्न भएका हुन् । कार्य र कारणको उत्पन्न हुने हेतु प्रकृति मानिन्छ

भने सुख र दुःखहरूको भोग गर्ने हेतु पुरुष अर्थात् जीवात्मा ठानिन्छ । प्रकृतिमा रहेको पुरुषले नै प्रकृतिमा रहेका त्रिगुणात्मक पदार्थहरूलाई भोग गर्दछ । यी गुणहरूको सङ्गत नै जीवात्माको राम्रो र नराम्रो योनिमा जन्म लिनुको कारण बन्दछ ।

हाम्रो शरीरमा रहेको आत्मा नै वास्तवमा परमात्मा हो । त्यही आत्मा हरेक कुराको साक्षी हुन्छ, त्यसले यथार्थताको सम्मति दिन्छ, सबैलाई पालनपोषण गर्छ, भोग गर्छ, त्यही ब्रह्मा आदिको स्वामी बन्छ र सच्चिदानन्द हुन्छ । त्यसैले यसलाई उपद्रष्टा, अनुमन्ता, भर्ता, भोक्ता, महेश्वर र परमात्मा भनिएको हो । यस किसिमले आत्मालाई र गुणहरूका साथमा शरीरलाई जुन व्यक्तिले राम्रोसँग जान्दछ त्यस्तो व्यक्तिले सबै कर्तव्यकर्म गरिरहेर पनि पुनर्जन्म लिनु पर्दैन ।

त्यस्ता परमात्मालाई कतिपय मान्छेले ध्यानद्वारा हृदयमा देख्छन् वा प्राप्त गर्दछन् भने कतिपयले ज्ञानयोगद्वारा र कतिपयले कर्मयोगद्वारा प्राप्त गर्दछन् । परन्तु कतिपय मन्दबुद्धि भएका व्यक्तिहरूले विद्वान्‌ले कथाप्रवचन आदिमा भनेको सुनेर परमात्माको उपासना गर्दछन् र त्यस्ता श्रवणपरायणहरू पनि संसाररूपी सागरबाट निश्चय नै तर्दछन् । त्यसैले संसारमा जति पनि प्राणीहरू उत्पन्न हुन्छन् ती सबैलाई शरीर र आत्माको संयोगद्वारा उत्पन्न भएको ठान्नुपर्छ ।

जुन व्यक्तिले नष्ट हुँदै गरेका सबै प्राणीहरूमा परमेश्वरलाई नाशरहित र समभावले रहेको देख्छ वास्तवमा

त्यही व्यक्तिले ईश्वरलाई देख्छ वा भेट्छ । किनभने जुन व्यक्ति सबैमा समभावले रहेका परमेश्वरलाई समान देखेर आफूद्वारा आफूलाई नष्ट गर्दैन वास्तवमा त्यही व्यक्तिले नै परमगति प्राप्त गर्दछ । त्यसैगरी जुन व्यक्तिले सम्पूर्ण कर्महरूलाई सर्वथा प्रकृति अर्थात् शरीरद्वारा गरेको देख्दछ र आत्मालाई अकर्ता ठान्दछ त्यस्ता व्यक्तिले पनि परमात्मालाई देख्छ वा भेट्छ । जुनबेला प्राणीहरूको पृथक् पृथक् भावलाई एउटै परमेश्वरमा रहेको र परमात्माद्वारा नै सम्पूर्ण प्राणीहरूको विस्तार भएको देख्तछ त्यतिबेला त्यस व्यक्तिले परब्रह्म परमात्मालाई प्राप्त गर्दछ ।

अनादि र निर्गुण भएका कारण यो अविनाशी परमात्मा शरीरमा रहेर पनि वास्तवमा केही गर्दैन र लिप्त पनि हुँदैन । जसरी सर्वत्र व्याप्त रहेको आकाश सूक्ष्म हुनाले लिप्त हुँदैन त्यसरी नै शरीरमा रहेको आत्मा पनि निर्गुण हुनाले गुणहरूद्वारा लिप्त हुँदैन । जसरी एउटै सूर्यले सारा संसारलाई प्रकाशित गर्दछ त्यसरी नै एउटै आत्मा सम्पूर्ण शरीरलाई प्रकाशित गर्न समर्थ हुन्छ । यसरी शरीर जड, विकारी, क्षणिक र नाशवान् छ तथा आत्मा नित्य, चेतन, अविकारी र अविनाशी छ भने शरीर र आत्माको भेदलाई एवम् कार्यसहित प्रकृतिद्वारा मुक्त हुनुलाई जसले ज्ञानरूपी नेत्रद्वारा तत्त्वपूर्वक जान्दछन् त्यस्ता महात्माजनहरूले नै परब्रह्म परमात्मालाई प्राप्त गर्दछन् ।

❑

त्रिगुणातीत यात्रा

मानवमा गुणमात्र हुँदैनन् अवगुणहरू पनि हुन्छन् । गुण र अवगुणको मूल्याङ्कन पनि सापेक्षित हुन्छ । सत्त्वगुणीलाई रजोगुणी र तमोगुणीहरू बैगुनी ठहरिन्छन्, रजोगुणले सत्त्वगुण र तमोगुणलाई नराम्रो ठान्न सक्छ भने तमोगुणका दृष्टिमा सत्त्वगुण र रजोगुण निकृष्ट ठहरिन सक्छन् । यी तीन गुणको एकआपसमा द्वन्द्व भएन भने सत्त्वगुण उत्तम, रजोगुण मध्यम र तमोगुण अधम ठहरिन सक्तैनन् । अधमबाट उत्तमतिरको यात्रा सफलताको प्रतीक मानिन्छ भने उत्तमबाट अधमतिरको यात्रा विफलताको प्रतीक ठानिन्छ । विफलताको ठक्करले चेतना जगाएन भने वास्तविक सफलताको सिँढी चढ्न पनि सकिन्न ।

महत् ब्रह्मरूप मूल प्रकृतिमा चेतनाको गर्भधारण हुन्छ । संसारका सबै शरीरधारी प्राणीहरूको गर्भधारण गर्ने आमा प्रकृति हुन् भने भगवान् नै बीउ रोप्ने पिता हुन् । प्रकृतिद्वारा उत्पन्न भएका सत्त्वगुण, रजोगुण र तमोगुणले अविनाशी आत्मालाई शरीरमा बाँधिदिन्छन् । ती तीन गुणहरूमध्ये सत्त्वगुण निर्मल भएका कारण प्रकाशयुक्त एवम् विकाररहित छ । सत्त्वगुणले सुखको सम्बन्ध र ज्ञानको अभिमानले आत्मालाई बन्धनमा पार्छ । कामना र आसक्तिद्वारा उत्पन्न

भएको रागात्मक रजोगुणको कर्म र त्यागबाट प्राप्त हुने फलका सम्बन्धले आत्मालाई बाँध्छ । त्यसैगरी देहाभिमानीहरूलाई मोहनी लगाउने तमोगुण अज्ञानद्वारा उत्पन्न हुन्छ र यसले प्रमाद, अज्ञान र निद्राद्वारा आत्मालाई बाँध्ने काम गर्छ ।

सत्त्वगुणले सुखमा लगाउँछ, रजोगुणले कर्ममा प्रवृत्त गराउँछ भने तमोगुणले ज्ञानलाई ढाकेर प्रमादमा लगाउँछ । रजोगुण र तमोगुणलाई दबाएर सत्त्वगुण बढ्छ, सत्त्वगुण र तमोगुणलाई दबाएर रजोगुणको वृद्धि हुन्छ भने सत्त्वगुण र रजोगुणलाई दबाएर तमोगुण बढ्दछ । जुनबेला हामीमा चेतना र विवेकशक्ति उत्पन्न हुन्छ त्यसबेला सत्त्वगुण बढ्छ । रजोगुण बढ्दा लाभ, प्रवृत्ति, इच्छित कामको प्रारम्भ, अशान्ति र विषयवासनाका इच्छाहरू पैदा हुन्छन् । तमोगुण बढ्दै जाँदा मन र इन्द्रियहरूमा अन्धकार र कर्तव्यकर्मप्रति असावधानी र मोह उत्पन्न हुन्छ ।

सत्त्वगुण बढिरहेका बेलामा जुन व्यक्तिको मृत्यु हुन्छ, उसले स्वर्गलोक प्राप्त गर्दछ । रजोगुणको वृद्धि भइरहेका बेला जसको मृत्यु हुन्छ, त्यसले कर्ममा आसक्त हुने मान्छेकै जुनि प्राप्त गर्दछ भने तमोगुण बढिरहेका बेला जसको मृत्यु हुन्छ, त्यसले कीट, पतङ्ग, पशु आदि मूढयोनिमा जन्म लिनुपर्छ ।

राम्रा कर्मको सात्त्विकरूप ज्ञान, वैराग्य आदि निर्मल फल हुन्छ, राजस कर्मको फल दुःख हुन्छ भने तामस कर्मको फल अज्ञान हुन्छ । सत्त्वगुणबाट ज्ञानको प्रादुर्भाव हुन्छ, रजोगुणबाट लोभको उत्पत्ति हुन्छ भने तमोगुणबाट प्रमाद,

मोह र अज्ञान पैदा हुन्छ । सत्त्वगुणीहरू मरेपछि स्वर्गादि उच्चलोकमा जान्छन्, रजोगुणीहरू यही मनुष्यलोकमा नै रहन्छन् भने तमोगुणीहरू नरकमा पुग्छन् । परन्तु जुन व्यक्तिले यी तीन गुणभन्दा अन्य कुनै कर्ता नै देख्तैन र तीन गुणभन्दा पृथक् रहेका परमात्मालाई तत्त्वपूर्वक जान्दछ, त्यसले निश्चय नै भगवान्‌लाई प्राप्त गर्दछ । यस किसिमको व्यक्ति शरीरको उत्पत्तिका कारण मानिएका यी तीनवटै गुणलाई उल्लङ्घन गरेर जन्म, मृत्यु, वृद्धावस्था र सम्पूर्ण दुःखहरूबाट मुक्त भएर परमानन्दलाई प्राप्त गर्दछ ।

यसै सन्दर्भमा तीनवटै गुणलाई जितेर मुक्त हुनसक्ने व्यक्तिको लक्षण कस्तो हुन्छ ? भन्ने जिज्ञासा जागृत हुनु स्वाभाविक छ । जुन व्यक्तिले सत्त्व, रज र तम तीनवटै गुणको क्रमशः प्रतिनिधित्व गर्ने प्रकाश, प्रवृत्ति र मोहलाई अँगाल्दा द्वेष गर्दैन र नपाउँदा पनि पाउने आकाङ्क्षा राख्तैन, जुन व्यक्ति साक्षीजस्तै रहन्छ र गुणहरूद्वारा विचलित हुँदैन, जुन व्यक्ति गुण नै गुणमा रहन्छ भन्ने बुझेर एकाग्रतापूर्वक अविचलित रहन्छ, जुन व्यक्ति आत्मभावमा रहन्छ, सुख र दुःखलाई समान सम्झन्छ, माटो, ढुङ्गो र सुनलाई बराबर सम्झन्छ, जो ज्ञानी छ, जसले प्रिय र अप्रियलाई पनि एउटै ठान्छ, आफ्नो निन्दा र प्रशंसा हुँदा पनि समानभाव राख्छ, मान र अपमानलाई बराबर सम्झन्छ, शत्रु र मित्रमा पनि उस्तै व्यवहार गर्छ, सम्पूर्ण कुराहरू प्रारम्भ गरेर पनि जसमा कर्तापनको अभिमान हुँदैन त्यस्तो व्यक्ति गुणातीत वा तीनवटै गुणलाई जित्ने व्यक्तिका रूपमा चिनिन्छ ।

स्वार्थ र अभिमानलाई छाडेर श्रद्धा र भक्तिभावले केवल

एउटै भगवान्लाई निरन्तर चिन्तन गरिरहनुलाई अव्यभिचारी भक्तियोग भनिन्छ । जुन व्यक्तिले यस किसिमको भक्तियोगका माध्यमले भगवान्को सेवा गर्दछ, त्यस्तो व्यक्ति पनि तीनै गुणलाई उल्लङ्घन गरी परब्रह्म परमात्मालाई प्राप्त गर्न योग्य ठहरिन्छ । किनकि अविनाशी परब्रह्मको, अमृतको, शाश्वत धर्मको र ऐकान्तिक सुखको आश्रय उनै भगवान् मानिन्छन् ।

वर्तमानमा धेरै मान्छेहरू तामसी प्रवृत्तिका भेटिन्छन् भने केही मान्छेहरू राजसी र अत्यन्त कम मान्छेहरू सात्त्विक प्रवृत्तिका छन् तर यी तीनवटै गुणलाई जितेर परब्रह्म परमात्मालाई प्राप्त गर्न खोज्ने मान्छेहरू भने वर्तमानमा दुर्लभ हुँदै गएका छन् । त्यसैले तामसी र राजसी प्रवृत्तिलाई क्रमशः सात्त्विक प्रवृत्तितर्फ उन्मुख गराउँदै त्रिगुणातीत यात्रातर्फ हाम्रा पाइलाहरू अग्रसर हुँदै जानु आवश्यक देखिन्छ ।

❑

परमधाम

'फलानो त परमधाम जानुभयो' भनेको सुन्नेबित्तिकै हाम्रो मन दुःखी हुन्छ । जन्मेपछि मृत्यु अवश्यम्भावी छ तर मृत्यु हुँदैमा सबै मान्छे परमधाम नै पुग्न सक्तैनन् । मरणपछि हरेक व्यक्तिले आआफ्ना कर्मको फल भोग्दै स्वर्ग पुग्ने, नरक जाने वा यही मनुष्यलोकमा पुनर्जन्म लिनुपर्छ । त्यसैले परमधाम शब्दले मृत्यु, मरण र परलोकलाई मात्र बुझाउँदैन, यसले स्वर्ग वा वैकुण्ठलाई पनि बुझाउँछ । परमधाम जानु भनेको वास्तवमा मोक्ष प्राप्त गर्नु हो । ईश्वरको यथार्थ स्वरूपलाई नचिनीकन परमधाम जान वा मोक्ष प्राप्त गर्न पनि सकिन्न ।

संसाररूपी पीपलको वृक्षको सबैभन्दा माथि विष्णु भगवान् रहने भएकाले त्यस वृक्षलाई 'ऊर्ध्वमूल' भनिएको हो भने त्यसको बीच भागमा संसारलाई विस्तार गर्ने ब्रह्मारूपी हाँगाहरू रहेकाले त्यस वृक्षलाई 'अधःशाखा' भनिएको हो । अनादि कालदेखि संसार विस्तारको परम्परा चलिआएकाले यसलाई अव्यय वा अविनाशी ठानिएको हो । संसाररूपी वृक्षका पात वेदहरू हुन् किनभने यिनले नै संसारको रक्षा र वृद्धि गर्दै वृक्षको शोभा पनि बढाउँछन् । यस किसिमको संसाररूपी वृक्षलाई जसले मूल तत्त्वसहित जान्दछ वा

चिन्दछ, वास्तवमा त्यसले नै वेदको सम्पूर्ण तात्पर्यलाई पनि जान्दछ । यस संसारवृक्षका तीन गुणरूपी जलद्वारा बढेको, विषयभोगरूपी कोमल पात भएका देव, मनुष्य, तिर्यक् आदि योनिरूपी हाँगाहरू तल र माथि दुवैतिर फैलिएका र मनुष्यलोकमा गरिएको कर्मअनुसार बाँध्ने अहम्, ममता र वासनारूपी जडहरू पनि तलमाथि सबै लोकमा विस्तार भएका छन् ।

आँखा खुल्दा सपनाको संसार प्राप्त नभएजस्तै यस संसारवृक्षको जस्तो स्वरूप छ, विचारपूर्वक तत्त्वज्ञान पाएपछि त्यस्तो स्वरूप प्राप्त गर्न सकिँदैन । किनभने यसको आदि, अन्त्य र वास्तविक स्थिति नै छैन । त्यसैले अहम्, ममता र वासनारूपी अत्यन्त सुदृढ जरो भएको संसाररूपी पीपलको वृक्षलाई दृढ वैराग्यरूपी शस्त्रद्वारा काटेर परमधाममा विद्यमान परमेश्वरलाई राम्रोसँग खोज्नुपर्छ । जुन परमधाममा गएका व्यक्तिहरू फर्केर पुनः यस संसारमा आउँदैनन् । जुन परमेश्वरद्वारा यस पुरातन संसारवृक्षको प्रवृत्तिको विस्तार भएको छ, त्यस्ता आदिपुरुष नारायणको शरण छु भन्ने दृढनिश्चय गरेर परमेश्वरको चिन्तन गर्नुपर्छ ।

जसको मान र मोह नष्ट भएको छ, जसले सांसारिक आसक्तिरूपी दोषलाई जितेको छ, जसको मन परमात्माको स्वरूपमा स्थिर भएको छ र जसका सम्पूर्ण इच्छाहरू पूर्ण रूपमा नष्ट भएका छन्, त्यस्तो सुखदुःख नामक द्वन्द्वहरूबाट मुक्त भएको ज्ञानी व्यक्तिले नै उही अविनाशी परमपद वा परमधामलाई प्राप्त गर्दछ । जुन परमपदलाई प्राप्त गरेपछि मनुष्य पुनः फर्केर यस संसारमा आउँदैन त्यस्तो स्वयंप्रकाश

परमपदलाई न सूर्यले, न चन्द्रमाले र न अग्निले नै प्रकाशित गर्नसक्छ, त्यही नै भगवान्‌को परमधाम वा स्वर्ग हो ।

हाम्रो शरीरमा जुन सनातन जीवात्मा छ, त्यो परमेश्वरकै अंश हो । त्यही जीवात्माले प्रकृतिमा रहेको मन र पाँच इन्द्रियहरूलाई आकर्षित गर्छ । गन्धका स्थानबाट वायुले गन्धलाई जसरी ग्रहण गरेर लैजान्छ, त्यसरी नै देहादिको स्वामी जीवात्माले पनि जुन शरीरलाई त्याग गर्दछ, त्यसबाट मनसहितका पाँचै इन्द्रियहरूलाई ग्रहण गरेर पुनः जुन शरीरलाई धारण गर्छ, जीवात्मा त्यसमा पुग्दछ । यो जीवात्माले नाक, कान, छाला, जिब्रो, आँखा र मनको आश्रय लिएर अर्थात् सबैको सहयोग लिएर विषयवासनाको सेवन गर्दछ ।

शरीरलाई छोडेर यस संसारबाट बिदा हुँदै गरेकालाई, सशरीर रहेकालाई, विषयवासनाको स्वाद लिँदै गरेकालाई वा तिनै गुणले युक्त भएकालाई पनि अज्ञानीजनले देख्न वा जान्न सक्तैनन् तर ज्ञानरूपी नेत्र भएकाहरूले मात्र देख्न वा जान्न सक्तछन् । विशेष यत्न गर्ने योगीहरूले पनि हृदयमा रहेको यस आत्मालाई तात्त्विक रूपमा जान्दछन् । परन्तु जसले आफ्नो आन्तरिक शुद्धि गरेका छैनन् त्यस्ता अज्ञानीहरूले त जतिसुकै यत्न गरे पनि आत्मालाई चिन्न सक्तैनन् ।

सूर्य, चन्द्र र अग्निमा जति तेज छ त्यो सबै ईश्वरीय तेज हो । भगवान् नै पृथ्वीमा प्रवेश गरेर आफ्नो शक्तिले सबै प्राणीहरूलाई धारण गरिरहेका छन् भने रसात्मक वा अमृतमय चन्द्रमा भएर सम्पूर्ण औषधी वा वनस्पतिहरूलाई पुष्ट गरिरहेका छन् । भगवान्‌ले नै सबै प्राणीहरूको शरीरमा

रहने प्राण र अपानले संयुक्त भएर भात, रोटी आदि भक्ष्य, दूध, दही आदि भोज्य, चटनी आदि लेह्य र ऊखु आदि चोष्य चार प्रकारका अन्नलाई पचाउँछन् ।

भगवान् नै सबै प्राणीहरूका हृदयमा अन्तर्यामी रूपले रहेका छन् । भगवान्द्वारा नै स्मरण र ज्ञान हुन्छ अनि अपोहन अर्थात् संशय, विपर्यय आदि दोषहरू पनि हट्छन् । सबै वेदहरूद्वारा भगवान् नै जान्नयोग्य छन् वा वेदहरूले भगवान्कै स्वरूपको वर्णन गर्छन् । वेदान्त दर्शनका निर्माता र वेदहरूका ज्ञाता पनि भगवान् नै हुन् ।

संसारमा नाशवान् र अविनाशी दुई प्रकारका व्यक्ति हुन्छन् । सम्पूर्ण प्राणीहरूको शरीर नाशवान् छ भने जीवात्मा अविनाशी छ । यी दुवै प्रकारका व्यक्तिभन्दा उत्तम व्यक्ति त अविनाशी परमेश्वर परमात्मा हुन्, जसले तीनै लोकमा प्रवेश गरेर सबैको भरणपोषण गरिरहेका छन् । परमेश्वर नाशवान् शरीरभन्दा निकै टाढा छन् भने अविनाशी जीवात्माभन्दा पनि उनी उत्तम छन् । त्यसैले लोक र वेदमा पनि उनी 'पुरुषोत्तम' नामले प्रसिद्ध भएका हुन् ।

जुन ज्ञानी व्यक्तिले परमेश्वरलाई पुरुषोत्तम भनेर चिन्दछ वा जान्दछ, त्यस्तो सर्वज्ञ व्यक्तिले सबै प्रकारले उनै परमेश्वरलाई नै प्राप्त गर्दछ वा सांसारिक बन्धनबाट मुक्त भई वास्तविक परमधाममा पुग्दछ । भगवान्को यस किसिमको रहस्यलाई तत्त्वपूर्वक जान्ने शरीरधारी व्यक्ति बुद्धिमान्मात्र होइन, कृतकृत्य पनि हुन्छ ।

❑

दैवी र आसुरी भाव

हामीले स्वर्ग, मर्त्य र पाताल तीन प्रकारका लोकको नाम सुनेका छौं र तिनलाई उच्च, मध्य र निम्न लोक ठान्न सकिन्छ । तिनमा रहने व्यक्तिलाई हामीले देवता, मनुष्य र राक्षस भनेर चिन्दछौं । अधिकांश गुणैगुणले युक्त भएका व्यक्तिलाई देवता, धेरैभन्दा धेरै अवगुणहरू भएका व्यक्तिलाई राक्षस र गुण एवम् अवगुणको सन्तुलन मिल्न मिल्न खोजेका व्यक्तिलाई मनुष्य ठानिन्छ । स्वर्ग र नरक दुवै लोकलाई हामीले देखेका छैनौं तर हामीले देखिरहेको र बाँचिरहेको आधारभूमि मर्त्यलोकमा पनि मान्छेमात्र होइन देवता र राक्षसहरूलाई हामीले भेट्टाउन सक्छौं । धेरैभन्दा धेरै अवगुण हुने मान्छेलाई हामीले निन्दा गर्छौं र त्यस्ता मान्छेलाई 'कस्तो राक्षसजस्तो रहेछ' भनेर हामीले मान्छेको जुनिभन्दा तल्लो स्तरको व्यवहार गर्न रुचाउँछौं । अधिकांश गुणैगुणले सम्पन्न भएका मान्छेलाई हामीले 'कस्तो देवताजस्तो रहेछ' भनेर देवतालाई जस्तै सम्मानभाव व्यक्त गर्न हामी पछि पर्दैनौं । हामीले रामायण, महाभारत आदि पढ्दा पनि रावण र दुर्योधनजस्तो बन्नु हुँदैन राम र युधिष्ठिरजस्तो बन्नुपर्दो रहेछ भन्ने शिक्षा प्राप्त गर्दछौं । हामीले आफ्ना आसुरी भावलाई क्रमशः अन्त्य गर्दै आफूमा दैवी भावको

विस्तार गर्नुपर्छ भन्ने चेतना पनि त्यस्तै नैतिक शिक्षाले प्रदान गर्दछ । वर्तमानमा हाम्रा आचरणहरू क्रमशः आसुरी प्रवृत्तितर्फ उन्मुख हुँदै गएका छन् भने हाम्रा दैवी भावहरू सङ्कटमा पर्दै गएका छन् तापनि हामीले आफ्ना आचरणहरू आसुरी होइन दैवी प्रवृत्तिका भइदिऊन् भन्ने अपेक्षा राख्न भने छाडेका छैनौं ।

भयको अभाव, आन्तरिक र बाह्य शुद्धतामा सचेतता, तत्त्वज्ञानका लागि ध्यानयोगमा पूर्ण संलग्नता, सात्त्विक वस्तुको दान, इन्द्रियहरूलाई अधीनमा राख्नु, देवता र गुरुजनको पूजा गर्नु, शास्त्रहरूको पठनपाठन गर्नु, स्वधर्म पालनाका लागि कष्टपूर्ण तपस्या गर्नु, सरल व्यवहार अपनाउनु, मन, वचन र कर्मले कसैलाई कष्ट नदिनु, सत्यतथ्य बोल्नु, आफ्नो कुभलो चिताउनेप्रति पनि नरिसाउनु, सम्पूर्ण कर्महरूमा कर्तापनको अभिमान नगर्नु, चित्त चञ्चल नगरी शान्त हुनु, कसैको पनि निन्दा आदि नगर्नु, सम्पूर्ण प्राणीहरूमा विनाकारण दया गर्नु, लोभ नगर्नु, कोमल हुनु, लोकविरुद्ध र शास्त्रविरुद्धका आचरण गर्न लाज मान्नु, व्यर्थ चिन्तन नगर्नु, अरूलाई प्रभावित गर्नसक्ने खालको तेजको विकास गर्नु, क्षमाशील हुनु, धैर्य धारण गर्नु, कसैप्रति पनि शत्रुतापूर्ण व्यवहार नगर्नु र आफूलाई पूज्य ठान्ने अभिमान पनि नगर्नु यी सबै दैवी सम्पदालाई लिएर जन्मिएका व्यक्तिका परिचायक लक्षणहरू हुन् । यस्ता गुणले दैवी भाव वा प्रवृत्तिको प्रतिनिधित्व गर्दछन् । त्यसैगरी दम्भ, घमन्ड, अभिमान, क्रोध, कठोरता र अज्ञान आसुरी सम्पदा वा भावलाई लिएर उत्पन्न भएका व्यक्तिका लक्षणहरू हुन् । दैवी सम्पदा मोक्षका लागि हो

भने आसुरी सम्पदा सांसारिक बन्धनका लागि हो । त्यसैले दैवी सम्पदालाई लिएर जन्मिएका अर्जुनजस्ता व्यक्तिले शोक गर्नु निरर्थक छ ।

यस संसारमा प्रवृत्तिगत रूपमा मुख्यतः दैवी र आसुरी गरी दुई प्रकारका मान्छेहरू हुन्छन् । तीमध्ये दैवी प्रवृत्ति भएका मान्छेहरूको सामान्य परिचय माथि उल्लेख गरिसकिएको छ । आसुरी प्रवृत्तिका व्यक्तिले प्रवृत्ति र निवृत्ति दुवैलाई जान्दैनन् । त्यसैले यस्ता व्यक्तिहरूमा न भित्रीबाहिरी शुद्धता हुन्छ, न श्रेष्ठ आचरण हुन्छ, न त तिनीहरूले सत्य बोल्न नै सक्तछन् । यो जगत् आश्रयरहित छ, सर्वथा असत्य छ, ईश्वरविनाको छ, स्त्री र पुरुषको संयोगबाट आफै उत्पन्न भएको हो, कामवासना नै यसको कारण हो र यसबाहेक अरू केही छैन भन्ने धारणा आसुरी प्रवृत्तिका व्यक्तिहरूले राख्तछन् । यस किसिमको मिथ्या ज्ञानलाई अवलम्बन गरेका कारण जसको स्वभाव नष्ट भएको छ अनि जसको बुद्धि पनि मन्द भएको छ यस किसिमको अपकार गर्ने उग्र स्वभावका व्यक्तिद्वारा संसारको प्रगति होइन अवनति नै हुन्छ ।

दम्भ, मान र घमण्डले युक्त भएका आसुरी प्रवृत्तिका व्यक्तिहरू कहिल्यै कुनै प्रकारले पूरा हुन नसक्ने कामनाहरूको आश्रय लिएर अज्ञानद्वारा मिथ्या सिद्धान्तलाई र भ्रष्ट आचरणहरूलाई ग्रहण गरेर संसारमा घुमिरहन्छन् । मृत्युपर्यन्त अनेकौं चिन्ताहरूको आश्रय लिई विषयवासनाहरू भोग्न तत्पर भएर अनि 'यतिमा नै सुख छ' भन्ने सङ्कुचित धारणा राख्नमा पनि उनीहरू केन्द्रित रहन्छन् । आशारूपी

सयौं फाँसीहरूले बाँधिएका त्यस्ता व्यक्तिहरू काम र क्रोधको परायण भएर विषयवासनाहरूको भोगका लागि अन्यायपूर्वक धन आदि वस्तुहरू सङ्ग्रह गर्ने चेष्टा गर्दछन् ।

आसुरी प्रवृत्तिका व्यक्तिहरूले मैले आज यो प्राप्त गरैं, अब यस्तो मनोरथ पूरा गर्नेछु, मसँग यति धन छ र फेरि यो पनि हुनेछ भन्ने सोच्तछन् । त्यो शत्रु मद्वारा मारियो, अरू शत्रुहरूलाई पनि मैले मार्नेछु, म ईश्वर हुँ, म भोगी हुँ, म सिद्ध हुँ, बलवान् हुँ र सुखी पनि हुँ भन्ने सोच आसुरी प्रवृत्तिका व्यक्तिमा हुन्छ । म ठूलो, धनी र आफन्तीहरूले सम्पन्न छु, मसमान अर्को को छ ?, मैले यज्ञ गर्नेछु, दान दिनेछु र खुसियाली मनाउनेछु भनी अज्ञानद्वारा मोहित भएर, मोहरूपी जालद्वारा घेरिएर अनि विषयवासनाहरूमा अत्यन्त आसक्त भएर आसुरी प्रवृत्तिका व्यक्तिहरू अपवित्र नरकमा खस्तछन् ।

आफूले आफैलाई सर्वश्रेष्ठ ठान्ने त्यस्ता आसुरी प्रवृत्ति भएका व्यक्तिहरू धन र मानको घमन्डले युक्त भएर नाममात्रको अशास्त्रीय यज्ञ गर्दछन् । साथै त्यस्ता व्यक्तिहरू अहङ्कारी हुनाका साथै बल, घमन्ड, कामना र क्रोधले युक्त हुन्छन् भने अर्काका शरीरमा रहेका भगवान्सँग द्वेष गर्न अग्रसर हुन्छन् । भगवान्ले त्यस्ता द्वेषी, क्रूरकर्मी र नराधमहरूलाई संसारमा बारम्बार आसुरी योनिमा फालिदिन्छन् । भगवान्लाई प्राप्त गर्न नसकेर त्यस्ता मूढ व्यक्तिहरूले नै जन्मजन्मान्तरसम्म आसुरी योनिलाई प्राप्त गर्दछन् र त्यसभन्दा पनि अझ घोर नरकमा पुग्दछन् ।

काम, क्रोध र लोभ यी तीन प्रकारका नरकका द्वार हुन् । यिनले आत्मालाई अधोगतिमा पुऱ्याउँछन् । त्यसैले यी तीनवटै दुष्प्रवृत्तिलाई त्याग गर्नु आवश्यक छ । नरकका यी तीनवटै द्वारबाट मुक्त भएका व्यक्तिले आफ्नो कल्याणको आचरण गर्दछ र त्यसपछि उसले परमात्मालाई प्राप्त गर्दछ । यसका विपरीत जुन व्यक्तिले शास्त्रविहित आचरणलाई छाडेर आफ्नो इच्छानुसार आचरण गर्दछ, त्यस व्यक्तिले सफलता, परमगति र सुख पनि प्राप्त गर्न सक्तैन । त्यसैले कर्तव्य र अकर्तव्यको व्यवस्थामा शास्त्र नै प्रमाण छ भन्ने कुरा बुझेर प्रत्येक व्यक्तिले शास्त्रमा विधान गरिएका कर्ममात्र गर्नुपर्छ र आसुरी प्रवृत्तिलाई छाडेर दैवी प्रवृत्तितर्फ अग्रसर हुनुपर्छ ।

❑

तीन किसिमका श्रद्धा

आस्था, निष्ठा, विश्वास वा भरोसाको नाम नै श्रद्धा हो । आदर वा सम्मानलाई पनि श्रद्धा भनिन्छ । पढेलेखेकाले मात्र होइन अनपढले पनि श्रद्धापूर्वक कर्म गर्न सक्छन् । शास्त्रमा बताइएका आचरणहरू नजान्ने वा तिनलाई पालना गर्न नसक्नेले पनि श्रद्धाभावका साथ देवता, गुरुजन आदिको पूजा वा सम्मान प्रकट गरिरहेका हुन्छन् । त्यसरी शास्त्रीय संस्कारहरूले रहित भए पनि अनन्त जन्ममा गरिएका कर्महरूको सञ्चित संस्कारबाट उत्पन्न हुने स्वाभाविक श्रद्धाहरू सात्त्विकी, राजसी र तामसी गरी तीन किसिमका हुन्छन् ।

सबै मान्छेको श्रद्धा उसको अन्तःस्करणअनुरूप हुन्छ । मान्छेहरू श्रद्धामय नै हुन्छन् । त्यसैले जुन व्यक्ति जस्तो श्रद्धाले युक्त छ, वास्तवमा मान्छेको परिचय पनि त्यही नै हो । सात्त्विक व्यक्तिले देवतालाई पूजा गर्दछ भने राजस व्यक्तिले राक्षसलाई र तामस व्यक्तिले भूतप्रेतलाई पूजा गर्दछन् । जुन व्यक्ति शास्त्रीय आचरणले रहित भएर इच्छानुसार घोर तपस्या गर्छन्, दम्भ र अहङ्कारले युक्त छन् र शरीरधारी प्राणीहरूलाई एवम् शरीरको भित्री तहमा रहने परमात्मा परमेश्वरलाई पनि शरीर सुकाएर दुःख दिन्छन्, त्यस्ता अज्ञानीहरू आसुरी प्रवृत्तिका मानिन्छन् ।

जसरी हामीलाई आआफ्नो स्वभावअनुसार तीन प्रकारको भोजन प्रिय हुन्छ, त्यसैगरी यज्ञ, तपस्या र दान पनि तीन तीन प्रकारका हुन्छन् । आयु, बुद्धि, बल, आरोग्य, सुख एवम् प्रीतिलाई बढाउने, रसिलो, चिल्लो, धेरै समयसम्म स्थिर रहने र मनले रुचाउने किसिमको भोजन सात्त्विक व्यक्तिका लागि प्रिय हुन्छ । टर्रो, अमिलो, नुनिलो, अत्यन्त तातो, तीखो, रूखो, पोल्ने तथा दुःख, चिन्ता र रोगहरू बढाउने भोजन राजस व्यक्तिले मन पराउँछन् । कचल्टिएको, रसविहीन, दुर्गन्धित, बासी, जूठो र अपवित्र भोजन तामस व्यक्तिका लागि प्रिय हुन्छ ।

जसले शास्त्रविहित यज्ञ गर्नु नै आफ्नो कर्तव्य ठान्दछ र फलको आकाङ्क्षा नै नराखीकन मन लगाएर यज्ञ गर्दछ, त्यस्तो यज्ञलाई सात्त्विक यज्ञ भनिन्छ । त्यसैगरी दम्भाचरणका लागि र फलको अपेक्षा राखेर गरिने यज्ञलाई राजस यज्ञ भनिन्छ भने शास्त्रीय विधिले विहीन, अन्नदानविना, मन्त्रविना, दक्षिणाविना र श्रद्धाविना गरिने यज्ञलाई तामस यज्ञ भनिन्छ ।

देवता, ब्राह्मण, माता, पिता, आचार्य आदि गुरुजन र ज्ञानीजनहरूको पूजा, पवित्रता, सरलता र अहिंसालाई शारीरिक तपस्या भनिन्छ । कसैलाई उत्तेजित नगराउनु, हितकर र सत्य वचन बोल्नु, शास्त्रादिको स्वाध्ययन गर्नु र भगवान्को नामसङ्कीर्तनसम्बन्धी अभ्यास गर्नुलाई वाङ्मयिक वा वाचिक तपस्या भनिन्छ । मनलाई प्रसन्न बनाउनु, शान्त एवम् मौन रहनु, मनलाई वशमा राख्नु र आन्तरिक भावहरू प्रशोधन गर्नुलाई मानसिक तपस्या भनिन्छ । फलको

इच्छा नराख्ने योगीजनले अत्यन्त श्रद्धापूर्वक गर्ने उपर्युक्त कायिक, वाचिक र मानसिक तीन प्रकारका तपस्यालाई सात्त्विक तपस्या भनिन्छ । जुन तपस्या सत्कार, मान, पूजा वा अन्य कुनै स्वार्थका लागि आडम्बरपूर्वक गरिन्छ त्यस्तो अनिश्चित र क्षणिक फल दिने तपस्या नै राजस तपस्या हो । मूढतापूर्वक र दुःखपूर्वक अर्काको अनिष्ट गर्नका लागि गरिने तपस्यालाई तामस तपस्या भनिन्छ ।

दान दिनु नै कर्तव्य हो भन्ने भावनाले स्थान, समय र भोकानाङ्गा, दुःखी, रोगी, असमर्थ, भिक्षु आदि प्रत्युपकार नगर्ने पात्रलाई जुन दान दिइन्छ त्यस्तो दानलाई सात्त्विक दान भनिन्छ । जुन दान चन्दा आदिमा क्लेशपूर्वक प्रत्युपकारको प्रयोजनले र फल प्राप्त गर्ने उद्देश्यले दिइन्छ, त्यस्तो दानलाई राजस दान भनिन्छ । त्यस्तै जुन दान सत्कार नगरीकन तिरस्कारपूर्वक अयोग्य स्थान, समय र कुपात्रलाई दिइन्छ, त्यस्तो दानलाई तामस दान भनिन्छ ।

ॐ, तत् र सत् यी तीन प्रकारका परब्रह्मका नाम हुन् र यिनकै आधारमा सृष्टिको आदिकालमा ब्राह्मण, वेद र यज्ञको रचना गरिएको थियो । त्यसैकारणले वेदमन्त्रको शास्त्रविधिद्वारा गरिने यज्ञ, दान र तपस्यारूप क्रियाहरू सदैव 'ॐ' उच्चारण गरेर नै प्रारम्भ हुन्छन् । यस सन्दर्भमा 'तत्' शब्दद्वारा यो सबै परमात्माकै हो भन्ने कुराको बोध हुन्छ । यस किसिमको भावनाले फलको अपेक्षा नगरीकन यज्ञरूप, तपस्यारूप र दानरूप क्रियाहरू मोक्षको चाहना राख्ने व्यक्तिद्वारा गरिन्छन् । 'सत्' यो शब्द सद्भाव, साधुभाव र उत्तम कर्ममा पनि प्रयोग गरिन्छ । यज्ञ, तपस्या र दानमा

जुन स्थिति छ, त्यसलाई र परमात्माका लागि गरिएका कर्मलाई पनि 'सत्' नै भनिन्छ । यसका विपरीत श्रद्धाविना गरिएका हवन, दान, तपस्या र अन्य जुनसुकै कर्महरू असत् ठहरिन्छन् । त्यसरी गरिएका कर्महरू यस लोकमा र परलोकमा पनि लाभदायक हुन सक्तैनन् ।

हामीले गर्ने अधिकांश कर्महरू राजसी वा तामसी प्रवृत्तिका छन् र तिनलाई क्रमशः निरुत्साहित गर्दै सात्त्विक कर्म गर्न हाम्रा पाइलाहरू अग्रसर हुनु आवश्यक छ । श्रद्धापूर्वक गरिने हाम्रा कर्महरू सात्त्विक हुनुपर्छ, सत्कर्मयुक्त हुनुपर्छ । असत्कर्म गर्दा यस लोकमा मात्र होइन परलोकमा समेत दुःख भोग्नुपर्ने र परमात्माले समेत त्यस्ता कर्मलाई अस्वीकार गर्ने भएकाले हामीले सत्कर्म गर्नु आवश्यक छ । तबमात्र हामीले गरेका सारा कर्महरूलाई 'ॐ तत्सत् न मम' भनेर उनै परमात्मामा समर्पण गर्नु सार्थक ठहरिने छ ।

❑

त्याग र सन्न्यास

कतिपय विद्वान्हरूले श्रीमती, छोराछोरी, धनसम्पत्ति आदि प्रिय वस्तुहरूको प्राप्ति र भय, रोग, दुःख आदि अप्रिय वस्तुको निवारणका लागि गरिने यज्ञ, दान, तपस्या, उपासना आदि काम्य कर्महरूको त्याग गर्नुलाई सन्न्यास भन्दछन् भने कतिपय विचारकहरूले ईश्वरको भक्ति, देवीदेवताको पूजा, माता, पिता, गुरु आदिको सेवा, खानपिन आदि जति पनि कर्महरू छन् ती सबैमा यस लोकका र परलोकका सम्पूर्ण कामनाहरूको त्याग गर्नुलाई वास्तविक त्याग भन्दछन् ।

वास्तवमा यज्ञरूप, दानरूप र तपस्यारूप कर्महरू त्याग्न योग्य नभएकाले त्यस्ता कर्महरू सदैव गरिरहनुपर्छ । किनकि यी तीनै प्रकारका कर्मले नै बुद्धिमान् व्यक्तिलाई पवित्र बनाउँछन् । त्यसैले आसक्ति र फलको अपेक्षा नराखीकन यी र यस्तै अन्य सबै कर्तव्य कर्महरू गरिरहनुपर्छ । भगवान्ले पनि यसैलाई उत्तम विचार ठानेका छन् । मुख्यतया त्याग सात्त्विक, राजस र तामस तीन प्रकारका हुन्छन् । निषिद्ध कर्म र काम्य कर्महरूलाई त्याग गर्नु उचित नै भए पनि शास्त्रमा विधान गरिएका वर्णाश्रमका धर्म र सामान्य धर्मरूप स्वाभाविक, सहज वा नियतकर्मलाई भने त्याग गर्नु हुँदैन । मोहवश त्यस्ता कर्मलाई त्याग गर्नु भनेको तामस त्याग

हो । जति पनि कर्म छन् ती सबै दुःखैदुःखले पूर्ण छन् भन्ने सोचेर शारीरिक दुःखको डरले कर्तव्य कर्मलाई त्याग गर्नुलाई राजस त्याग भनिन्छ र त्यसरी त्याग गर्नाले कुनै पनि प्रकारको त्यागको फल प्राप्त गर्न सकिँदैन । शास्त्रविहित कर्म गर्नु नै कर्तव्य हो भन्ने भावनाले आसक्ति र फललाई त्याग गर्नु नै सात्त्विक त्याग हो ।

जुन व्यक्ति अकुशल कर्मसँग द्वेष गर्दैन र कुशल कर्ममा पनि आसक्त हुँदैन, त्यस्तो सत्त्वगुणले सम्पन्न संशयरहित र मेधावी व्यक्ति नै त्यागी हो । किनभने शरीरधारी कुनै पनि व्यक्तिले सम्पूर्ण कर्महरूलाई त्याग गर्न सक्तैन । त्यसैले जसले कर्मको फललाई त्याग गर्दछ वा कर्मफलको अपेक्षा राख्दैन त्यही व्यक्ति नै वास्तवमा त्यागी हो । कर्मफललाई त्याग नगर्ने व्यक्तिका राम्रा, नराम्रा र मिश्रित तीन प्रकारका कर्मफल मरेपछि हुन्छन् भने सन्न्यासी वा कर्मफललाई त्याग गर्ने व्यक्तिका कर्महरूको फल कुनै पनि समयमा हुँदैन ।

कर्मको अन्त गर्ने उपाय बताउने साङ्ख्यशास्त्रमा सम्पूर्ण कर्महरूको सफलताका लागि अधिष्ठान, कर्ता, करण, विभिन्न चेष्टा र दैव पाँच कारणहरू उल्लेख गरिएका छन् । मान्छेले मन, वचन र शरीरद्वारा शास्त्रको अनुकूल वा प्रतिकूल जति पनि कर्म गर्छ, त्यसका लागि यी पाँच कारणहरू नै जिम्मेवार छन् । सत्सङ्ग गर्नाले, शास्त्रको चिन्तन गर्नाले र भगवत्कर्म एवम् उपासना गर्नाले व्यक्तिको बुद्धि शुद्ध हुन्छ परन्तु यसका अभावमा बुद्धि अशुद्ध हुन्छ । कर्म हुनुमा जसले आत्मालाई कर्ता ठान्छ त्यस्तो अज्ञानीले

केही पनि देख्न वा बुझ्न पनि सक्तैन । जुन व्यक्तिको अन्तर्हृदयमा 'म कर्ता हुँ' भन्ने भावना छैन र जसको बुद्धि सांसारिक पदार्थ वा कर्ममा लिप्त छैन त्यस्तो व्यक्ति सबै लोकलाई संहार गरेर पनि न संहारक ठहरिन्छ न त पापद्वारा नै बाँधिन्छ । कर्तव्यको अभिमान नगरीकन गरिएको कर्म वास्तवमा अकर्म नै हुने भएकाले त्यसको कर्ता दोषी ठहरिँदैन ।

ज्ञान, ज्ञेय र ज्ञाता तीन प्रकारको कर्मप्रेरणा हुन्छ भने कर्मसङ्ग्रह कर्ता, करण र क्रिया गरी तीन किसिमको हुन्छ । साङ्ख्यशास्त्रमा गुणका भेदले ज्ञान, कर्म र कर्तालाई तीन तीन प्रकारमा विभाजन गरिएको छ । जुन ज्ञानद्वारा मनुष्य भिन्नभिन्न सबै प्राणीहरूमा एउटा अविनाशी परमात्मालाई विभागरहित समभावले रहेको देख्छ त्यस्तो ज्ञानलाई सात्त्विक ज्ञान भनिन्छ । परन्तु जसले जुन ज्ञानद्वारा भिन्न भिन्न प्राणीहरूमा भिन्नभिन्न भाव वा कर्मलाई अलगअलग बुझ्दछ, त्यस्तो ज्ञानलाई राजस ज्ञान ठानिन्छ । त्यसैगरी जुन एक कार्यरूप शरीरमा नै सम्पूर्णजस्तै भएर आसक्त छ, जो कारणरहित छ, तत्त्वविहीन छ र तुच्छ छ त्यस्तो ज्ञानलाई तामस ज्ञान भनिन्छ ।

जुन कर्म शास्त्रविहित छ, आसक्ति वा कर्तापनको अभिमानले रहित छ र फल नचाहने व्यक्तिद्वारा राग र द्वेष नराखीकन गरिन्छ त्यस्तो कर्मलाई सात्त्विक कर्म भनिन्छ । यसका विपरीत जुन कर्म अत्यन्त परिश्रमले युक्त छ, भोग चाहने र अहङ्कारले भरिएका व्यक्तिद्वारा गरिएको छ त्यस्तो कर्म राजस कर्म हो । यसैगरी जुन कर्म प्रतिफल, हानि,

हिंसा र सामर्थ्यलाई विचार नगरीकन मोह वा अज्ञानद्वारा आरम्भ गरिन्छ त्यस्तो कर्मलाई तामस कर्म भनिन्छ ।

जुन कर्ता आसक्तिले रहित छ, अहङ्कारी छैन, धैर्य र उत्साहले युक्त छ र कार्यको सफलता वा असफलतामा पनि हर्ष, शोक आदि प्रतिक्रियाहरू व्यक्त गर्दैन त्यस्तो कर्ता सात्त्विक कर्ता हो । जुन कर्ता आसक्तिले युक्त कर्मफललाई चाहन्छ, लोभी छ, अरूलाई दुःख दिने प्रवृत्तिको छ, आचरण अपवित्र छ र हर्ष एवम् शोकमा लिप्त छ त्यस्तो कर्तालाई राजस कर्ता भनिन्छ । त्यस्तै जुन कर्ता कुनै कर्ममा संलग्न छैन, प्राकृत वा अशिक्षित छ, घमन्डी छ, धूर्त छ, बदमास छ, चिन्ता गर्छ, अल्छी छ र दीर्घसूत्री पनि छ त्यस्तो कर्ता तामस कर्ता हो ।

गुणका आधारमा ज्ञान, कर्म र कर्ताजस्तै बुद्धि र धृति वा धारणा पनि तीनतीन प्रकारका हुन्छन् । जुन बुद्धि प्रवृत्तिमार्ग अर्थात् गृहस्थाश्रममा रहेर पनि फल र आसक्तिलाई त्यागेर भगवान्लाई अर्पण गरिएको बुद्धिले केवल लोकशिक्षाका लागि राजा जनकले जस्तै आचरण गर्ने, निवृत्तिमार्ग अर्थात् देहाभिमानलाई छाडेर परमात्मामा एकचित्त लगाउने शुकदेव र सनकादिले जस्तै आचरण गर्ने, कर्तव्य र अकर्तव्य, भय र अभय तथा बन्धन र मोक्षलाई समेत यथार्थ रूपमा जान्ने बुद्धिलाई सात्त्विक बुद्धि भनिन्छ । जुन बुद्धिद्वारा धर्म र अधर्मलाई तथा कर्तव्य र अकर्तव्यलाई यथार्थ रूपमा जान्न सकिँदैन त्यस्तो बुद्धि राजसी बुद्धि हो । अन्धकारले ढाकिएर अधर्मलाई पनि 'यो धर्म हो' भन्नु र अन्य सम्पूर्ण पदार्थहरूलाई पनि विपरीत ठान्ने बुद्धिलाई तामस बुद्धि भनिन्छ ।

भगवद् विषयबाहेक अन्य सांसारिक विषयहरूलाई धारणा गर्नु नै व्यभिचार दोष हो । त्यस दोषले रहित हुने धारणा नै अव्यभिचारिणी धारणा हो । यस किसिमको धारणाशक्तिले ध्यानयोगद्वारा मन, प्राण र इन्द्रियहरूका क्रियालाई धारण गर्नु नै सात्त्विक धारणा हो । फलको इच्छा राख्ने मान्छेले जुन धारणाशक्तिद्वारा अत्यन्त आसक्त भएर धर्म, अर्थ र कामलाई धारण गर्छ त्यसलाई राजसी धारणा भनिन्छ । दुष्टबुद्धि भएका व्यक्तिले जुन धारणाशक्तिद्वारा निद्रा, भय, चिन्ता, दुःख र उन्मत्ततालाई छाड्दैन वा धारण गरिरहन्छ त्यस्तो धारणाशक्ति नै तामस धारणा हो ।

गुणका दृष्टिले सुख पनि तीन किसिमको हुन्छ । जुन सुखमा मान्छे भजन, ध्यान, सेवा आदि अभ्यासद्वारा रमाउँछ र जसमा दुःखको अन्त्य हुन्छ त्यंस्तो आरम्भकालमा विषजस्तो भए पनि परिणाममा अमृतसमान हुने परमात्माविषयक बुद्धिको प्रसादद्वारा उत्पन्न हुने सुखलाई सात्त्विक सुख भनिन्छ । जुन सुख विषय र इन्द्रियहरूको संयोगद्वारा उत्पन्न हुन्छ र भोगकालमा अमृतजस्तो प्रतीत भए पनि परिणाममा बल, वीर्य, बुद्धि, धन, उत्साह र परलोकको नाशक हुने भएकाले विषसमान हुन्छ त्यस्तो सुख राजस सुख हो । जुन सुख भोगकालमा र परिणाममा पनि आत्मालाई मोहित गर्छ त्यस्तो निद्रा, आलस्य र प्रमादद्वारा उत्पन्न हुने सुखलाई तामस सुख भनिन्छ । पृथ्वी, आकाश, देवता र अन्यत्र पनि सत्त्व, रज र तम यी तीनवटै गुण फैलिएका छन् । ब्राह्मण, क्षत्रिय, वैश्य र शूद्रका कर्महरू पनि स्वभावद्वारा उत्पन्न गुणका आधारमा विभाजन गरिएको छ ।

शान्त रहनु, इन्द्रियहरूलाई दमन गर्नु, तपस्या गर्नु वा धर्मपालनका लागि कष्ट सहनु, आन्तरिक एवम् बाह्य रूपमा शुद्ध हुनु, क्षमा दिनु, सरल व्यवहार गर्नु, वेद, शास्त्र, ईश्वर, परलोक आदिको ज्ञान गर्नु वा श्रद्धा राख्नु, वेदादि शास्त्रको अध्ययन गर्नु र आस्तिक्य वा परमात्माको चिन्तन गर्नु ब्राह्मणका स्वाभाविक कर्म हुन् । शौर्य, तेज, धैर्य, चातुर्य, युद्धमा नभाग्नु, दान दिनु र स्वामिभावलाई क्षत्रियका स्वाभाविक कर्म मानिन्छ । खेतीपाती गर्नु, गाईवस्तु पाल्नु र क्रयविक्रयरूप सद्व्यवहार गर्नु वैश्यका स्वाभाविक कर्म हुन् भने सबैको सेवा गर्नु शूद्रको स्वाभाविक कर्म हो ।

आआफ्ना स्वाभाविक कर्महरूमा तत्पर भएर लागेका व्यक्तिहरूले आआफ्ना कर्ममा मात्र होइन भगवत्प्राप्तिरूप कर्ममा पनि विशेष सफलता प्राप्त गर्दछन् । जुन परमेश्वरद्वारा सम्पूर्ण प्राणीहरूको उत्पत्ति भएको छ र जसद्वारा यो समस्त जगत् व्याप्त छ त्यस्ता परमेश्वरको आफ्नो स्वाभाविक कर्महरूद्वारा पूजा गरेर मान्छेले परमसिद्धि प्राप्त गर्दछ । राम्रोसँग आचरण गरिएको अर्काको धर्मभन्दा गुणरहित भए पनि आफ्नै धर्म महान् हुन्छ किनभने स्वभावद्वारा निश्चित गरेर अँगालिएको स्वधर्मरूप कर्म गर्दै गर्दा कहिल्यै पनि पापको भागी हुनु पर्दैन । त्यसैले दोषयुक्त भए तापनि स्वाभाविक वा सहज कर्मलाई त्याग्नु हुँदैन । किनभने धुँवाद्वारा आगो व्याप्त भएजस्तै सबै कर्महरू कुनै न कुनै दोषले युक्त छन् ।

सर्वत्र आसक्तिरहित बुद्धि भएको, कुनै अभिलाषा नभएको र आत्मालाई जितेको व्यक्तिले साङ्ख्ययोगद्वारा

नैष्कर्म्यसिद्धिलाई प्राप्त गर्दछ । जुन ज्ञानयोगको परानिष्ठा छ त्यो मान्छेले नैष्कर्म्यसिद्धिका माध्यमबाट परब्रह्मलाई प्राप्त गर्दछ । विशुद्ध बुद्धिले युक्त भएको, थोरै खाने, शब्दादि विषयलाई त्यागेर एकान्त र पवित्र स्थललाई रुचाउने, अन्तःस्करण र इन्द्रियहरूलाई संयम गरी मन, वचन र शरीरलाई वशमा राख्ने, राग र द्वेषलाई त्यागेर वैराग्य प्राप्त गरेको, अहङ्कार, बल, घमन्ड, काम, क्रोध र दानादि परिग्रहलाई त्यागेर सदैव ध्यानयोगमा परायण भइरहने, ममतारहित र शान्तियुक्त व्यक्ति परब्रह्मलाई प्राप्त गर्न योग्य ठहरिन्छ ।

परब्रह्ममा एकीभाव भएर रहेको र मन प्रसन्न भएको योगीले न कसैका लागि शोक गर्दछ न केही कुराको आकाङ्क्षा नै राख्तछ । त्यस्तो सबै प्राणीहरूमा समभाव राख्ने योगीले जसलाई प्राप्त गरेपछि जान्नका लागि बाँकी केही पनि रहन्न त्यस्तो पराभक्तिलाई प्राप्त गर्दछ । त्यस पराभक्तिका माध्यमबाट भगवान्लाई जे हुन् र जति छन् यथार्थ वा तात्त्विक रूपमा जस्ताको तस्तै जानेर तत्काल परमेश्वरमा प्रविष्ट हुन सकिन्छ । भगवान्मा परायण भएको कर्मयोगीले सम्पूर्ण कर्महरूलाई सदैव गरिरहे पनि भगवान्का कृपाले शाश्वत र अविनाशी परमपदलाई प्राप्त गर्दछ । तसर्थ हामीले गर्ने सबै कर्महरू मनद्वारा भगवान्मा समर्पण गर्नाका साथै समबुद्धिरूप योगलाई अवलम्बन गरेर भगवत्परायण भई सदैव भगवान्मै दत्तचित्त हुनु आवश्यक छ । यसो हुन सकेमा भगवान्का कृपाले हाम्रा सम्पूर्ण सङ्कटहरू सजिलै हट्नेछन् । परन्तु यसका अभावमा भगवान्को वचन नसुन्दा

हाम्रै नष्ट हुनेछ । परमार्थ प्राप्तिबाट हामीहरू नै वञ्चित हुनेछौं ।

अर्जुनले झैं हामीले पनि जुन कर्मलाई मोहका कारण गर्न चाहँदैनौं परन्तु आफ्नो पूर्वकृत स्वाभाविक कर्मद्वारा बाँधिएर हामी त्यस्ता कर्महरू गर्न बाध्य हुन्छौं । शरीररूपी यन्त्रमा आरूढ भएका सम्पूर्ण प्राणीहरूलाई अन्तर्यामी परमेश्वर आफ्नो मायाद्वारा कर्मअनुसार भ्रमण गराउँदै सबै प्राणीहरूको हृदयमा बास गरेका हुन्छन् । त्यसैले हामी सबै प्रकारले उनै परमेश्वरको शरणमा जानुपर्छ । उनकै कृपाले हामीहरूले परमशान्ति र सनातन परमधामलाई पनि प्राप्त गर्न सक्नेछौं ।

हामीले भगवान्मा मन लगाउनुपर्छ । भक्त बनेर उनको पूजा र अभिवादन गर्नुपर्छ । यसो गर्न सकेमा हामीले भगवान्लाई नै प्राप्त गर्न सक्नेछौं र भगवान्को प्रिय बन्नेछौं । सम्पूर्ण धर्म अर्थात् सम्पूर्ण कर्तव्यकर्महरूलाई भगवान्मै समर्पण गरेर हामीहरू भगवान्कै शरणमा जानुपर्छ । त्यस अवस्थामा भगवान्ले हामीलाई सम्पूर्ण पापहरूबाट मुक्त गरिदिने छन् र शोक गरिरहनुपर्ने अवस्था पनि आउने छैन ।

तपस्या वा उपासना नगर्नेलाई, भक्तिभाव नभएकालाई, सुन्ने इच्छा नराख्नेलाई र भगवान्माथि दोषदृष्टि राख्नेहरूलाई कुनै पनि समयमा श्रीमद्भगवद्गीताको यस रहस्यलाई बताउनु हुँदैन । भगवान्प्रति अत्यन्त भक्तिभाव राख्ने भक्तप्रति जसले गीताको यस रहस्यलाई सुनाउँछ त्यसले निःसन्देह भगवान्लाई नै प्राप्त गर्नेछ । पृथ्वीलोकमा यसभन्दा बढ्ता

भगवान्‌को कोही पनि प्रिय हुन सक्तैन र भविष्यमा समेत यसभन्दा बढ्ता प्रिय व्यक्ति अर्को कोही हुन सक्तैन । जसले यो गीताशास्त्रलाई पढ्छ उसको ज्ञानयज्ञद्वारा भगवान् पूजित हुनेछन् । जसले दोषदृष्टि नराखीकन श्रद्धाभावले यसलाई श्रवण गर्दछ त्यो व्यक्ति पापद्वारा मुक्त भई उत्तम कर्म गर्नेहरूकै श्रेष्ठ लोकमा पुग्नेछ ।

जहाँ योगेश्वर कृष्ण छन् र जहाँ धनुर्धारी अर्जुन रहेका छन् अर्थात् दुवैको संवादात्मक चर्चामा कर्म, भक्ति, ज्ञान, मोक्ष र सन्न्यासका अजस्र ज्ञानधाराहरू प्रवाहित भइरहेका छन् त्यहाँ नै धनसम्पत्ति, विजय, ऐश्वर्य र अचल रूपमा नैतिकता पनि रहिरहने कुरा सुनिश्चित छ ।

❑ ❑

दिल्लीरमण-कल्याणी रेग्मी स्मारक पुस्तकालय
Dilliraman-Kalyani Regmi Memorial Library
1997
Kathmandu Nepal
काठमाडौं, नेपाल
२८८३८

बागलुङमा जन्मेर नवलपरासीलाई कर्मथलो बनाउँदै आउनुभएका डा.मतिप्रसाद ढकाल नेपाल संस्कृत विश्वविद्यालयका सहप्राध्यापक हुनुहुन्छ । उहाँका पाणिनीय व्याकरण र नेपाली व्याकरणसँग सम्बद्ध ६ कृति तथा भानुभक्तीय रचनाको पाठभेदीय अनुसन्धानसँग २ कृति प्रकाशित भइसकेका छन् । निबन्धात्मक कृतिका रूपमा उहाँले २०७३ मा **चुँदीरम्घामा पुनर्जन्म, पुस्तकालयको भोक र म किन चिठी लेख्छु** तीन कृतिहरू प्रकाशनमा ल्याइसक्नुभएको छ भने **गीतामा के छ ?** उहाँको चौथो निबन्धात्मक कृति हो । भानु द्विशत वार्षिक सम्मान (२०७१) द्वारा सम्मानित तथा चिसाप कृष्णकृष्णा साहित्य पुरस्कार (२०७३) र रत्न-श्रेष्ठ पश्चिमाञ्चल क्षेत्रीय पुरस्कार (२०७३) द्वारा पुरस्कृत भइसक्नुभएका उहाँले भाषा-व्याकरण र पूर्वीय चिन्तनमा विशेष अभिरूचि राख्नुहुन्छ ।

A1S3

आकारमा सानो भएर पनि पूर्वीय ज्ञानको महासागर मानिने श्रीमद्‌भगवद्‌गीताका प्रत्येक अध्यायको सारांश खिचेर यसमा त्यसको आशयसमेत सरल र सहजरूपमा प्रस्ट पार्ने प्रयत्न गरिएको छ । कर्तव्यपालनाबाट विमुख हुँदै अधिकारको खोजीमा शारीरिक र मानसिक युद्धहरूको दुष्परिणाम भोगिरहेको वर्तमान समाजलाई आत्मसंयम, त्याग र समदर्शी दृष्टिकोणका साथ यथासमयमै अमूल्य मानव जीवनको मूल्यबोध गर्न प्रत्येक व्यक्तिका लागि गीताको साकार वा व्यावहारिक दर्शन अपरिहार्य छ भन्ने कुरातर्फ यसले सबैको ध्यान आकृष्ट गरेको छ । शरीरको नश्वरता र आत्माको अमरतालाई हृदयङ्गम गरी आसुरी भाव र सांसारिक प्रपञ्चहरूबाट क्रमशः सन्न्यास लिँदै नगएसम्म मानवजीवनको बारम्बार पुनर्जन्म भइरहने र वास्तविक मोक्ष वा परमधाम प्राप्त गर्न सकिँदैन भन्ने गीताको निराकार वा मोक्षदर्शनतर्फ पनि यसले पाठकहरूलाई सरलरूपमा डोर्‍याउन खोजेको छ ।

eureka
PUBLICATION

22500
9 789937 708289